साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क १७ ✪ ५ जेठ २०८३, मङ्गलबार ✪ 19 May 2026, Tuesday ✪ मूल्य रू. १०।-

## पुँजीवादी गणतन्त्रले बहुमत जनताको सेवा नगर्ने

रास्वपा कम्युनिस्ट पार्टीविरोधी भएको स्पष्ट भयो । रास्वपाका उपसभापतिले भने, "हामी कम्युनिस्ट होइनौँ ।" रास्वपा पुँजीवादी प्रजातन्त्रवादी हो कि पुँजीवादी गणतन्त्रवादी हो ? विदेशी शक्ति राष्ट्रहरूको उठबसमा चल्ने पार्टी हो कि भन्ने नेपाली जनतामाझ चर्चाको विषय बनेको छ । कम्युनिस्ट पार्टीको उद्देश्यअनुसार काम नगर्ने पार्टीले बहुमत जनताको पक्षमा काम गर्दैन भन्ने कुरा प्रस्ट छ । कम्युनिस्ट पार्टीको विरोध गर्ने दललाई कम्युनिस्ट पार्टीप्रति आस्था राख्ने मतदाताले भोट दिनु आफ्नै खुट्टामा बञ्चरोले हान्नुसरह मानिन्छ । त्यसो त गएको प्रतिनिधिसभाको निर्वाचनमा नेका, एमाले र माओवादीहरूले पनि रास्वपा र रास्वपाका उम्मेदवारलाई मत हालेका थिए ।

रास्वपाको दर्शन, सिद्धान्त र विचार के हो ? स्पष्ट छैन । रास्वपाले कुन वर्गका जनताको सेवा गर्न स्थापना भएको पार्टी हो ? कुनै पार्टीले सामन्त, पुँजीपति, जमिनदार, जालीफटाहा, प्रतिक्रियावादीहरूको सेवा गर्छ, बहुमत जनताको हितलाई छाड्छ भने त्यो कसरी जनताको पार्टी हुन्छ ? सामन्त र पुँजीपतिवर्गको हितको निम्ति स्थापना भएको पार्टीलाई मजदुर, किसान तथा सर्वसाधारण जनताले मतदान गर्नु, त्यो पार्टीमा लाग्नु आफूले आफूलाई धोका दिनु हो । पुँजीवादी प्रजातन्त्र र पुँजीवादी गणतन्त्र त वैज्ञानिक समाजवादको तुलनामा पछि परेकै व्यवस्था हो । अल्पमतवर्गको सेवाको निम्ति खोलिएको व्यवस्था हो पुँजीवादी व्यवस्था ।

शोषणमा आधारित पुँजीवादी गणतन्त्रले जनविरोधी र देशविरोधी गतिविधि गर्नु स्वाभाविक हो । पच्छिमी देशहरूमा औद्योगिक समाजको सुरुदेखि नै विभिन्न प्रकारका समाजवादी विचार एवं चिन्तन विकसित हुँदै वैज्ञानिक समाजवादसम्म आइपुगेको मार्क्सवाद एक तार्किक, वैज्ञानिक र ऐतिहासिक विश्लेषणबाट परिमार्जित दर्शनमा आधारित सिद्धान्त हो । वर्गसङ्घर्षको आन्तरिक र खुला रूपलाई साधारण कामदार जनताले आत्मसात गर्ने क्षमताको विकास नहोउञ्जेल सामन्ती र पुँजीवादी तत्त्वहरूले जनतामाथि रजाइँ गरिरहने छन्, गरिरहेका छन् । देश र जनताको निम्ति सङ्घर्षरत पार्टीलाई माथि नउठाउन देशी विदेशी प्रतिक्रियावादीहरूले अनेक चलखेल

बाँकी पृष्ठ १२




ग्रीसको राजधानी एथेन्समा भएको साम्राज्यवादविरोधी म्याराथन मार्च (जनप्रदर्शन) मा सहभागी ग्रीक जनता । ग्रीक कम्युनिस्ट पार्टीको आह्वानमा मे १७ र १८ का दिन भएको उक्त विशाल जनप्रदर्शनमा हजारौँ जनताको सहभागिता रहेको थियो भने उक्त जनप्रदर्शनको स्पष्ट सन्देश थियो : युद्ध र पुँजीवादीको निम्ति बलिदान होइन, प्यालेस्टिनको स्वतन्त्रता । क्युवामाथि हस्तक्षेप बन्द गर ।

*तस्बिर : द लेफ्ट च्याप्टर*

## युवाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय जानकारी राख्नुपर्ने




भक्तपुर । भक्तपुर नगरपालिका वडा नं. १ द्वारा सञ्चालन गरिएको दसदिने नि:शुल्क उद्घोषण (एमसी) तालिम शनिबार सम्पन्न भयो । युवाहरूको सार्वजनिक बोल्ने कला, मञ्च सञ्चालन क्षमता, आत्मविश्वास तथा सञ्चार दक्षता अभिवृद्धि गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको हो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले युवाहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषय जानकारीमा राख्नुपर्ने आवश्यकता औँल्याउँदै शब्द भण्डार पर्याप्त र भाषा शुद्ध हुनु जरुरी छ भन्नुभयो ।

उहाँले युवाहरूले अन्धविश्वास होइन, विज्ञानसम्मत विचार राख्नु आवश्यक भएको उल्लेख गर्दै नयाँ पुस्ताले कार्यक्रममा सहभागी हुनेहरूको मनोविज्ञान र पेसाअनुसार उद्घोषण गर्नु उपयुक्त हुन्छ भन्नुभयो ।

नेपालमा मतपत्र नचाहिने विद्युतीय मतदान र विदेशबाट र देशभित्रैबाट मतदानको चर्चा चलिरहेको विचार व्यक्त गर्दै उहाँले संरा अमेरिका र भारतमा यी दुवै प्रकारको मतदानमा धाँधली भएको पनि सार्वजनिक भएको बताउनुभयो ।

कार्यक्रममा कृष्णबहादुर दुगुजुले तालिमले युवाहरूको व्यक्तित्व विकास, नेतृत्व क्षमता तथा आत्मविश्वास अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति तथा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाले स्थानीय नागरिकको आवश्यकता र युवा पुस्ताको रुचिअनुसार विभिन्न सीपमूलक, व्यक्तित्व विकास तथा व्यावसायिक तालिमहरू सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । उहाँले नगरपालिकाले शिक्षा, स्वास्थ्य, संस्कृति, खेलकुद, कला तथा सञ्चार क्षेत्रसँग सम्बन्धित विविध कार्यक्रममार्फत स्थानीयवासीलाई प्रत्यक्ष लाभ पुऱ्याउँदै आएको उल्लेख गर्नुभयो ।

उहाँले युवाहरूलाई सकारात्मक तथा सिर्जनशील गतिविधिमा जोड्न नगरपालिकाले समयानुकूल कार्यक्रम सञ्चालन गरिरहेको बताउँदै उद्घोषण तालिम पनि त्यसैको एक महत्त्वपूर्ण उदाहरण भएको धारणा व्यक्त गर्नुभयो ।

बाँकी पृष्ठ १२

## अपराध न्यूनीकरण विषयमा स्थानीयसँग अभिमुखीकरण




भक्तपुर । भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा तुमचो दुगुरे आवास क्षेत्रमा अपराध न्यूनीकरण तथा सामाजिक सुरक्षा कायम गर्ने विषयमा स्थानीयवासीसँग बिहीबार अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरी सम्पन्न भएको तुमचो दुगुरे चोखा आवास क्षेत्रमा बस्ती विस्तारसँगै लागूपदार्थ दुर्व्यसनी, चोरी, अपराधलगायतका गतिविधिहरू रोक्ने तथा त्यहाँका बासिन्दाहरूबिच आपसी सद्भाव कायम गर्न सघाउ पुऱ्याउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको वडा कार्यालय स्रोतले जनाएको छ ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले तुमचो दुगुरे क्षेत्रमा सरकारी कार्यालय, विद्यालय कलेज र अस्पतालसमेत रहेको हुँदा स्थानीय बासिन्दा र विभिन्न उद्देश्यले अस्थायी बसोबास गर्न आएका जनताबिच आपसी सद्भाव कायम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले नयाँ पुस्तालाई सामाजिक उत्तरदायित्वबोध गराउन नैतिक शिक्षा दिनुपर्ने आवश्यकता औँल्याउँदै कानुनले अपराध मानी निषेध गरिएका गतिविधिहरू नगर्न र नगराउन टोलवासीहरू सचेत हुनुपर्ने बताउनुभयो ।

जिल्ला प्रहरी कार्यालय भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले भक्तपुरमा रातको समयमा घरको मूल ढोकाको चुकुल चोरी गर्ने, बालबालिकाहरूलाई ललाइफकाइ सुनका गहना लुट्ने, सडकमा रहेका फलामका सामग्रीहरू चोर्ने तथा सडक दुर्घटनाहरूको सङ्ख्या बढिरहेको चर्चा गर्दै अपराधका घटनाहरूबारे समयमै सूचना दिन सबैमा अनुरोध गर्नुभयो । लागूपदार्थ दुर्व्यसनी, 'ग्याङ फाइट', देहव्यापारजस्ता घटनाको उजुरी पनि आइरहेको उल्लेख गर्दै उहाँले विद्यालयलक्षित सचेतना कार्यक्रम गर्नुपर्ने बताउनुभयो ।

वडाध्यक्ष रवीन्द्र ज्याखवले अपराधबाट समाजलाई सुरक्षित राख्न सडक बत्ती, ट्राफिक व्यवस्थापन र सीसी क्यामरा जडानलगायतका कार्यहरू गर्दै आएको बताउनुभयो ।

## सुर्खेतमा साहित्यकार तथा संस्कृतिकर्मी भेला

वीरेन्द्रनगर । विविध विधाका साहित्यकार एवम् संस्कृतिकर्मीहरूको भेला तथा साहित्य गोष्ठी र सांस्कृतिक कार्यक्रम शनिबार वीरेन्द्रनगरमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले कम्युनिस्ट नामका पुँजीवादी दलहरू नामले मात्र कम्युनिस्ट भएको तर व्यवहार पुँजीवादी भएको धारणा राख्नुभयो । उहाँले देश र जनताको समस्याभन्दा व्यक्तिगत फाइदामा लागेकाले जनतामाझ नाङ्गिँदै गएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सल्लाहकार सदस्य नर्मा गुरुङले पुँजीपतिहरूले कामदारवर्गलाई शोषण गरेर आफू धनी बन्ने र गरिबलाई दबाइरहेको भन्दै नेमकिपाले आफ्नो स्थापनाकालदेखि नै पुँजीपतीवर्गले गरेको शोषणको विरुद्ध लडिरहेको बताउनुभयो ।

नेमकिपा सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले साहित्यले जनताको मनको भावना बोल्ने भएकोले साहित्य पनि वर्गीय हुन्छ भन्नुभयो । उहाँले प्रतिक्रियावादी साहित्यले छाडा र समाजमा विकृति फैलाउने भएकाले हाम्रा साहित्यकारहरूले जनताका समस्याका बारेमा लेख्नुपर्ने बताउनुभयो ।

कर्णाली प्रदेश नेमकिपा समितिका सदस्य धनेन्द्र विकले सिद्धान्तहीन एकताले समाज परिवर्तन गर्न नसक्ने भएकोले पुँजीवादी विचारका दलहरूसँग नेमकिपाले मोर्चाबन्दी गर्दैन बरु निरन्तर समाजवादी गणतन्त्रको प्रचार गरिरहने बताउनुभयो । उहाँले समाज परिवर्तनमा कला साहित्यले महत्त्वपूर्ण भूमिका खेल्छ भन्नुभयो ।

कार्यक्रममा प्रगतिशील लेखक सङ्घका केन्द्रीय सल्लाहकार सदस्य डा. दीपक गौतम, प्रगतिशील लेखक सङ्घ कर्णाली प्रदेश समिति सचिव हरिलाल महत्तरा, साहित्यकार टीकाप्रसाद पोखरेल, नेमकिपा वीरेन्द्रनगर नगर समिति अध्यक्ष शेरबहादुर शाही, गणेश खड्का, मनबहादुर विक, इन्द्रप्रसाद न्यौपाने, जागेश्वर नेपाललगायतले साहित्य वाचनसहित साहित्यसम्बन्धी बोल्नुभएको थियो ।

कार्यक्रममा ऐनबहादुर शाही, पर्व कार्की, अविसरा विक, जानकी विक, जानकी सुनार, रणबहादुर राना, खेमराज कडेल, छत्रिका विक, रमा गिरीलगायतले गीत, कविता, गजल वाचन गर्नुका साथै नृत्य प्रस्तुत गर्नुभएको थियो ।

बाँकी पृष्ठ १२

सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड



दासतामा बाँच्नुभन्दा मुक्ति सङ्घर्षमा सबथोक गुमाउनु सही छ । स्वाधीनता र स्वतन्त्रताभन्दा बढी मूल्यवान अर्थोक छैन ।

**हो चि मिन्ह** (भियतनामी समाजवादी नेता)

## सम्पादकीय

# राजनैतिक बन्दोबस्तबारे बुद्धिजीवी समुदाय सैद्धान्तिक र व्यावहारिक रूपले पहिले स्पष्ट होऔँ !

कुन कुन महाशक्ति र छिमेकीहरू मिलेर नेपालमा निर्वाचन गर्न र निर्वाचनमा रास्वपालाई झण्डै दुईतिहाइ बहुमत ल्याउन दिएका हुन् भन्नेबारे अब कुनै शङ्का वा विवाद रहेन । २०८२ भदौ २३ र २४ गतेको संसद् भवन, सिंहदरबार, राष्ट्रपति भवन, सर्वोच्च अदालत र जिल्ला अदालतहरू, प्रहरी कार्यालयहरू, प्रदेशसभाका भवनहरू, पालिका र अनेक सरकारी भवनमा लागेको आगो र विध्वंश नै प्रमाण हुन् । 'कार्की आयोगको प्रतिवेदन - २०८३' एवम् पत्रपत्रिका र सञ्चारमा आएका समाचार र टीकाटिप्पणीहरू पनि प्रमाण नै हुन् ।

दोस्रो विश्वयुद्धमा जर्मनीको हिटलरले रुसमाथि आक्रमण गरी बोल्शेविक कम्युनिस्ट पार्टीको अभिलेखालय जर्मनीमा लगेको थियो भने त्यही अभिलेखालयका सबै कागजपत्र संरा अमेरिकाले लगेको थियो । ५० वर्षपछि ती अभिलेखालयलाई रिसर्च स्कलर (अनुसन्धानकर्ता) हरूको निम्ति खोलियो । त्यस अभिलेखालयका कतिपय गुप्त कागजहरू तथा दस्ताबेजहरू अङ्ग्रेजीमा छापिए ।

तर, नेपालका शासक 'कम्युनिस्ट' नेताहरू ती दस्ताबेजहरूबाट बेखबर छन् र तिनीहरू आफै स्तालिनलाई 'तानाशाह' भन्ने अपराध गर्दै थिए । जर्मनीका संशोधनवादी नेता वर्नस्टिनका नेपाली शिष्यहरू-मनमोहन अधिकारी र मदन भण्डारीले 'बहुदलीय नयाँ जनवाद' ल्याए ।

नेपालका बुद्धिजीवीहरू अन्तर्राष्ट्रिय स्थितिबारे 'कुहिरोका काग' देखिए र तिनीहरू अर्ध-मुर्छित अवस्थामा छन् । २८ वैशाख 'राजधानी' दैनिकले 'त्रिविको त्यो साँझ' शीर्षकमा 'कफीको छलफल' मार्फत देशलाई 'राजनीति' र 'राजनैतिक दल' बाट माथि उठेर हेर्नुपर्छ जस्ता विचार राखियो । युवा-विद्यार्थी र बुद्धिजीवी समुदायमा देशप्रतिको वितृष्णा र असन्तोषको भावना बढ्नुमा राजनैतिक दलहरूलाई नै दोष दिएको प्रस्ट छ । राजनैतिक दलहरू र शासकहरूको कुन उद्देश्य र कुन नीति गलत र त्यसका नेता र नेतृत्व भन्नाले को-को हुन् भन्ने प्रस्ट छैन । हिजोका सरकारमा गएका कुन-कुन दलहरू हुन् ? तिनीहरूको राजनैतिक उद्देश्य के ? पुँजीवाद-समाजवाद वा मिश्रित अर्थतन्त्र वा परराष्ट्र नीति के हुन् ? त्यसबारे प्रस्ट भन्नुपर्थ्यो ।

समयले देखाइदियो - देश आज घुमाइ-फिराइ तटस्थ परराष्ट्र नीतिमा छैन, साम्राज्यवादी खेमातिर छ भन्ने कुरा प्रस्ट छ- इजरायल-अमेरिकी नीति र युक्रेनको पक्षमा देखिएकै छ । विदेशमा युवाहरू हिजोकै सरकारहरूले पठाएका हुन् । पाँच देशसँगको श्रम सम्झौताले पहिलेभन्दा बाहिरिनेको सङ्ख्या बढ्यो । त्यसलाई किन यो नयाँ सरकारले तत्काल रोकेन ? शिक्षाकै विषय समाचारपत्रहरूकै शीर्षकले धेरै बताउँछन् -

(क) 'सुध्रिएन शिक्षा मन्त्रालय, बेथितिका चाङैचाङ, जिम्मा लिन्छन्, पूरा गर्दैनन्' (नेपाल समाचारपत्र - ३ जेठ २०८३)

(ख) 'प्रधानमन्त्रीलाई कुलपतिबाट हटाउनुको सट्टा थप शक्तिशाली', 'अध्यादेशबाट उपकुलपति, रजिष्ट्रारलगायत पदाधिकारीको नियुक्ति खारेज गर्दै विश्वविद्यालयसभामा प्राध्यापक, विद्यार्थी र कर्मचारीको संस्थागत प्रतिनिधित्व हटाइएपछि विश्वविद्यालयमा कुलपति शक्तिशाली बने' - (कान्तिपुर- २७ वैशाख २०८३)

(ग) अप्ठेरो परिस्थितिले शिक्षाविद्हरूलाई पनि आश्चर्यमा पारेका छन् - 'रिर्तिदै विश्वविद्यालयको सिंहासन' । (अन्नपूर्ण- ४ जेठ २०८३)

(घ) यो सरकार फेरिएको मात्रै होइन बरु यसलाई 'क्रान्ति' वा 'प्रतिगमन' के हो प्रस्ट नहुँदा हरेक क्षेत्रमा झण्डै भताभुङ्ग भएको हो कि भनी जिज्ञासा व्यक्त गर्दै छन् - साधारण जनता । अदालतबारे 'कामु प्रधानन्यायाधीश मल्ल : डर र प्रभावमा न्याय सम्भव छैन ।' "विधि र वैधानिक परम्पराको हत्या गरेर गरिने स्वार्थ प्रेरित कार्यकर्ताहरूले निरङ्कुशताको झझल्को दिलाउने मल्लको भनाइ' - (कान्तिपुर - २६ वैशाख २०८३) तर २७ वैशाख २०८३ कै 'अन्नपूर्ण पोस्ट' को शीर्षक छ- 'सरकारमाथि सपनाले उठाइन् प्रश्न' ।

(ङ) स्वास्थ्य क्षेत्र पनि एक संवेदनशील विषय हो । ३ जेठ २०८३ को 'नेपाल समाचारको शीर्षक हो - '९ करोडभन्दा बढीका औषधि म्याद गुज्रेर नष्ट, स्वास्थ्य निकायको लापरबाहीले राज्यलाई ठुलो क्षति'

(च) ४ जेठ २०८३ को 'राजधानी' को एक शीर्षक छ - 'स्थानीय तहको आर्थिक अनुशासनमा प्रश्न, २ अर्ब नाघ्यो बेरुजु, मनपरी खरिद ।' अर्को शीर्षक - 'सम्पत्ति शुद्धीकरण मुद्दा खेपिरहेका विवादास्पद व्यवसायी ज्ञानेन्द्रको अर्को कर्तुत', 'जनप्रतिनिधि र कर्मचारीसँग मिलेर सार्वजनिक जग्गा व्यक्तिको नाममा' । यस्तो नयाँ सरकारलाई नेपाली जनताको के नाम दिने होला !

# के इरानमा ट्रम्पको आक्रमण तेस्रो विश्वयुद्धको सङ्केत हो ?

✍ **प्रज्ज्वल**

संरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना उद्योगी-व्यापारीको दलबलसहित वैशाख ३० र ३१ गते चीनको भ्रमण गरे । यसअघि आफ्नो पहिलो राष्ट्रपतिकाल सन् २०१७ मा उनी चीन गएका थिए । ट्रम्पले चीनसँग ठूलै परिमाणमा व्यापार सम्झौता गर्ने र आफ्नो देशको व्यापार घाटा घटाउने दाबी गरे पनि यसमा चीनले चासो देखाएन । अर्थात् संरा अमेरिकाको क्यालिफोर्नियास्थित सान्ता क्लारामा मुख्य कार्यालय भएको प्रविधिसम्बन्धी बहुराष्ट्रिय कम्पनी NVIDIA संस्थानको एआई चिप्स चीनलाई बेच्ने ट्रम्पको सपना पूरा भएन । यतिखेर चीनसँग संरा अमेरिकाको अर्बौं डलरको व्यापार घाटा छ । ट्रम्पले सैनिक गतिविधिमा प्रयोग हुने एआई चिप्स चीनलाई बेचेर व्यापार घाटा घटाउने मनसाय राखेको थियो । ट्रम्पले चीनलाई वोइङ कम्पनीका हवाईजहाज तत्काल २०० थान गरी जम्मा ७५० थान बेच्ने तयारी गरेका थिए । संरा अमेरिकी कृषि उत्पादन भटमासको धेरै परिमाण चीनले किन्थ्यो । ट्रम्पको चीनविरुद्ध व्यापार युद्धको कारण संरा अमेरिकी निर्यात सङ्कटमा पर्‍यो । ट्रम्पले चीनलाई इन्धन विक्री गर्ने पनि तयारी गर्‍यो । तर, चिनिया राष्ट्रपति सि चिनफिङको संरा अमेरिकी सामग्री खरिदबारे ट्रम्पसँग कुनै सम्झौता भएन । ट्रम्पले चीनको भूभाग थाइवानलाई ११ अर्ब डलरको हतियार बेच्ने प्रस्तावलाई चीनले स्वीकार गरेन ।

ट्रम्पले इरानको हर्मुज जलडमरु सुचारु गर्न चीन मध्यस्थाको भूमिकामा आउने अपेक्षा गरेका थिए । संरा अमेरिका र इजरायलले गएको फेब्रअरी २८ मा संयुक्त रूपमा इरानमा आक्रमण गरेपछि हर्मुज नाकामा इरानी अवरोध सुरु भयो । ट्रम्प र न्येतान्याहुले आफ्ना सहयोगी नेटो देशहरूलाई समेत थाहा नदिई अचानक इरानमा आक्रमण गरेका थिए । यो आक्रमणसँगै पश्चिम एशियामा विश्व उडानको चौबाटो खाडी क्षेत्रको आकाशसमेत बन्द भयो ।

ट्रम्प प्रशासनले इरानको सभ्यता मेटिदिने, इरानलाई ढुङ्गे युगमा फर्काउने, इरानको ९० प्रतिशत इन्धन निर्यात हुने खर्ग टापुलाई निशाना बनाउने, इरानको आणविक केन्द्र ध्वस्त पार्ने धम्की दिइरहेको छ । यो धम्कीको प्रतिकारमा इरानी जनता देशको झन्डा बोक्दै सडकमा उत्रेका छन् । यसअघि इरानले आफ्नो नियम पालना गर्ने मित्रहरूलाई हर्मुज जल नाका खोल्ने घोषणा गरेको हो । अर्थात् संरा अमेरिका र इजरायलको जहाजलाई जान नदिने यो उद्घोष हो ।

यतिखेर संरा अमेरिकाकै कारण इरानसँगको युद्धविराम काँचो धागोमा अडिएको छ । अर्थात् ट्रम्पकै कारण पश्चिम एशियाको स्थिति तनावपूर्ण छ । ट्रम्पले खाडी क्षेत्रमा ५० हजार सेनासहित लडाकु विमान तैनाथी बढाए भने क्षेप्यास्त्र प्रणाली र बमवारीको तयारी गर्दैछ । इजरायलले पनि इरानमा आक्रमण गर्न सैन्य तयारी गरेको छ । ट्रम्प र न्येतन्याहुले इरानको तेल क्षेत्र, आणविक उर्जा क्षेत्र, सैन्य क्षेत्रमा आक्रमणको तयारी गर्दैछन् । इरानले पनि ट्रम्प र न्येतन्याहुको सैन्य आक्रमणको प्रत्याक्रमणमा सैन्य तयारी गर्दैछ ।

ट्रम्पले आफ्नो चीन भ्रमणमा इरानसँगको युद्ध रोक्न चीनको मध्यस्थताको अपेक्षा गरेका थिए । तर, चीनले त्यस्तो सङ्केत गरेन । ट्रम्पको भनाइ र गराइ फरक छ । यसकारण, पनि युरोपसमेत मध्यस्थाताको भूमिकामा आउन चाहेन । ट्रम्पको कारण पाकिस्तानको कोशिस सफल भएन ।

यतिखेर संरा अमेरिका र विश्वमै ट्रम्पको ख्याती घट्दो छ । ट्रम्पको जताततै युद्ध सुरु गर्ने नीतिको विरोध संरा अमेरिकामै बढ्दो छ । संरा अमेरिकी जनता ट्रम्पलाई सङ्केत गर्दै 'नयाँ राजा' चाहिँदैन भनी विरोध गर्दैछन् । संरा अमेरिकामा मध्यावधि चुनाव हुने र बढ्दो मूल्यवृद्धिको कारण ट्रम्प इरानसँगको युद्ध टुङ्ग्याउन चाहन्छन् । इरानमा भएको विनाशको क्षतिपूर्ति, आणविक ऊर्जा उत्पादनमा अवरोध नगर्ने, अबउप्रान्त आक्रमण नहुने प्रत्याभूतिलगायत इरानको शर्त स्वीकार गर्न ट्रम्प प्रशासन मानेको छैन, उल्टो ट्रम्प आफू इरान युद्धमा जितेको दाबी गरी युद्धबाट बाहिरिन चाहन्छन् । तर, यो सम्भव छैन ।

ट्रम्पको कारण इरान युद्ध भियतनाम, इराक र अफगानिस्तानजस्तै लम्बिने र इरानलाई थकाइने पनि सार्वजनिक भइरहेको छ । तर, इरान थाक्ने अवस्थामा छैन । किनभने आक्रमण ट्रम्प र न्येतन्याहुले नै गरेका हुन् । इरान युद्धले युरोप, एशियाको आर्थिक अवस्था ओरालो लागेको छ । ट्रम्प प्रशासनले यो युद्धमा १० खर्ब डलर खर्च गरेको सार्वजनिक भयो । ट्रम्प प्रशासनलाई यो युद्ध 'दाउरा नभएको बेला पिँडालु उसिने' जस्तै भयो । यो रकम उत्पादनशील काममा लगाइएको भए संरा अमेरिकाको व्यापार घाटा घट्ने थियो । यो युद्ध पुनः सुरु भए विश्वकै अर्थतन्त्रमा नकारात्मक प्रभाव बढ्ने छ ।

ट्रम्प र न्येतान्याहुले इरानमा हमला गरेको कारण विश्वको आर्थिक विकास २ प्रतिशतमा सीमित हुने, महँगी (मुद्रास्फिति) ६ प्रतिशत पुग्ने, खाद्य सङ्कट बढ्ने, सन् १९२९ मा झैं शेयरबजारको मूल्य घट्ने, वित्तीय संस्था र बैङ्क असफल हुने, औद्योगिक उत्पादन ह्रास हुने बेरोजगारी बढ्नेलगायत आर्थिक सङ्कट बढ्ने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा आयोग (IAEA) ले सन् २०२६ मा इतिहासमै सबैभन्दा बढी ऊर्जा सङ्कट हुने सार्वजनिक गर्‍यो । ट्रम्प र न्येतन्याहुले इरानमा पुनःआक्रमण गरे तेल प्रतिव्यारेल डेढ सय डलर बढी पुग्ने, मलखाद थप सङ्कट हुने, कृषि उत्पादन घट्ने, अबको ६ महिनामा दाल, चामल, तरकारी, खाद्य तेलको मूल्य ४० देखि १२० प्रतिशत बढ्ने छ ।

ट्रम्प इरान युद्धमा यूएईलाई भिडाएर आफू पछि हट्न चाहेको छ । इरान आक्रमणमा ट्रम्पलाई युएईले बढी साथ दिएको हो । यसरी युद्ध धेरै देशमा फैलिने सम्भावना छ । पहिलो विश्व युद्ध (सन् १९१४-१८) र दोस्रो विश्व युद्ध (सन् १९३९-४५) पनि विस्तारै पक्ष पक्ष देशहरूमा विभाजित भइ युद्ध सुरु भएको हो । इरान युद्ध पुनः सुरु भएमा लाल सागरको समुद्रीमार्ग बन्द हुनेछ । स्वेज नहर बन्द हुनेछ । यसले युरोप र एशियाको ९० प्रतिशत समुद्री व्यापार बन्द हुनेछ ।

**खाडी मुलुकको रोजगारीमा पठाइएका १ करोड भारतीयबाट आउने विप्रेषणमा अवरोध हुनुको साथै उनीहरूलाई घरफिर्ता गराउने विषय भारतलाई हाँकको रूपमा आउनेछ । भारत संसारकै बढी विप्रेषण अर्थात् वार्षिक १३५ अर्ब डलर भित्र्याउने मुलुक हो । यति धेरै परनिर्भर भारत युद्ध चर्किएसँगै थप ओरालो लाग्नेछ । यसले दक्षिण एशियाली देशहरूमासमेत थप सङ्कट आउने छ ।**

खाडी मुलुकको रोजगारीमा पठाइएका १ करोड भारतीयबाट आउने विप्रेषणमा अवरोध हुनुको साथै उनीहरूलाई घरफिर्ता गराउने विषय भारतलाई हाँकको रूपमा आउनेछ । भारत संसारकै बढी विप्रेषण अर्थात् वार्षिक १३५ अर्ब डलर भित्र्याउने मुलुक हो । यति धेरै परनिर्भर भारत युद्ध चर्किएसँगै थप ओरालो लाग्नेछ । यसले दक्षिण एशियाली देशहरूमासमेत थप सङ्कट आउने छ ।

यूएई र दुवई पर्यटन, किनमेल र संसारका धनीहरूको रकम बैङ्कमा बचत हुने केन्द्र पनि मानिन्छ । युद्ध भए यो अवस्था रहने छैन । विदेशीको बचत फिर्ता लगिने छ । यूएई युद्धको कारण तीन महिनायता खस्किएको छ । तसर्थ युद्ध रोक्नु संरा अमेरिकी जनतासँगै बाँकी संसारको लागि जरुरी छ । ट्रम्प प्रशासनमा सद्बुद्धि आओस् ।

# सरकारी निकायमा हुने बेरुजुको अन्त्य कहिले ?




**शुक्र**

महालेखा परीक्षकको ६३ औं वार्षिक प्रतिवेदन गत बिहीबार सार्वजनिक भयो । आव २०८१/०८२ मा ८८ अर्ब ९ करोड ११ लाख रुपियाँ बेरुजु भएको प्रतिवेदनमा उल्लेख छ । हालसम्मको बेरुजु ७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख रुपियाँ पुगेको प्रतिवेदनमा उल्लेख छ ।

गत भदौ २३ र २४ गते भएको उपद्रवका क्रममा विभिन्न सरकारी तथा सार्वजनिक संस्थानका कागजातमा आगजनी र क्षति भएको हुँदा १ सय ७९ सरकारी निकायले आवश्यक स्रेस्ता तथा कागजात पेस गर्न सकेनन् । कागजात नहुँदा १ खर्ब ४७ अर्ब ८९ करोड ७० लाख रुपियाँबराबरको लेखापरीक्षण हुन सकेन ।

प्रतिवेदनले संघीय सरकारी कार्यालयतर्फ ५३ अर्ब ४८ करोड ७७ लाख रुपियाँ, स्थानीय तहमा १९ अर्ब ४ करोड ७७ लाख रुपियाँ र प्रदेशतर्फ ५ अर्ब २२ करोड ८७ लाख रुपियाँ र समिति तथा अन्य संस्थातर्फ १० अर्ब ३२ करोड ७० लाख रुपियाँ बेरुजु औंल्याएको छ ।

सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति तथा अन्य संस्थासमेतको ९४ खर्ब ८४ अर्ब ५० करोड ९८ लाख रुपियाँको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनमा ९५ अर्ब २७ करोड ८ लाख रुपियाँ बेरूजु देखिएको थियो । लेखा परीक्षण भएको अवधिसम्म ७ अर्ब १७ करोड ९७ लाख रुपियाँ सम्परीक्षण भएकोमा ८८ अर्ब ९ करोड ११ लाख रुपियाँ बेरुजु भयो ।

प्रतिवेदनले कुल बेरूजुमध्ये ३२ अर्ब ६४ करोड ७५ लाख रुपियाँ (३७.०६ प्रतिशत) रकम असुल गर्नुपर्ने, ५० अर्ब २६ करोड ८८ लाख रुपियाँ (५७.०६ प्रतिशत) बेरूजु नियमित गर्नुपर्ने र ५ अर्ब १७ करोड ४८ लाख रुपियाँ (५.८८ प्रतिशत) पेस्की शीर्षकमा रहेको उल्लेख गरेको छ । प्रमाण कागजात पेस नभएको मात्रै ३६ अर्ब २८ करोड ८२ लाख रुपियाँबराबरको बेरुजु देखिएको छ । यो रकम पनि असुल गर्नुपर्ने हो ।

सबैभन्दा बढी बेरुजु अर्थ मन्त्रालयको ३७ अर्ब ६३ करोड ३१ लाख रुपियाँ (७०.३६ प्रतिशत), भौतिक पूर्वाधार मन्त्रालयको ७ अर्ब १० करोड ३३ लाख रुपियाँ (१३.२८ प्रतिशत), भूमि व्यवस्था मन्त्रालयको १ अर्ब ५३ करोड ६६ लाख रुपियाँ (२.८७ प्रतिशत), वन मन्त्रालयको १ अर्ब ३४ करोड ५७ लाख रुपियाँ (२.५२ प्रतिशत), सञ्चार मन्त्रालयको १ अर्ब १६ करोड ७८ लाख रुपियाँ (२.१८ प्रतिशत), सहरी विकास मन्त्रालयको ८० करोड ५१ लाख रुपियाँ (१.५१ प्रतिशत), परराष्ट्र मन्त्रालयको ७४ करोड ३४ लाख रुपियाँ (१.३९ प्रतिशत), उर्जा मन्त्रालयको ६५ करोड २६ लाख रुपियाँ (१.२२ प्रतिशत), गृह मन्त्रालयको ५७ करोड ५२ लाख रुपियाँ (१.०८ प्रतिशत), स्वास्थ्य मन्त्रालयको ५२ करोड ४३ लाख रुपियाँ (०.९८ प्रतिशत) र अन्य निकायको १ अर्ब ३९ करोड ८६ लाख रुपियाँ (२.६१ प्रतिशत) रहेको छ । यसरी १० मन्त्रालयको कुल बेरूजुको ९७.३९ प्रतिशत र अन्य निकायको २.६१ प्रतिशत बेरुजु देखिन्छ । प्रतिवेदनमा प्रदेश सरकारतर्फ ५ अर्ब २२ करोड ८७ लाख रुपियाँ र स्थानीय तहतर्फ १९ अर्ब ४ करोड ७ लाख रुपियाँ बेरुजु देखिएको छ ।

१ सय ४८ स्थानीय तहले सफ्टवेयर खरिद, मर्मत तथा नवीकरण गर्न ११ करोड ५३ लाख ५६ हजार रुपियाँ खर्च गरेकोमा १५ स्थानीय तहले खरिद गरेको ७७ लाख ९ हजार रुपियाँ बराबरको सफ्टवेयर प्रयोग नै नगरेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमा ४५ दूरसञ्चार सेवाप्रदायकले बुझाउनुपर्ने रोयल्टी ४५ करोड ३६ लाख ८४ हजार रुपियाँ र जरिवानासमेत नबुझाएको, रेडियो फ्रिक्वेन्सी तथा विच्याट दस्तुरबापत एक सेवाप्रदायकले बुझाउनुपर्ने ७३ लाख ४४ करोड रुपियाँ दाखिला नगरेको, टेलिभिजन संस्थाहरूबाट इजाजत र प्रसारण शुल्कबापत चार करोड रुपियाँ, १४९ विद्युत् उत्पादक कम्पनीबाट १८ करोड ४६ लाख ४७ हजार रुपियाँ बक्यौता असुल गर्नुपर्ने उल्लेख छ ।

भन्सार राजस्वतर्फ ८५ अर्ब २३ करोड १६ लाख रुपियाँ छुट दिइएको विषयमा महालेखाले प्रश्न उठाएको छ । अघिल्लो आवमा ७९ अर्ब ८७ करोड रुपियाँ छुट दिएको थियो । शासक दलहरूले सर्वसाधारण जनतासँग भन्सार उठाउने र ठुला उद्योगी–व्यापारीलाई अर्बौं रुपियाँ छुट दिने गरेको देशद्रोही काम हो ।

# सरकारको नीति तथा कार्यक्रम : उपेक्षामा स्वास्थ्य क्षेत्र

विवेक

आ.व. २०८३।८४ को लागि प्रस्तुत सरकारको नीति तथा कार्यक्रम प्रधानमन्त्रीको उपस्थितिबिनै पारित गरियो । नीति तथा कार्यक्रममा सांसदहरूले उठाएका विषयहरूको अर्थमन्त्री स्वर्णिम वाग्लेले जवाफ दिएका थिए । संसदीय मान्यता र परम्पराविपरीत प्रधानमन्त्री अनुपस्थित भएको भनी विपक्षी पार्टीहरूले सरकारको आलोचना गरिरहेका छन् ।

नीति तथा कार्यक्रममा उल्लेखित स्वास्थ्य नीतिबारे यहाँ चर्चा गर्न खोजिएको छ । नीति तथा कार्यक्रमको बुँदा नं. ५५ देखि ५९ सम्म ५ वटा बुँदामा स्वास्थ्य नीति उल्लेख छ । आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमाको पुन:संरचना, राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण गठन, नसर्ने रोग नियन्त्रण तथा रोकथामको लागि जनचेतनामूलक कार्यक्रम, अपाङ्गता पुन:स्थापना केन्द्र स्थापनादेखि स्वास्थ्य जनशक्ति विकास गर्न एकीकृत मानव संशाधन प्रणालीको विकास गर्नेसम्म स्वास्थ्यसम्बन्धी नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

वर्तमान रास्वपा सरकारको नीति तथा कार्यक्रम पनि विगतका सरकारहरूकै निरन्तरताकै रूपमा देखिन्छ । यसले संविधानको भावनालाई समेट्न सकेन । नेपालको संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त हुने हक र आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने सुनिश्चितता गरेको छ । नीति तथा कार्यक्रममा त्यसको सुनिश्चितता देखिँदैन ।

**स्वास्थ्य बीमा कार्यक्रमप्रति बेवास्ता :**

स्वास्थ्य क्षेत्रको एउटा महत्त्वपूर्ण पाटो भनेको स्वास्थ्य बीमा कार्यक्रम पनि हो । देशको ७७ जिल्लामा ४८० वटाभन्दा बढी अस्पतालहरूमा लागू भएको यो कार्यक्रम जनताबिच लोकप्रिय हुँदै छ । गरिब, विपन्नवर्गका बिरामीलाई यस कार्यक्रमले केही राहत दिइरहेको छ । प्रत्येक ५ जना परिवारले रु. ३५००।– तिरेपछि वर्षमा १ लाखसम्मको बीमा सुविधा पाउने यो राम्रो कार्यक्रम हो । तर, सरकारले आवश्यक बजेटको व्यवस्था नगर्दा शिक्षण अस्पताललगायत धेरै सरकारी अस्पतालहरूले स्वास्थ्य बीमा बन्द गर्न थालेका छन् । भुक्तानी पाउने सुनिश्चितता नभएसम्म ती अस्पतालहरू बीमा सुविधा दिने पक्षमा छैनन् । परिणाम धेरै बिरामीहरूले महँगो उपचार खर्च तिर्नु परिरहेको छ । यस्तो बेला नीति तथा कार्यक्रममार्फत अस्पतालहरूलाई भुक्तानी सुनिश्चितताको आश्वस्त पार्नुसक्नुपर्थ्यो तर त्यसो भएन ।

चालू आवको लागि कम्तीमा बीमा कार्यक्रमको लागि २४ अर्ब रकम चाहिनेमा बजेटमा १० अर्ब मात्र छुट्याइएको कारण बीमा बोर्डले अस्पतालहरूलाई भुक्तानी दिन नसकेको बीमा बोर्डका पदाधिकारीहरूको भनाइ छ । एमाले काङ्ग्रेस गठबन्धनका स्वास्थ्यमन्त्री प्रदिप पौडेलले स्रोतको सुनिश्चितताबिना बीमा कार्यक्रमलाई रु. ५ लाख पुऱ्याउने बताउँदा उनको हाकाहाकी आलोचना भएको थियो । सुशीला कार्की नेतृत्वको सरकारका स्वास्थ्यमन्त्री डा. सुधा शर्माले पनि अत्यन्त न्यून रकममात्र बजेट भएको भनी थप बजेट विनियोजनको लागि प्रधानमन्त्री र अर्थमन्त्रीसँग हारगुहार गरेको सबैको स्मरणमा छ ।

रास्वपा सरकारले स्वास्थ्य बीमा कार्यक्रमबारे नीति तथा कार्यक्रममा 'स्वास्थ्य बीमा कार्यक्रमको पुन:संरचना गरिनेछ' मात्र भनिएको छ । पुन:संरचनाले मात्र समस्या समाधान हुने अवस्था छैन । स्वास्थ्य बीमाका लागि पर्याप्त बजेटको व्यवस्था अहिलेको आवश्यकता हो । सरकारले बीमा कार्यक्रमलाई व्यवस्थित गर्न निम्न विषयहरूमा ध्यान दिनुपर्ने देखिन्छ – १) स्वास्थ्य बीमा कार्यक्रममा स्थायी कर्मचारीहरू नियुक्त गरेर सरकारकै एउटा निकायको रूपमा विकास गर्नुपर्ने २) सरकारको तलब खाने निजामती कर्मचारी, सेना, प्रहरी, बैङ्क कर्मचारी, शिक्षक, प्राध्यापकहरूको मासिक तलबको निश्चित प्रतिशत रकम बीमा कार्यक्रमका लागि करको व्यवस्था गर्ने ३) विदेशबाट आयात हुने मादक पदार्थ र विलासिताका सामानहरूमा निश्चित प्रतिशत कर लगाउने ४) सबै सरकारी स्वास्थ्य केन्द्र र अस्पतालहरूमा बीमा कार्यक्रम लागू गर्ने र ५) बीमा सुविधा १ लाखबाट बढाइ ५ लाखसम्म पुऱ्याउने ।

उक्त बुँदाहरू कार्यान्वयन गर्न सकेको खण्डमा स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी हुनेछ । जनताले सहज उपचार पाउनेछन् ।

**चिकित्सक विदेश पलायनबाट रोक्नुपर्ने :**

राम्रो स्वास्थ्य उपचारको बन्दोबस्त गर्न दक्ष जनशक्ति विदेश पलायन हुनबाट रोक्ने प्रयास गर्नु जरुरी छ । नेपालमा वर्षको हजारौँ चिकित्सक, नर्सहरू उत्पादन हुन्छ तर ती जनशक्तिले अधिकांश विदेशी भूमिमा गएर सेवा दिइरहेका छन् । नेपाल सरकारको कहाँ कमजोरी भयो ? यसबारे समीक्षा गर्दै दक्ष जनशक्ति नेपालमै राख्ने वातावरण बनाउन अब ढिलाइ गर्नुहुन्न ।

प्राप्त जानकारीअनुसार नेपालमा स्वास्थ्य क्षेत्रमा २०४८ सालदेखि हालसम्म कुनै दरबन्दी थप गरिएको छैन । अझ त्यतिबेला कायम रहेको दरबन्दीमै धेरै संस्थामा दरबन्दी रिक्त छन् । एक तथ्याङअनुसार २०७७/०७८ सम्म नेपालमा स्वास्थ्य क्षेत्रमा ३ लाख ८ हजार २०० दरबन्दी रहेकोमा २ लाख ६३ हजार ४०० मात्र कर्मचारीहरू कार्यरत रहेको र ६३ हजार ८०० भन्दा बढी जनशक्ति नपुग देखाइएको छ ।

तथ्याङअनुसार २०७७/७८ सम्म नेपालको स्वास्थ्य क्षेत्रमा एमबीबीएस चिकित्सक १२,३९६, विशेषज्ञ ८,२९१, स्नातकोत्तर नर्स १३३, स्नातक नर्स १४५२ र स्टाफ नर्स (प्रमाणपत्र तहसमेत) ७७,३१६ कार्यरत थिए तर आवश्यकता भने क्रमश: १५,३००, १४,०७० जना, ३७५ जना, २१५० जना र ८०,२४२ जना थियो । यो हिसाबले डाक्टरहरू (एमबीबीएस) २९०४ जना, विशेषज्ञ ५,७७९ जना, स्नातकोत्तर नर्स २४२ जना, स्नातक नर्स ६९८ जना र प्रमाणपत्र तह २,९१५ जना नपुग देखिन्छ ।

नेपालमा एकातिर स्वास्थ्य क्षेत्रमा बेरोजगारी सङ्ख्या बढिरहेको छ भने अर्कोतिर हजारौँको सङ्ख्यामा स्वास्थ्यकर्मीहरूको अभाव रहेको तथ्याङ्कले देखाइरहेको छ । दरबन्दी बढाउने भन्दा भइरहेको दरबन्दीमै धेरैको सङ्ख्या रिक्त हुनु आश्चर्यको विषय हो । यस विषयमा सरकारले ध्यान दिनु आवश्यक छ ।

नेपालका विभिन्न मेडिकल कलेज र नर्सिङ कलेजहरूबाट वार्षिक हजारौँको सङ्ख्यामा स्वास्थ्य जनशक्ति उत्पादन हुन्छ । ती अधिकांश विदेश जाने गरेका छन् ।

**स्वास्थ्यकर्मीहरू विदेसिनुका कारणहरू:**

१. असुरक्षा : चिकित्सकहरूले आफूलाई असुरक्षित महसुस गरेसम्म राम्रो उपचार हुन गाह्रो हुन्छ । बिरामीहरूको उपचारको क्रममा केही भयो भने पहिले नै चिकित्सकलाई तारो बनाउने विकृति देखिएको छ । यसले चिकित्सकहरूको मनोबल घट्ने गरेको पाइन्छ । चिकित्सकमाथि हातपात गर्ने, भौतिक आक्रमण गर्ने वा अस्पताल तोडफोड गर्ने कुनै दृष्टिले पनि मिल्ने होइन । समय समयमा हुने यस्ता अराजक गतिविधिहरूले चिकित्सकहरूले सधैँ आफूलाई असुरक्षित महसुस गर्ने गरेको पाइन्छ ।

चिकित्सकहरूले बिरामीहरूको स्वास्थ्य राम्रोका लागि नै उपचार गर्छन् । लापरबाही वा हेलचक्राइँ गरेर बिरामीको स्वास्थ्यमा केही तलमाथि भएमा त्यसको जिम्मेवारी भने स्वास्थ्यकर्मीलाई नै बनाउनुपर्छ । गल्ती नगर्दा नगर्दै पनि दोषको भागिदार बन्नुपर्ने अवस्थाले चिकित्सकमा निराशा पैदा गर्छ । काठमाडौँका विभिन्न अस्पतालहरूमा पछिलो समयमा घटेका घटनाहरू यसमा उदाहरणहरू हुन् ।

**२. खर्चअनुसारको सेवा सुविधा नपाउनु :**

चिकित्साशास्त्र अध्ययन गर्न समय, खर्च र मिहिनत अन्य विषयको भन्दा बढी चाहिन्छ । निजी क्षेत्रमा अध्ययन गर्नेहरूले एक जना राम्रो चिकित्सक बन्न कम्तीमा १ करोड बढी खर्च गर्नुपर्ने हुन्छ । त्यस्ता चिकित्सकहरू निजी क्षेत्रमा काम गराउँदा अत्यन्त न्यून तलब, सुविधा र कामको बढी चापले गर्दा उनीहरू विदेशतिर आकर्षित भएको देखिन्छ । सरकारी क्षेत्रमै पनि चिकित्सकहरू र अन्य निजामती कर्मचारीहरूबिचको तलब, सुविधा, समान गर्दा त्यही तलब सुविधामा काम गर्न नचाहनु अर्को कारण हो । पढाइको लागि लिएको ऋण तिर्न नसक्दा धेरैजसोले विदेशी भूमिलाई आफ्नो गन्तव्य बनाएको पाइन्छ । पहिले पहिले बेलायत, अमेरिका, अस्ट्रेलिया जाने गर्थे भने पछिल्लो समयमा माल्दिभ्स, भारत, भुटान जाने बढेका छन् ।

**३) सेवाको भावनामा कमी:**

चिकित्सा पेसा सेवा गर्ने क्षेत्र हो तर निजी क्षेत्रमा महँगो शुल्क तिर्नुपरेको कारण चिकित्सकहरू सेवालाई बिर्सेर हाइ पैसातिर लागेको पाइन्छ । बिरामी र उसका आफन्तहरूले भगवान् नै ठानेर विश्वास गरेका हुन्छन् र धेरै चिकित्सकहरूले पनि त्यही भावनाले काम गरिरहेका हुन्छन् । तर, सबै चिकित्सक सेवाको भावनाले मात्र काम गर्छन् भनेर सोच्नु पनि सही हुँदैन । कतिपय चिकित्सकहरू अस्पतालको फार्मेसीमा भएको औषधि बाहिर किन्न लगाउँछन्, अस्पतालमा हुँदाहुँदै एक्स रे बाहिर गर्न लगाउँछन्, अस्पतालमा आएका बिरामीलाई क्लिनिकमा बोलाउँछन् र पैसा थुत्छन् । उनीहरू आफ्नो कर्तव्य र जिम्मेवारीभन्दा पनि पैसालाई प्राथमिकता दिने चिकित्सकहरू हुन् । उनीहरू राम्रा चिकित्सक होइनन् । त्यसमा पनि चित्त नबुझेर पैसाकै लागि चिकित्सक बनेकाहरू डलर र पाउन्डको लोभमा विदेश जाने गरेका छन् ।

झण्डै दुईतिहाइको रास्वपा सरकारले चिकित्सा पढ्ने विद्यार्थीहरूका लागि पर्याप्त छात्रवृत्तिको व्यवस्था, स्वास्थ्य बीमाको लागि पर्याप्त बजेट विनियोजन, सबै सरकारी अस्पतालहरूमा आवश्यक जनशक्ति र स्वास्थ्य उपकरणहरूको बन्दोबस्त र स्वास्थ्य ऐन ल्याई स्वास्थ्यकर्मीहरूका लागि छुट्टै सेवा सुविधाको बन्दोबस्त गरेको खण्डमा चिकित्सकहरू विदेश पलायन हुनबाट रोक्न सहयोग पुग्नेछ । अन्यथा यही क्रमलाई निरन्तरता दिने हो भने अबको १०।१२ वर्षपछि नेपालमा राम्रा चिकित्सकहरू नपाउने अवस्था आउने सम्भावना देखिँदै छ । यसबारे सरकार बेलैमा सचेत हुन जरुरी छ ।

## सन्दर्भ: जर्जियाको 'गुलाब क्रान्ति'

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन - २४

रामरतन चौधरी

रङ्ग क्रान्ति (Colour Revolution) को उद्देश्य कम्युनिस्टहरूको प्रभावलाई कमजोर पारेर पश्चिमा शैलीको लोकतन्त्र स्थापना गर्नु हो । यसको निम्ति अमेरिका तथा पश्चिमा मुलुकहरूले चुनावी नतिजालाई अस्वीकार गर्दै प्रदर्शन अगाडि बढाउन उक्साउने गर्दछन् । यसमा इन्टरनेटमार्फत सञ्चार साधनको व्यापक प्रयोग हुन्छ । विरोध प्रदर्शनहरूमा गैर-सरकारी संस्थाहरूको बलियो भूमिका रहेको हुन्छ । दक्षिण-पश्चिम एसियामा अवस्थित जर्जियामा पनि यस्तै भएको थियो ।

**जर्जिया**

ककेसस पर्वत र कालो सागरबिचको दक्षिणपश्चिम एसियामा अवस्थित जर्जिया सन् १९९१ अप्रिलमा सोभियत रुसबाट अलग भएको हो । अहिले जर्जियालाई पूर्वी युरोपेली देश पनि भनिन्छ । यसको उत्तर तथा उत्तर-पूर्वमा रुस, पश्चिममा कालासागर, दक्षिणमा टर्की र अर्मेनिया र दक्षिण-पूर्वमा अजरवैजान रहेको छ । रुसबाट अलग भएदेखि नै जर्जियामा अस्थिरता देखा पर्न थालेको थियो । सन् १९९१ मा ८७ प्रतिशत मत प्राप्त गरेर ज्वियाद गाम्साखुर्दिया (Zviad Gamsakhurdia) जर्जियाका प्रथम राष्ट्रपति बने । उनको शासन हिंसात्मक 'कु' द्वारा समाप्त भयो । उनी भागेर चेचन्या पुगे । 'गुलाब क्रान्ति' शब्द उनकै उद्धरणबाट आएको हो । उनले एकपटक भनेका थिए, "हामी हाम्रा शत्रुहरूमाथि गोलीको सट्टा गुलाब फ्याँक्नेछौँ ।"

सन् १९९५ मा एडवार्ड शेभार्डनाड्जे (Shevardnadge) जर्जियाका दोस्रो राष्ट्रपति चुनिए । शेभार्डनाड्जे सोभियत जर्जियामा आन्तरिक मन्त्री तथा कम्युनिस्ट कार्यकर्ताका रूपमा थिए । सोभियत सङ्घको अन्तिम समयमा उनी सोभियत विदेशमन्त्री पनि भएका थिए । उनले सोभियत सङ्घ विघटनको निम्ति अमेरिकी तथा युरोपेली नेताहरूसँग मिलेर काम गरेका थिए । अमेरिकाका जर्ज डब्लु बुश परिवार र अमेरिकी सिनेटरहरूसँग पनि उनको राम्रो सम्बन्ध थियो ।

**जर्जियाको 'गुलाब क्रान्ति' (Rose Revolution)**

सन् २००३ नोभम्बर २ मा जर्जियाली संसद्को निम्ति निर्वाचन भयो । चुनावपछि शेभर्डनाड्जेलाई चुनावमा धाँधली गरेर आफ्नो पार्टीलाई जिताएको आरोप लाग्यो । उनले भ्रष्टाचारको आरोप खेप्नु पऱ्यो । उनको सरकारविरुद्ध प्रदर्शनकारीहरूले 'गुलाबको फुल' बोकेर आन्दोलन सुरु गरे । जर्जियामा सन् २००३ नोभेम्बर ३ देखि २३ (२० दिन) सम्म रङ्गीन क्रान्तिको माध्यमबाट सत्ता परिवर्तन भएको थियो । प्रदर्शनकारीहरूले शेभर्डनाड्जे (Eduard Shevardnadge) का पूर्व राजनीतिक सहयोगीहरू, मिखेल साकाशभिली (Mikheil Saakashvili), निनो बुर्जानाड्जे (Nino Burjanadze) र जुराब झ्वानिया (zurab Zhvania) ले साकाशभिलीको नेतृत्वमा रातो गुलाब हातमा लिएर संसद् भवनमा आक्रमण गरेका थिए । उनीहरूले भने, "हामीले बन्दुक बोकेका छैनौँ, डन्डा बोकेका छैनौँ, हामीले गुलाब बोकेका छौँ ।" जसले जननिर्वाचित राष्ट्रपति एडुआर्ड शेभार्डनाड्जेलाई राजीनामा दिन बाध्य बनायो ।

**अमेरिकाको भूमिका**

जर्जियामा सन् २००२ देखि २००५ सम्म रिचर्ड मिल्स (Richard Miles) अमेरिकी राजदूत रहेका थिए । उनले नै जर्जियाको गुलाब क्रान्ति र निर्वाचन उथलपुथल गराउन चलखेल गरेका हुन् । उनीमार्फत अमेरिकाले जर्जियाका सरकारी तथा विपक्षी राजनीतिक दल, निर्वाचनमा लाग्ने कर्मचारी, राजनीतिक अभियानमा जोडिएका व्यक्तिहरू, विभिन्न सञ्चारमाध्यमलगायतलाई राजनीतिक अभियान सञ्चालन गर्ने विषयमा तालिम दिए । अध्ययन भ्रमणको नाममा अमेरिका लगे । विशेषज्ञको रूपमा अमेरिकी गुप्तचर विभाग सीआईएका प्रतिनिधिहरू जर्जियामा परिचालित भएका थिए ।

जुलाई २००३ मा, अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुशले पूर्वविदेशमन्त्री जेम्स बेकरलाई विपक्षी नेताहरू र राष्ट्रपति शेभर्डनाड्जे दुवैलाई भेट्न पठाए । बेकरले स्वतन्त्र चुनावको आवश्यकता भन्दै शेभर्डनड्जेलाई दबाब दिएका थिए ।

**गैरसरकारी संस्थाहरूको भूमिका**

शेभार्डनाड्जेले नै गैरसरकारी संस्थाहरूलाई स्थापनाको अनुमति दिएका थिए । सन् १९९७ को Civil Code ले गैरसरकारी संस्था स्थापना गर्न सहज बनाएको थियो । सन् २००० पछि करिब ४ हजार गैरसरकारी संस्था जर्जियामा क्रियाशील रहेका थिए । जसले जर्जियामा उपद्रव मच्चाउन भूमिका निर्वाह गरे । विद्यार्थीहरूलाई सडकमा उतार्ने काम पनि यी नै गैरसरकारी संस्थाहरूले गरेका थिए । तीमध्ये 'जर्जियन युवा वकिलहरूको सङ्घ' (Georgian Young Lawyers' Association) र लिबर्टी इन्स्टिच्युट ( Liberty Institute) ले मानव अधिकार र सूचना स्वतन्त्रता कानुनको प्रवर्द्धनमा काम गर्ने नाममा प्रदर्शनलाई सघाएका थिए । अमेरिकी गैरसरकारी संस्था आइआरआई (Intenational Republican Institute) को पनि महत्त्वपूर्ण हात रह्यो ।

विदेशीहरूले जर्जियाभित्रका गैरसरकारी संस्था र विपक्षी दलहरूलाई आर्थिक सहयोग दिए । अमेरिकी र युरोपेली सरकारहरूले 'युरोपमा सुरक्षा र सहयोग सङ्गठन' (Organization for Security and Cooperation in Europe) लाई विदेशी चुनाव पर्यवेक्षकहरूलाई सहयोग गर्न आर्थिक सहयोग गरे । अमेरिकी अन्तर्राष्ट्रिय विकास एजेन्सी (USAID) ले जर्जियाको मतदाता नामावली कम्प्यूटराइज गर्न ४१.५ मिलियन खर्च गऱ्यो । हङ्गेरीका अर्बपति जर्ज सोरोसले आर्थिक सहयोग गरेको ओपन सोसाइटी इन्स्टिच्युट (OSI) ले मिखेल साकाशभिली र प्रदर्शनका पक्षधरहरूलाई समर्थन गरेको थियो ।

अमेरिकी अन्तर्राष्ट्रिय विकास एजेन्सीले जर्जियाको मतदान प्रणालीलाई आधुनिकीकरण गर्ने नाममा १.५ मिलियन डलर खर्च गरेर विपक्षीलाई सघाएको थियो । तिनीहरूले जर्जियाभर ३,००० चुनाव पर्यवेक्षकहरूको लागि खर्च गरे । रोज रिभोलुसनको निम्ति हङ्गेरी-अमेरिकी अर्बपति जर्ज सोरोससँग सम्बन्धित फाउन्डेसन र गैरसरकारी संस्थाहरूले आर्थिक लगानी गरेका थिए । सोरोसले शेभार्डनाडजेलाई हटाउन ४४२ मिलियन खर्च गरे । यसकारण, राष्ट्रपति एडुआर्ड शेभार्डनाड्जेले पनि २००३ डिसेम्बर १ मा 'गुलाब क्रान्ति' जर्ज सोरोसको योजनामा भएको आरोप लगाएका थिए ।

**सञ्चारमाध्यमको भूमिका**

गुलाब क्रान्तिमा एउटा स्वतन्त्र टेलिभिजन च्यानल रुस्तावी-२ ले विपक्षी आन्दोलनलाई उग्र बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । यसले सरकारको चर्को आलोचना गर्थ्यो भने विपक्षीहरूको खुला समर्थन । शेभार्डनाडजे सरकारले रुस्तावी-२ बन्द गर्न बारम्बार प्रयास गरे पनि सफल भएन । रुस्तावी-२ लाई अमेरिकी गैरसरकारी संस्था USAID र युरेशिया फाउन्डेसनले आर्थिक सहयोग र तालिम दिन्थ्यो ।

२००१ जुलाईमा, रुस्तावी-२ का लोकप्रिय प्रस्तोता, जियोर्गी सानियाको हत्या भयो । उनको हत्या सरकारविरोधी समाचारको कारण भएको प्रचार गरियो । ११ अक्टोबरमा, राष्ट्रिय सुरक्षा मन्त्रालयका एजेन्टहरूले रुस्तावी-२ को मुख्यालयमा छापा मारे । यी घटनाहरूले सरकारविरुद्ध जनताको आक्रोश बढाउने काम गऱ्यो । रुस्तावी-२ को मुख्यालय बाहिर सात हजारभन्दा बढी प्रदर्शनकारीहरू जम्मा भएर शेभार्डनाड्जे सरकारको राजीनामा माग गरे ।

रुस्तावी-२ ले २००३ सम्म शेभार्डनाड्जे विरोधी सामग्री प्रसारण गर्न जारी राख्यो । इमेडी टेलिभिजन र मेजे जस्ता अन्य नेटवर्कहरूले पनि शेभार्डनाडजे सरकारविरुद्ध प्रचार गरे । अन्तत: २००३ को संसदीय चुनावमा साकाशभिलीको राष्ट्रिय आन्दोलन पार्टीले शेभार्डनाड्जे समूहमाथि विजय पायो ।

**सत्ता परिवर्तन**

३ नोभेम्बरमा OSCE को संसदीय सभाहरू र युरोप परिषद्, युरोपेली संसद् र OSCE को लोकतान्त्रिक संस्था र मानव अधिकार कार्यालय (ODIHR) मिलेर बनेको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसनले जर्जियामा नोभेम्बर २ मा सम्पन्न संसदीय चुनाव लोकतान्त्रिक प्रतिबद्धताहरू र अन्य अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्न असफल रहेको निष्कर्ष निकाल्यो । मिखेल साकाशभिलीले चुनाव जितेको दाबी गरे । साकाशभिली र विपक्षले शेभार्डनाड्जेको सरकारविरुद्ध प्रदर्शनलाई अगाडि बढाए । उनीहरूले शेभार्डनाडजेलाई हटाएर पुन: निर्वाचन गर्न माग गरे ।

नोभेम्बर २२ मा राष्ट्रपति शेभर्डनाड्जेले संसद् बैठक राख्ने प्रयास गरे । तर, विपक्षीहरूले झन् चर्को विरोध गरे । चार प्रमुख विपक्षी दलहरूमध्ये दुईले यो बैठकलाई अवैध भने । साकाशभिलीको नेतृत्वमा ती दुई दलका समर्थकहरू हातमा गुलाब लिएर संसद् बैठकमा प्रवेश गरेका थिए । उनीहरूले राष्ट्रपति एडुआर्ड शेभर्डनाड्जेको कार्यमा बाधा पुऱ्याए र उनलाई आफ्ना अङ्गरक्षकहरूसहित भाग्न बाध्य पारे । पछि उनले आपतकालीन अवस्था घोषणा गरेर टिबिलिसमा आफ्नो निवास नजिकै सेना र प्रहरी परिचालन गर्न थाले । तर, उच्च सैन्य एकाइहरूले शेभार्डनाड्जे सरकारलाई समर्थन गरेनन् । नोभेम्बर २३ को साँझ राष्ट्रपतिले राजीनामा दिएको घोषणा गरे । एडुआर्ड शेभार्डनाड्जेको राजीनामापछि संसद्का निवर्तमान सभामुख निनो बुर्जानाड्जे नयाँ निर्वाचन नभएसम्मको निम्ति राष्ट्रपति बने । जर्जियाको सर्वोच्च अदालतले संसदीय चुनावको नतिजा रद्द गऱ्यो । त्यसपछि सन् २००४ जनवरी ४ मा पुन: निर्वाचन सम्पन्न भयो । ३६ वर्षीय साकाशभिली ९६.२ प्रतिशत मतका साथ जर्जियाको नयाँ राष्ट्रपति तथा युरोपकै सबभन्दा कान्छो राष्ट्रपति बने ।

*२०८३ जेठ ३ गते*

## सन्दर्भ : हो चि मिन्ह जन्म दिवस

# साम्राज्यवादीहरू भियतनामबाट पुच्छर लुकाएर भागे

अमेरिकी साम्राज्यवादीहरूले भियतनामी जनताको क्रान्तिकारी युद्धलाई दबाउन अणुबमबाहेक अरु सबै किसिमका घातक बम तथा हतियारहरूको उपयोग गरे। उनीहरूले नापाम बमको पनि प्रयोग गरे जसको हावाले सारा चिज डढाउँथ्यो। मानिसको मासु डढाएर झार्थ्यो। उनीहरूले यस्ता बमको पनि प्रयोग गरे जसले अक्सिजन ग्याँसलाई सोसी दिन्थ्यो; अनि मानिसहरू सास फेर्न नसकेर मर्ने गर्थे। उनीहरूले भियतनामका अस्पताल, स्कूल, कारखाना, धान खेत र प्राकृतिक स्रोतहरूमा जथाभावी बम वर्षा गरेर भियतनाम र भियतनामी जनतालाई ढुङ्गेयुगको अवस्थामा पुऱ्याउने कोसिस गरे, दसौं हजार भियतनामी जनतालाई मारे।

अमेरिकाले यो काम कम्युनिस्टहरूलाई बढ्न नदिन पुँजीवादी साम्राज्यवादीहरूको नाइकेको रूपमा गर्दै थियो। कम्युनिस्टहरूलाई दबाएर संसारमा सधैंको निम्ति पुँजीवादी अधिनायकत्व कायम गर्ने उसको कोसिस थियो। अमेरिकाले जति ठुलो लडाइँ चलाउँदै थियो, त्यसले त्यत्तिकै ठुलो हार खान परिरहेको थियो। संसारभरिका शोषित पीडित, शान्तिप्रिय जनताले अमेरिकाको युद्ध नीतिको विरोध गर्दै थिए। अमेरिकामै पनि भियतनाममा अमेरिकाको युद्ध नीतिको विरुद्ध एक-एक पटकमा दस-दस लाख जनताको जुलुस प्रदर्शन हुँदै थिए।

सन् १९७३ मा पेरिस सम्झौता भयो। यो सम्झौता हुनुको अर्थ भियतनामी जनताको, मुक्ति मोर्चाको र अस्थायी क्रान्तिकारी सरकारको विजय थियो। तर, अमेरिकी साम्राज्यवादीहरू र उनीहरूका कठपुतली थ्युं सरकारले सम्झौतालाई भङ्ग गरी अस्थायी क्रान्तिकारी सरकारको इलाकामा घुसपैठ गरी आक्रमण गर्ने काम थाल्यो। बहादुर भियतनामी जनता चुप लागेर बस्न सकेनन्; इँटका जवाफ पत्थरले दिन थाले।

भियतनाम युद्धले गर्दा अमेरिकाको आर्थिक स्थितिमा ठुलो असर पार्‍यो। जनता यो खर्चको भारी बोक्न नसकेर विरोध गर्न अगाडि बढे। भियतनामको युद्धमा पठाउन अमेरिकी जनतालाई जबरजस्ती सेनामा भर्ती गराइन्थ्यो। हार माथि हार खाँदै गएपछि अमेरिकी साम्राज्यवादी र यसका भरौटेहरूले 'विशेष युद्ध', 'स्थानीय युद्ध' र 'भियतानामीकरण' नाउँबाट युद्धहरू चलाए। तर, साम्राज्यवादीहरूले हार माथि झन् ठुलो हार खानुपर्‍यो।

३० अप्रिल, १९७५ को ११.३० बजे मुक्तिसेनाले दक्षिण भियतनामको राजधानी सैगनमाथि विजय प्राप्त गरी दक्षिण भियतनाम गणतन्त्रको अस्थायी क्रान्तिकारी सरकारको रातो र नीलो भुइँमा सुनौला तारा रहेको झन्डा सैगनको राष्ट्रपति भवनमा राखे। यो खबर दक्षिण भियतनाम गणतन्त्रको अस्थायी क्रान्तिकारी सरकारको रेडियोले सोही दिन ५ बजे र ५ मिनेट जाँदा प्रसार गरेको थियो।

यदि जनताले कठिनाइ, बलिदान र असफलताबाट नडराइकन अन्यायपूर्ण युद्धको विरुद्ध न्यायपूर्ण युद्ध गर्न हतियार उठाई सङ्घर्ष गर्ने साहस गर्छन् र दृढतासाथ लड्छन् भने सानै देशका जनताले पनि बाहिरबाट आएको शक्तिशाली शत्रुलाई निश्चय नै परास्त गर्न सक्छन्। उनीहरूले आफ्नो राष्ट्रिय स्वतन्त्रता जितेर आफ्नो देशको मुक्ति र स्वतन्त्रताको रक्षाको काममा अन्तिम विजय प्राप्त गर्न सक्छन् भन्ने कुराको ज्वलन्त उदाहरण भियतनामी जनताको विजय हो।

'लड्न र जित्न दृढ निश्चय गर' भन्ने राष्ट्रपति हो चि मिन्हको भनाइको गौरवपूर्ण झन्डा बोकेर दक्षिण भियतनाम गणतन्त्रको अस्थायी क्रान्तिकारी सरकार र राष्ट्रिय मुक्ति मोर्चाको नेतृत्वमा वर्षौं वर्षसम्म दीर्घकालीन युद्ध चलाएर दक्षिण भियतनामी जनताले विजय प्राप्त गरे। यो विजय भियतनामको र विश्वको इतिहासमा एउटा सारै महत्त्वपूर्ण पानाको रूपमा रहनेछ। सैगनलाई घेर्ने र सैगनमाथि विजय प्राप्त गर्ने जुन लडाइँ भयो त्यसलाई 'हो चि मिन्ह लडाइँ' नाम राखिएको थियो।

अमेरिकाले भियतनाममा २ सय अरब अर्थात् २ खरब डलर खर्च गर्‍यो। त्यसले एक जना भियतनामीलाई मार्न दस हजार डलरभन्दा बढी खर्च गरिरहेको थियो। भियतनाममा अमेरिकी साम्राज्यवादी सेनामात्र ७५ हजारभन्दा बढी मरे। बी.बी.सी. रेडियोअनुसार अमेरिकाले साम्यवादलाई रोक्न भियतनाममा जुन योजना गर्‍यो, त्यो (Domino Theory) तासको महल बनाउने योजना सिद्ध भएको छ। युद्ध समाप्त भएपछि अमेरिकाले गलत प्रचार र छलकपटबाट भियतनामी जनतालाई शरणार्थीको रूपमा अमेरिका लगे। तर, वास्तविक कुरा थाहा भएपछि ती शरणार्थीहरू भियतनाम फर्कन इच्छा गर्दै छन् भन्ने समाचार सबैजसो रेडियोले प्रसार गरेका थिए।



> *अमेरिकी आक्रमणको विरुद्ध सङ्घर्षमा दक्षिण भियतनामका जनताले सधैँ चीनको पार्टी र सरकार तथा चिनियाँ जनताले प्रदान गरेको अमूल्य र सक्रिय समर्थन, सहयोग र सद्भावना प्राप्त गरेका छन्। चिनियाँ जनताका महान् नेता, भियतनामी जनताका आदरणीय मित्र अध्यक्ष माओले भन्नुभएको थियो, "७० करोड चिनियाँ जनता भियतनामी जनतालाई सधैँ बलियो आड दिन्छन्, विशाल रूपमा फैलिएको चीनको भूमि उनीहरूको विश्वास योग्य आड क्षेत्र हो।*

आखिर बाँकी रहेका अमेरिकी साम्राज्यवादीहरूले हार खाएर भियतनाम छाडेर भाग्न करै लाग्यो। उनीहरू पुच्छर लुकाएर भागे। त्यसबेला उनीहरूले धेरै भियतनामी बच्चाहरू अमेरिका र अरु विभिन्न मुलुकमा ओसारेका थिए। उता भने भियतनामी मुक्ति सेनाले सैगनमा प्रवेश गर्दा केटाकेटीहरू सडकमा खुसीसाथ खेल्न निस्के र जनताले मुक्ति सेनाको स्वागत गरेको कुरा बी.बी.सी. ले प्रसार गरेको थियो।

बीबीसीकै अनुसार अमेरिकाले भियतनाममा ८ हजार विमान र ४ हजार हेलिकोप्टर गुमाउनु पर्‍यो। भियतनामको युद्ध दोस्रो विश्व युद्धपछिको सबभन्दा ठुलो युद्ध हो। तर, बम वर्षा भने दोस्रो विश्वयुद्धमा भन्दा बढी भएको थियो। साम्राज्यवादीहरूले भियतनाममा ६७ लाख टन बम बर्साए, जबकि दोस्रो विश्व युद्धमा जर्मनीमा २७ लाख टनमात्र बम वर्षा भएको थियो। यस बम वर्षाले उत्तरी आयरल्यान्ड जतिको भू-भाग नष्ट भएको छ।

यसरी सदियौँदेखि साम्राज्यवादी पन्जामा रहेको भियतनाम राष्ट्रपति हो चि मिन्हले देखाउनुभएको बाटोबाट अघि बढेर मुक्त भयो। राष्ट्रपति हो चि मिन्हले भन्नुभएको थियो, "हामी हजार वर्षसम्म जुझेर आएका छौँ, आवश्यक पऱ्यो भने अझ हजार वर्षसम्म जुझ्ने छौँ।" यसरी उहाँले भियतनामी जनताको मनोबललाई बढाउनुभएको थियो। त्यसैले, भियतनामी जनताले साम्राज्यवादीहरूलाई नराम्रो हार खुवाएर भगाए।

भियतनामी जनताले बाँसका कप्टेराहरू, भालाहरू र साधारण बन्दुकहरू उठाएर साम्राज्यवादीहरूको विरुद्ध सङ्घर्ष सुरु गरेका थिए र अमेरिकाजस्तो विश्वको पहिलो शक्ति मानिएको साम्राज्यवादलाई परास्त गरी दिएर "वास्तविक शक्ति हतियार होइन, जनता हो" र "वास्तविक विजय हतियारको होइन, जनताको हुन्छ" भन्ने कुरालाई एकपल्ट फेरि प्रमाणित गरिदिएका छन्।

दक्षिण भियतनामको पूर्ण विजयको उपलक्ष्यमा सन् १९७५, मे २ का दिन चीनको राजधानी पेइचिङमा एक विशाल प्रदर्शन भएको थियो, जसमा १० हजारभन्दा बढी मानिस भेला भएका थिए। प्रदर्शन जन भवनमा भएको थियो।


त्यस बखत दक्षिण भियतनाम गणतन्त्रको अस्थायी क्रान्तिकारी सरकारका कायम मुकायम राजदूत ट्रान विन्हले आफ्नो भाषणमा भन्नुभयो, प्रिय राष्ट्रपति हो चि मिन्हको 'स्वतन्त्रता र मुक्तिभन्दा मूल्यवान अरु केही छैन' भन्ने शिक्षा ग्रहण गरेर भियतनामी जनताले वीरतासाथ न्यायोचित मुक्ति युद्ध चलाएर महान् विजय प्राप्त गरेको छ।

उहाँले अगाडि भन्नुभयो, "यो महान् विजय भियतनामी जनताको मात्र विजय होइन बरु हिन्द चीनका जनताको एकताको, चिनियाँ जनताले बढाएको समर्थन र सहयोगको, अरु समाजवादी तथा असंलग्न मुलुक र प्रगतिशील अमेरिकी जनतालगायत पाँचै महादेशका मित्रहरूको ( विजय) हो।"

"भियतनाम र चीन दुई भ्रातृत्वपूर्ण छिमेकी देशहरू हुन्। राष्ट्रपति हो चि मिन्ह र अध्यक्ष माओले उमार्नुभएको भियतनामी र चिनियाँ जनताबिचको जुन घनिष्ट एकता हो, त्यसमा अहिले फूलहरू फक्रिरहेका र फलहरू फलिरहेका छन्।"

उहाँले भन्नुभयो, "अमेरिकी आक्रमणको विरुद्ध सङ्घर्षमा दक्षिण भियतनामका जनताले सधैँ चीनको पार्टी र सरकार तथा चिनियाँ जनताले प्रदान गरेको अमूल्य र सक्रिय समर्थन, सहयोग र सद्भावना प्राप्त गरेका छन्। चिनियाँ जनताका महान् नेता, भियतनामी जनताका आदरणीय मित्र अध्यक्ष माओले भन्नुभएको थियो, "७० करोड चिनियाँ जनता भियतनामी जनतालाई सधैँ बलियो आड दिन्छन्, विशाल रूपमा फैलिएको चीनको भूमि उनीहरूको विश्वास योग्य आड क्षेत्र हो।" दक्षिण भियतनामी सेना र जनताले सधैँ सम्झन्छन्। आदरणीय अध्यक्ष माओका शिक्षाहरूको अनुशरण गरेर भ्रातृत्वपूर्ण चिनियाँ जनताले दक्षिण भियतनामी जनताका क्रान्तिकारी सङ्घर्षमा आफ्नो सक्रिय सहयोग प्रदान गरेका छन्।"

अन्तिम वक्ता जनवादी गणतन्त्र भियतनामका राजदूत 'डुयेन ट्रोङ मिन्ह' ले भन्नुभयो, "उपनिवेशी शासनअन्तर्गत शोषण र उत्पीडनमा जकडिएका भियतनामी जनताले पुस्तौँ पुस्तादेखि झन्डै एक सय वर्ष अघिदेखि अडिगरूपले सङ्घर्ष गर्दै आएका छन्।"



उहाँले भन्नुभयो, "सन् १९४५ को अगस्तमा क्रान्तिकारी भावनाले परिपक्व भएर सम्पूर्ण भियतनामी जनताले जापानी तानाशाहीबाट शक्ति (सत्ता) छिनेर अगाडि बढी जनगणतन्त्र भियतनामको स्थापना गरे। त्यसको लगत्तै पछि फ्रान्सेली उपनिवेशवादीहरूले हाम्रो राष्ट्रलाई एकपल्ट फेरि दास बनाउन आक्रमणको एउटा अर्को प्रयोग प्रदर्शन गर्दै हवाईजहाज र युद्धपोतहरूको उपयोग गरे। 'दास हुनुभन्दा मर्नु निको' भन्ने भावनामा हाम्रो सम्पूर्ण राष्ट्र बाँसका कप्टेरा, भाला र बन्दुकमात्र लिएर तीव्रतर दीर्घकालीन प्रतिरोध युद्ध चलाउन अगाडि बढ्यो र अन्त्यमा 'डियन बियन फु' को महानतम विजय प्राप्त गर्‍यो; जसले हाम्रो देशबाट पुरानो फ्रान्सेली उपनिवेशवादको अन्त्य गरिदियो। फ्रान्सेली साम्राज्यवादीहरूमाथि विजय प्राप्त गरेपछि, अमेरिकी साम्राज्यवादीहरू सबै किसिमका बर्बतापूर्ण, निर्दयी यातनाको योजनाहरूका साथ आक्रमण गर्न दक्षिण भियतनाममा फाल हाले...., यो सबभन्दा शक्तिशाली अन्तर्राष्ट्रिय (पुँजीवादका) सैनिक प्रहरी, पुँजीवादी साम्राज्यवादीहरूको नाइकेको मुराद (इच्छा) थियो जुन निमोठियो। अमेरिकी साम्राज्यवादीहरूद्वारा चलाइएको नव औपनिवेशिक युद्धले हार खाएको छ, उनीहरूको सर्वश्रेष्ठता (शक्तिशालिता) चिहानभित्र पुगेको छ।"

"हाम्रो विजय भ्रातृत्वपूर्ण चिनियाँ कम्युनिस्ट पार्टी, सरकार र जनताको पनि विजय हो, जसले विशाल र भित्री हृदयले धेरै क्षेत्रहरूमा प्रभावपूर्ण सहयोग प्रदान गरेका छन्।"

"डीएन बीएन फुमा भएको भियतनामी जनताको गौरवपूर्ण विजयमा चिनियाँ कम्युनिस्ट पार्टी र जनताको अति मूल्यवान देन रहेको थियो। शक्तिशाली शत्रु-अमेरिकाली साम्राज्यवादीहरूको विरुद्धको सङ्घर्षमा 'विशाल आडभूमि' को प्रभाव, जो चिनियाँ कम्युनिस्ट पार्टी र अध्यक्ष माओद्वारा भियतनामी जनताको निम्ति संरक्षित छ, अझ बढी प्रस्टरूपले अनुभव गरिएको थियो।"

राजदूतले अगाडि भन्नुभयो, "म के भन्दछु भने जबजब हामीमाथि गाऱ्हा-साऱ्हाहरू आइपरे, चिनियाँ जनता हाम्रा साथी थिए र हाम्रा प्रत्येक जीतहरूमा चिनियाँ जनताका ठुला देन थिए। दु:ख, सुखमा साथ दिने सक्रिय मित्रताको सर्वहारा अन्तर्राष्ट्रियताको भावनाको यो एउटा अति स्वच्छ रूप हो।"

दक्षिण भियतनामी मुक्तिमोर्चाले ५ सय वटा अमेरिकी टैङ्कहरू छिनेको छ। त्यस्तै, ३ अरब डलर जतिका सैनिक साधन र उपकरणहरू तथा २ अरब डलर जतिका सैनिक अखडाहरू छिनिलिए। अनुमानत: १ अरब डलर मोलका २२५ वटा सैनिक हवाईजहाजहरू, झन्डै ५० करोड डलर पर्ने जगेडा पुर्जाहरू र ३ करोड मोल पर्ने खनिज तेल पनि मुक्तिमोर्चाले छिनिलियो। २१ वर्षसम्म भियतनाम युद्धमा संलग्न अमेरिकी साम्राज्यवादीहरूले भियतनामलाई के बनाउन चाहेका रहेछन् भन्ने कुरा उक्त तथ्याङ्कबाट प्रस्ट हुन्छ। तर पनि राष्ट्रपति हो चि मिन्हले भन्नुभए जस्तै सम्पूर्ण जनताको बलिदानको भावनालाई यी हतियारका भण्डारले कुल्चन सकेनन्।

'आजको विश्व' स्तम्भमा, २०३२ साल वैशाख २० गतेको गोरखापत्रमा लेखिएको छ, "दोस्रो विश्वयुद्ध यता एकनास लडाइँमा व्यस्त भियतनामी जनताले यो हप्ताको अन्तमा शान्ति पाए। भियतनामीहरू सङ्घर्षमा कहिल्यै थाकेनन् तर यो लामो युद्ध उनीहरूले शान्तिका लागि नै गरेका थिए।"

सोही स्तम्भमा अझ अगाडि लेखिएको छ, "भियतनाम युद्धको सबभन्दा गम्भीर कुरा अरु के छ भने यो दशकभित्रमा अनेकौँ किसिमका घातक हातहतियारहरू बने। भियतनाम एक किसिमले अमेरिकीहरूको हातहतियार परीक्षा गर्ने थलो बनेको थियो। जङ्गलमा गुरिल्ला लडाइँ गर्ने भियतनामीहरूसँग सामना गर्न रुख बिरुवाका पातहरू समाप्त गर्ने 'डिफोलिएज बम' करिब २५० मिटरको वर्ग क्षेत्रभित्र वायुमण्डलको अक्सिजन खिचेर सास फेर्न नसक्ने गराई कुनै पनि जीवजन्तु मार्न सक्ने जस्ता बम पनि भियतनाममा प्रयोग भए।"

दक्षिण भियतनामको (अमेरिकी) कठपुतली राष्ट्रपति थ्युं र कम्बोडियाको लोन नोलको १६ टन सुन स्विजरल्यान्ड लैजाने आग्रहलाई स्वीस एयरलायन्सले अस्वीकार गरेको कुरा प्रकाशमा आएको थियो। दक्षिण भियतनामको क्रान्तिकारी अन्तरिम सरकारले थाइल्यान्डमा सो सुन ओसारिएको दाबी गरेर थाई सरकारसँग सुन फर्काउने आग्रह पनि गरिसकेको छ।

अमेरिकी सिनेटका नेता माइक म्यान्स फिल्डले सेगनमा मुक्ति मोर्चाको कब्जामा प्रतिक्रिया जनाउँदै भनेका छन्, "दोस्रो विश्व युद्धपछिको एउटा युग समाप्त भएर अर्को युग सुरु भएको छ।"

**पुन: एकीकरण :**

सम्पूर्ण भियतनाम साम्राज्यवादी पञ्जाबाट मुक्त भएपछि अब एउटा अर्को काम उत्तर दक्षिणको भागलाई पुन: एकीकरण गर्नु बाँकी रह्यो। दक्षिण भियतनामको सम्पूर्ण भू-भाग र सैगनलाई मुक्त गरेपछि सैगन सहरको नाउँ 'हो चि मिन्ह सहर' मा परिणत गरियो। साम्राज्यवादी पञ्जाबाट भियतनाम र भियतनामी जनतालाई मुक्त पार्ने शिक्षा, दीक्षा र उपायको खोजीमा राष्ट्रपति हो चि मिन्ह सैगनबाट बाहिर लाग्नुभएको थियो। उत्तर भियतनामको पहिलो राष्ट्रपति हो चि मिन्हको नाउँबाट दक्षिण भियतनामको राजधानी सहरको नाउँ राखिनु पुन: एकीकरणको कामको पहिलो चरण हो।

हनोईमा दक्षिण भियतनामी अस्थायी क्रान्तिकारी सरकारका प्रतिनिधिमण्डलका नेता ड्युड भान तियनले ५ मे १९७५ को दिन तान्जुग समाचार समितिलाई दिनुभएको एउटा अन्तर्वार्तामा भन्नुभएअनुसार उत्तर तथा दक्षिण भियतनामलाई पुन: एकीकरण गर्नु नै भियतनामी जनताको निम्ति प्रमुख काम बाँकी रहेको थियो।

यो पुन: एकीकरणको कामको निम्ति अब दक्षिणी भियतनाममा छिटो छिटो पुनर्निर्माणको कामहरू भइरहेका छन्। मलाई लाग्छ, यो पुस्तक छापाखानाबाट निस्कनु अगाडि नै उत्तर तथा दक्षिण भियतनामको पुन: एकीकरणको काम सम्पन्न भइसक्नेछ। यो नै राष्ट्रपति हो चि मिन्हको दोस्रो सपना थियो। उहाँले तेस्रो सपना 'सम्पूर्ण भियतनामीहरूलाई आवश्यकभन्दा बढी खाना र आवश्यकभन्दा बढी लुगा उपलब्धि हुनु' हो। भियतनामका वीर, बहादुर र लगनशील जनताले देशको पुनर्निर्माणको साथै चाँडै नै यस कामलाई पूरा गरी राष्ट्रपति हो चि मिन्हका, आफ्ना राष्ट्रपतिका सम्पूर्ण सपनाहरूलाई साकार गरी देखाइदिनेछन्।

***स्रोत : हो चि मिन्हको जीवनी, २०६०***

# युवाहरूबिच चे ग्वेभारा

समा


विश्व युवा जगतमा क्रान्तिकारी भावनाको उत्साह सञ्चार गर्ने एउटा लोकप्रिय नाम हो - अर्नेस्टो चे ग्वेभारा । क्रान्तिकारी विचारले मान्छेलाई साँच्चैको युवा बनाउँछ भन्नुहुने चे अमेरिकी साम्राज्यवाद र उपनिवेशवादविरुद्ध लड्ने एक योद्धा हुनुहुन्थ्यो । अर्जेन्टिनामा जन्मनुभएका चेले डाक्टरी पढ्दै गर्दा र डाक्टर बनिसकेपछि ल्याटिन अमेरिकाका अधिकांश देशहरूमा स्टेथस्कोपसहित भ्रमण गर्नुभयो । उहाँले ल्याटिन अमेरिकामा अमेरिकी साम्राज्यवादको दबदबा र अत्याचारलाई नजिकबाट हेर्नुभएको थियो । ल्याटिन अमेरिकामा व्याप्त असमानता, शोषण, अन्याय, बेरोजगारी, भोक, गरिबी र मानव समाजका दुखान्तहरूसँगको साक्षात्कारले उहाँभित्र पलाएको साम्राज्यवादविरोधी भावना र क्रान्तिकारी विचारबाट आजका युवाहरूले उत्साह प्राप्त गर्छन् । अमेरिकी साम्राज्यवादविरुद्ध क्युवाको सियरामायस्ट्रा पहाडमा स्टेथस्कोपको सट्टा बन्दुक बोकेर लडिरहेका चे ग्वेभाराले आज पनि साम्राज्यवादविरोधी सङ्घर्षमा ऊर्जा प्रदान गर्छ । बोलिभियाका जङ्गलहरूमा लड्दालड्दै ढलेका चे ग्वेभारालाई विश्वले भुल्न सक्ने छैन ।

उहाँलाई जीवित राख्ने थुप्रै पुस्तक, चलचित्र र वृत्तचित्रहरू छन् । उहाँको व्यक्तित्व चर्चा, सङ्घर्षका पृष्ठहरू, आत्मवृत्तान्त र डायरीहरूले उहाँको सम्झना ताजा बनाइरहन्छ । उहाँका सङ्कलित भाषणहरू बेजोडका छन् । उरूग्वेको पुस्टाडेल इस्तेमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनमा क्युवाको प्रतिनिधित्व गरी उहाँले दिनुभएको मन्तव्यले आज पनि ल्याटिन अमेरिकाको राजनीतिक, आर्थिक, सामाजिक पक्षहरूलाई दिशानिर्देश गर्दछ । क्युवा र ल्याटिन अमेरिकी केही देशका विश्वविद्यालयहरूमा अध्ययनरत युवा लक्षित मन्तव्यहरूले उहाँलाई विश्वका युवा मनहरूमा युगयुगसम्म स्थापित गर्न सघाउँछ ।

'Che Guevara Talks to Young People' उहाँको क्रान्तिकारी व्यक्तित्व चिनाउने त्यस्तै एउटा पठनीय पुस्तक हो । विश्वविद्यालयका विद्यार्थी र अन्य युवा समूहमाझ सन् १९५९ देखि १९६४ सम्मको उहाँको मन्तव्यको सङ्कलित रूप हो यो पुस्तक । पुस्तकमा नेता फिडेल क्यास्ट्रोले चेको सम्झनामा सन् १९९७ मा व्यक्त गर्नुभएको श्रद्धाञ्जली मन्तव्य पनि सङ्कलित छ । नेता क्यास्ट्रोले भन्नुभएको थियो - "चे साँच्चिकैका कम्युनिस्ट थिए । उनी आज एक उदाहरण बन्न सफल छन् । सच्चा क्रान्तिकारी कस्तो हुन्छ, सच्चा कम्युनिस्ट कस्तो हुन्छ, उनी ज्वलन्त उदाहरण हुन् ।"

चे ग्वेभाराले अन्तर्राष्ट्रवादको झन्डालाई उँचो फहराउनुभयो । ल्याटिन अमेरिकामा समाजवादी आन्दोलनको उभार ल्याउन उहाँको प्रयास, मार्क्सवादको विचारलाई विजयोन्मुख बनाउने उहाँको सङ्घर्षप्रति आजको युग कृतज्ञ छ । विश्व इतिहासको अध्ययनमा विशेष रुची राख्ने उहाँले सभ्यता र संस्कृतिको नैतिक मूल्य र मान्यताबारे युवाहरूलाई समय - समयमा प्रशिक्षित बनाउनुभएको छ । उहाँले सिमोन बोलिभार र जोसे मार्टीबाट सङ्घर्षको बाटोमा हिँड्ने उत्साह बटुल्नुभयो । कार्ल मार्क्स र क्युवाली क्रान्तिबाट मार्क्सवाद र समाजवादको मार्ग प्राप्त गर्नुभयो । आफूले ग्रहण गरेको ज्ञानलाई युवा पुस्तासम्म प्रभावकारी ढङ्गले पुऱ्याउन उहाँ कतै चुक्नुभएन । समाजको वैज्ञानिक र चेतनशील विश्लेषण क्षमताले उहाँलाई यो शताब्दीसम्म पनि प्रख्यात अर्थात् प्रिय व्यक्तित्वका रूपमा स्थापित गरेको छ ।

मानव समाजका निम्ति अभिसाप बनिरहेको पुँजीवादविरुद्ध लड्न उहाँले युवाहरूलाई आह्वान गर्नुभएको छ । उहाँले युवाहरूलाई शारीरिक र मानसिक अर्थात् बौद्धिकरूपमा तयार हुन हौस्याउनुभएको छ । अत्यन्त अनुशासित बन्न, सक्रियताका साथ काम गर्ने क्रान्तिकारी (नाम मात्रको होइन) बन्न उहाँका मन्तव्यहरूले सिकाउँछ । साना-ठुला सङ्घर्षका हरेक मोर्चाहरूमा निडर भई अग्रपङ्क्तिमा उभिन ऊर्जा प्रदान गर्छ । वैज्ञानिक र चेतनशील भई अध्ययनलाई जोड दिनुपर्ने, गहिरो अध्ययनबाटै सङ्घर्षको जीवनदर्शन प्राप्त गर्न सकिने सन्देश उहाँबाट मिल्छ । पिल्सिएका जनता र थिचिएका देशहरूको पुरानो सभ्यता बिउँताउन र त्यसलाई जोगाउन युवाहरूको अध्ययनले सघाउने तर्क मिल्दछ । सङ्घर्षमा पुरुष र महिलाको समान सहभागिताले मात्र आन्दोलन र क्रान्तिहरू सफलतामा टुङ्गिने हुँदा भर्खरका छोरीहरूले अझ बढी राजनीति र सङ्घर्षमा चासो राख्नुपर्ने सन्देश प्राप्त हुन्छ ।




एकजना नयाँ र भिन्न खालको मान्छे बन्न कामगरी खाने जनताको माझमै जानुपर्छ, सङ्घर्षमा डट्नुपर्छ, समर्पणभाव हुनुपर्छ, बहादुर बन्नुपर्छ र जीवन उद्देश्यप्रति सदा आशावादी भई निरन्तर अथक हिँड्नुपर्छ, शोषणका बादशाहहरूलाई पछार्न सर्वहारा जनतासँग उभिनुपर्छ । हरेक विद्यार्थी र युवा राजनीतिक प्राणी नै हुन् । विश्वविद्यालय र विद्यार्थीलाई राजनीतिबाट अलग राख्न खोजिए विश्वमा श्रमजीवी आन्दोलनहरू निकै पछाडि पर्छन् भन्ने उहाँको तर्क मनासिब छ । युवा हुनुको हर्ष, उसको जुझारूपनमा हुन्छ, उसको ज्ञानी मस्तिष्कमा हुन्छ, उसको स्फूर्ति र सक्रियतामा हुन्छ त्यसकारण हरेक पल युवा हुनुको खुसी मनाऊ र सधैं-सधैं युवा रहनू भन्नुहुन्छ, चे ग्वेभारा ।

सन् १९६० जुलाई २८ का दिन पहिलो ल्याटिन अमेरिकी युवा सम्मेलनको उद्घाटन सत्रमा व्यक्त मन्तव्यमा उहाँले क्युवाली क्रान्तिको सुरुआत र सङ्घर्षका शृङ्खलाहरू प्रस्तुत गर्नुभएको छ । शासक फुल्गेनसिअ बाटिस्टा (अमेरिकी कठपुतली) विरुद्ध क्युवाली मजदुर किसानको सङ्घर्षको क्रममा भएको मोन्काडा हमला, कृषि सुधारको नीति विषयमा सटिक विश्लेषण गर्नुभएको छ । क्युवाली क्रान्ति किन र यसको विचारधारा के ? उहाँले प्रस्ट्याउनुभएको छ ।

क्युवामा क्रान्तिको सफलतापछि सुरुआति चरणमै भूमिसम्बन्धी समस्या समाधानको नीति अगाडि बढाइएको थियो । जोत्नेलाई जमिन प्रदान गर्ने, उत्पादन वृद्धि र व्यवस्थापन गर्ने, बजार व्यवस्थापन गर्ने कार्यहरू थालिएको थियो ।

क्युवाको क्रान्तिकारी सरकारले अघि सारेको कृषि सुधार योजनाले सम्पत्तिसम्बन्धी व्यवस्थालाई नै रूपान्तरण गऱ्यो । कृषि सुधार क्युवाको औद्योगीकरणको आधारशिला बन्यो । क्रान्तिकारी सरकारलाई संरा अमेरिकाको तथाकथित प्रजातन्त्रले हमला गर्न कुनै कसर बाँकी राखेको थिएन । सम्पूर्ण ल्याटिन अमेरिकी देशहरूलाई आफ्नो आँगन मान्ने संरा अमेरिकाले ल्याटिन अमेरिकालाई आफ्नो कच्चा पदार्थको सस्तो स्रोत र आफ्नो बजार बनाएको छ । संरा अमेरिकालाई क्युवाको निकेल खानी र चिनी कारखानाहरू भेनेजुयलाको तेल, मेक्सिकोको कपास, चिलीको कपर, अर्जेन्टिनाको पशुधन, पाराग्वेको घाँसेमैदान, ब्राजिलको कफी आदि निर्वाध चाहिएको छ अर्थात् त्यसमा एकहट्टी र एकाधिकार चाहिएको हो । क्युवाली क्रान्तिले ल्याटिन अमेरिकामा पार्ने प्रभावदेखि तर्सिएर क्युवामाथि अमानवीय नाकाबन्दी थोपरिएको हो भन्ने बुझ्न गाऱ्हो छैन । क्युवाली क्रान्तिको प्रभाव रहेको भेनेजुयला र पुर्टोरिकोजस्ता देशहरूमा पनि संरा अमेरिकाले उत्पात मच्चाइरहेकै छ । हिंसा, युद्ध र विध्वंस मच्चाउनुलाई संरा अमेरिका बहादुरी ठान्छ । त्यसकारण, अमेरिकाका कुनाकाप्चाबाट स्वतन्त्रताका निम्ति आवाज बुलन्द गर्नुपर्छ भन्नुहुन्छ चे ग्वेभारा ।

चे ग्वेभाराले सन् १९६० अगस्त १९ मा चिकित्साका विद्यार्थी र स्वास्थ्यकर्मीहरूमाझ दिनुभएको मन्तव्य पनि सङ्कलित छ । उहाँले चिकित्साशास्त्रका विद्यार्थी र स्वास्थ्यकर्मीलाई क्रान्तिकारी बन्न घचघच्याउनुभएको छ । उहाँ भन्नुहुन्छ - "एकजना क्रान्तिकारी डाक्टर बन्न तिमी पहिला क्रान्ति निर्माणको बाटोमा हिँड्नुपर्छ । एकजना मेडिकल विद्यार्थीले मान्छेको शरीरका अङ्गहरू मात्र होइन समाजको चिरफार पनि गर्न सक्नुपर्छ ।" क्युवाली क्रान्तिको उदाहरण दिँदै उहाँ भन्नुहुन्छ, "विद्यार्थीलाई तालिम दिनु, हुर्काउनु, सेनालाई शिक्षा दिनु, आफ्नो पसिना बगाई जोतेको जमिनमा फलेको फसल काट्न नपाउने किसानलाई जमिनदारबाट खोसेर जमिन वितरण गर्नु नै साँचो अर्थमा सामाजिक ओखतीमूलो हो ।" डाक्टरहरूलाई मान्छेले मान्छेमाथि गरिरहेको शोषणको हेक्का हुनुपर्दछ । स-साना र अल्पविकसित देशहरूमाथि उपनिवेशवादी र साम्राज्यवादी देशहरूले गरिरहेको शोषणबारे उनीहरूलाई जानकारी हुनुपर्दछ । साधारण मजदुर-किसान र तिनका सन्तानहरूको अवस्था, रोग, भोक र मृत्युको कथा अवगत हुनुपर्दछ । अनि, त्यस्तो अव्यवस्थाविरुद्ध लड्ने सङ्कल्प गर्नुपर्दछ, तबमात्र क्रान्तिकारी डाक्टर बन्न सकिन्छ भन्नुहुन्छ चेग्वेभारा । जनताको माझमा नि:स्वार्थ सेवाभावसहित नजाने डाक्टरका स्टेथस्कोपहरू काम लाग्दैनन् । समाजको रोग पत्ता लगाउन नसक्ने मेडिकल सर्टिफिकेटहरू काम लाग्दैनन् । संसारका अँध्यारा कुनाहरूमा पुगेर सेवा गर्ने डाक्टरहरू जन्माउन क्युवाले शिक्षालाई प्राथमिकतामा राखेको हो । संरा अमेरिकाले संसारलाई ध्वस्त बनाउन बम बनाउँदै गर्दा क्युवाले महामारी र महाब्याधिविरुद्ध संसारलाई जोगाउने क्रान्तिकारी मेडिकल 'ब्रिगेड' हरू तयार गर्दै थियो । वर्गशत्रुविरुद्ध इस्पातझैं उभिने ब्रिगेडहरू नै क्युवाका भविष्य हुन् भन्नेमा चे ग्वेभारा उतिबेलै प्रस्ट हुनुहुन्थ्यो ।

सियरामायस्ट्राको पहाडमा लास मासैडिजमा कामिलो सियफुगोस विद्यालय निर्माण गर्न ३७ वटा देशबाट दुई महिनासम्म निरन्तर जुटेका १६० जना स्वयम्सेवकको बिदाइको समयमा चेले दिनुभएको मन्तव्य मार्मिक छ । "साम्राज्यवादले तयार पारेका हतियार सम्पन्न सेनाभन्दा आफ्नो देशको सिमाना पारी पिक र साबेल बोकी विद्यालयहरू निर्माण गर्ने स्वयम्सेवकहरूको कदर इतिहासले गर्नेछ । गाउँ-गाउँ र पहाडहरूमा विद्यालय निर्माण, अस्पताल निर्माण गर्नु पनि कामदार वर्गीय आन्दोलनको सिलसिला नै हो । संरा अमेरिकाको एक बजार नीति, सर्वश्रेष्ठताले गाँजेको प्रवृत्ति, अर्थतन्त्रमा एकाधिकार प्रणालीविरुद्ध स्वयम्सेवकहरूले ठाउँ-ठाउँ र गाउँ-गाउँमा चेतना जगाउनुपर्ने" सन्देश मन्तव्यमा छ ।

काला, गहुँगोरो, मजदुर र किसानको रङ्गले विश्वविद्यालय रङ्गिनुपर्दछ भन्ने भाषण चेले सन् १९५९ डिसेम्बर २८ मा लसभिल्लासको केन्द्रीय विश्वविद्यालयमा व्यक्त गर्नुभएको थियो । क्रान्तिपछिको कृषि सुधार, उत्पादनका साधनमा सामाजिकीकरण, एक लाखभन्दा बढी युवालाई स्वयम्सेवक शिक्षकको रूपमा क्युवाको गाउँगाउँ पठाउने र साक्षरता अभियान जनताको अत्यावश्यक आवश्यकता, औषधि, विद्युत् र टेलिफोनको करमा कटौती, सार्वजनिक शिक्षामा जोड, सार्वजनिक स्वास्थ चौकीहरू र अस्पताल स्थापनालगायतका कार्यहरूमा काला वर्णका, मुलाट्टो, मजदुर र किसान वर्गको सहभागिता अत्यधिक थियो । त्यसकारण, विश्वविद्यालय मजदुर र किसानको हुनुपर्दछ, विश्वविद्यालय कामदार जनताको हुनुपर्दछ । तबमात्रै क्रान्तिको रक्षा हुन्छ, समाजवाद निर्माणको क्रान्ति अगाडि बढ्छ भन्ने तर्क चे ग्वेभाराको हो । वर्तमानमात्र होइन भविष्य पनि शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्य क्युवाको बन्दोबस्तले लियो ।

क्युवाको आर्थिक विकासमा विश्वविद्यालयको भूमिका विषयमा चे ग्वेभाराले सन् १९६० मा हवानाको विश्वविद्यालयमा मन्तव्य राख्नुभएको थियो । त्यसो त शिक्षितहरूले नै मात्र देश रूपान्तरण गर्ने होइन । क्युवामा निरक्षर जनसेनाले नै क्रान्ति सफल पार्न सघाएको हो र विश्वविद्यालय निर्माण क्रान्तिकै एउटा उपलब्धि हो । यद्यपि, युग सुहाउँदो जनशक्तिको तयारी विश्वविद्यालयबाटै हुन्छ, शिक्षाबाटै हुन्छ भन्नेमा दुईमत छैन । चे ग्वेभाराले सन् १९६३ सेप्टेम्बर २९ मा वास्तुशास्त्रका विद्यार्थीको अन्तर्राष्ट्रिय सम्मेलनको समापनमा बोल्नुभएको थियो, "प्रविधि हतियार हो, कहिल्यै नबिर्सनू ! त्यो प्रविधि साम्राज्यवादविरुद्ध लक्षित हुनुपर्छ, समाजवादको सुन्दर व्यवस्था निर्माणमा समर्पित हुनुपर्छ । आर्किटेक्टहरूसँग सभ्यताको ज्ञान हुन जरुरी छ, त्यो सँगै मानवीयताको अनुभूति जीवित हुनुपर्छ । आर्किटेक्टले पनि राजनैतिक प्राणीको जीवन व्यतित गर्नुपर्छ । राजनैतिक बन्दोबस्तबारे अनविज्ञ आर्किटेक्ट युगभन्दा पछाडि पर्छ । आर्किटेक्टहरूले प्रयोग गर्ने प्रविधि देशको भलाइ र उन्नयनका निम्ति हुनुपर्दछ ।"

उहाँ भन्नुहुन्छ - "एउटा संरा अमेरिका निर्मित एम-वान राइफल छ । त्यो राइफल बाटिस्टाका सेनाहरूको हातमा पर्छ, त्यो हतियार अत्यन्त घृणित हुन्छ, विध्वंस मच्चाउँछ । तर, जब त्यही राइफल जनसेनाको हातमा पर्छ, असाध्यै सुन्दर देखिन्छ र जनजीवन जोगाउँछ ।" त्यसकारण, प्रविधिको सही र उत्तम प्रयोगबारे पनि युवा पुस्तालाई प्रशिक्षित बनाउनुपर्छ भन्नुहुन्छ चे ग्वेभारा ।

सङ्घर्षको मैदानमा उत्रेका युवाहरूलाई चे भन्नुहुन्छ- "हामी ऐना जस्तै हौं । जहाँ आफ्नो स्वतन्त्रताका निम्ति लडिरहेका विश्वका शोषित जनता आफै प्रतिविम्बित हुन्छन् ।" त्यसकारण, कम्युनिस्ट युवाहरू देशको सीमाभित्र मात्र सीमित रहनु हुँदैन । युवाहरूले सर्वहारावादी अन्तर्राष्ट्रवादको अभ्यास र आत्मसात् गर्न जरुरी हुन्छ । युवा कम्युनिस्टहरू काम, पढाइ, अध्ययन र देशको रक्षाका मोर्चाहरूमा सदैव पहिला अर्थात् अग्रपङ्क्तिमा हुनुपर्दछ । युवाहरू राष्ट्रिय-अन्तर्राष्ट्रिय विषयहरूमा जानकार र छलफलमा भाग लिन सक्ने बन्नुपर्छ, त्यसपछि भविष्य निर्माण उज्ज्वल हुनेमा सन्देह हुन्न भन्नुहुन्छ चे ग्वेभारा । 'समाजवाद' या 'मातृभूमि', 'समाजवाद' या 'मृत्यु' को भावनाले काम गरेका क्युवाली युवाबाट विश्वले सिक्नुपर्ने सन्देश पुस्तकले दिन्छ ।

पुस्तकमा क्युवाको युवा कम्युनिस्ट सङ्गठनको विषयमा चर्चा छ । सङ्गठन आफैमा एउटा सङ्घर्षको मोर्चाको रूपमा विकास गर्न र क्रान्ति निर्माण गर्न चेका ऊर्जाशील मार्गनिर्देशनहरू सङ्कलित छन् । युवा महिलाहरूको सङ्गठन निर्माणमा जोड दिनुपर्ने आवश्यकता औंल्याइएको छ । देशको रक्षार्थ नलड्ने, कुरूप पुँजीवादविरुद्ध मुट्ठी नकस्ने, हिंस्रक साम्राज्यवादविरुद्ध रगत नबगाउने, उपनिवेश र नवउपनिवेशवादविरुद्ध सङ्घर्ष नगर्ने युवा साँच्चैका युवा बन्न सक्दैन । सर्वहारावर्गको पक्षमा समर्पित सेवाभावले नउत्रने युवा अनि सङ्घर्षका सम्पूर्ण मोर्चाहरूबाट भाग्ने युवा साँच्चैको युवा हुन सक्दैन । बोली मिठो बोल्ने, सिद्धान्त विचारको फलाकोबाजी गर्ने तर आवश्यकता पर्दा मैदानमा नउत्रने र माटोसँग नजोडिने युवा पनि साँच्चैका युवा होइनन् भन्ने सन्देश पुस्तकले दिन्छ ।

पुस्तकमा फिडेल क्यास्ट्रोले सन् १९९७ अक्टोबर १७ का दिन चेको सम्झनामा व्यक्त गर्नुभएको मन्तव्य पनि सङ्ग्रहित छ । संरा अमेरिकी सैन्य अधिनायकत्वविरुद्ध सङ्घर्ष गर्दागर्दै चे ग्वेभारा बोलिभियामा मारिनुभयो । तर, उहाँ क्युवाली क्रान्ति र क्युवाको समाजवादी बन्दोवस्तमा जीवित हुनुहुन्छ । क्युवाली क्रान्तिका एक सम्झनैपर्ने योद्धा चे ग्वेभारालाई विश्वले सम्झन्छन् । उहाँले देख्नुभएको सपना, साम्राज्यवादको पतनको सपना, समाजवादी आन्दोलनको विजयको सपनामा उहाँ जीवित हुनुहुन्छ । संसारमा साम्राज्यवाद, प्रभुत्ववाद, शोषण, अतिक्रमण रहेसम्म त्यसविरुद्ध सङ्घर्षका निम्ति चे ग्वेभारा ऊर्जा बनिरहनुहुनेछ ।

भेदभाव, रोग, भोक, शोषण, अत्याचारको शृङ्खला जबसम्म चल्छ तबसम्म त्यसविरुद्ध लड्नुहुने चे ग्वेभारा सम्झिइनुहुनेछ । आन्दोलन र क्रान्तिका धोकेबाजहरूका निम्ति, भ्रष्टाचारी र अवसरवादीहरूका निम्ति चेग्वेभारा हाँक बनेर उभिनुभएको इतिहास ताजै छ । उहाँको इस्पातजस्तो मनोबल, क्रान्तिप्रतिको विश्वास लगनशीलता र जुझारूपन, काम गर्ने र अध्ययन गर्ने इच्छाशक्तिलाई आजका युवाहरू अनुसरण गर्दै छन् ।

चे ग्वेभारा क्युवाको नयाँ क्रान्तिकारी सरकारमा कृषि सुधारका राष्ट्रिय एकाइको औद्योगीकरण विभागको प्रमुख हुनुभयो, राष्ट्रिय बैङ्कको अध्यक्ष बन्नुभयो, उद्योगमन्त्री बन्नुभयो, क्रान्तिकारी सैन्यशक्तिमा अधिकारीको रूपमा काम गर्नुभयो । त्यसपछि उहाँले क्युवामात्र होइन अन्य देशमा पनि क्रान्ति सफल बनाउनुपर्छ भनी हिँड्नुभयो । बोलिभियामा क्रान्तिको परिस्थिति तयार नभइकनै उहाँले लिनुभएको त्यो निर्णय अपरिपक्व सिद्ध भयो । उहाँको भौतिक शरीर अस्ताएपनि विचारको रातो झन्डा सदा फहरिरहनेछ । फिडेल क्यास्ट्रोले उहाँलाई यसरी नै प्रेमपूर्वक सम्झनुभएका सन्दर्भहरू पुस्तकमा छन् । पुस्तक संसारका युवाहरूलाई ऊर्जा प्रदान गर्न, वैचारिक स्पष्टता प्रदान गर्न सफल छ । चे ग्वेभारा जन्मदिवस नजिकिँदै गर्दा अध्ययन गर्न छुटाउन नहुने उहाँका पुस्तकमध्ये यो पनि हो । अङ्ग्रेजी र स्पेनियाली भाषामा प्रकाशित यस पुस्तकका निम्ति पाथफान्डर प्रेसलाई धन्यवाद !

# आर्थिक विकास भनेको के हो ?

● प्रभात पटनायक

सन् १७७६ मा अर्थविद् एडम स्मिथले 'राष्ट्रको धन' पुस्तक लेखे। पुस्तकमा उनले धन बढाउनुलाई राज्यको नीतिले आफ्नो अभीष्ट बनाउनुपर्ने लेखे। तर, यो लेख्दै गर्दा उनले राज्यका विभिन्न वर्गबिच आयको वितरणले कुनै अर्थ राख्दैन भनेका थिएनन्। त्यस्तै अर्का अर्थविद् थिए - डेभिड रिकार्डो। कामदारहरूको जीवनस्तर उकास्ने विषयमा उनले चासो नै नदिएको भन्न मिल्दैन। तर, स्मिथ र रिकार्डोले आयको वितरणलाई कम महत्त्व दिएको साँचो हो। राष्ट्रको आय कति ठुलो हुने भन्ने कुरा राष्ट्रको धन (पुँजी भण्डार) ले तय गर्ने हुँदा उनीहरू त्यसमा बढी केन्द्रित भए। उनीहरूको विचारमा आयको वितरण राज्यको नीतिसँग जोडिने विषय थिएन। माल्थसको जनसङ्ख्या सिद्धान्तमा विश्वास गर्ने हुनाले शास्त्रीय राजनीतिक अर्थशास्त्रले कामदारलाई बाँच्न मिल्नेसम्म ज्याला दिए पुग्छ भन्थ्यो। कामदारलाई बढी ज्याला दिए जनसङ्ख्या वृद्धि हुन्छ र त्यो स्थितिमा श्रमको आपूर्ति मागभन्दा बढी हुन्छ र ज्याला फेरि पुरानै अवस्थामा फर्किन्छ भन्ने तर्क थियो। त्यसैले आयको वितरणमा सुधार गर्ने कुरा राज्यको नीतिमाभन्दा कामदार जनताको आनीबानीमा निर्भर छ भन्ने मानिन्थ्यो। राज्यले पुँजीको भण्डार तथा त्यसबाट आउने आयलाई बढाउन सहजीकरण मात्र गर्न सक्छ भन्ने थियो।

शास्त्रीय अर्थशास्त्रको अभीष्ट नै धन र आय बढाउनु थियो किनभने त्यसले आयको वितरणमा राज्यले एकदम थोरै मात्र गर्न सक्छ भन्ने विश्वास गर्थ्यो। राज्यले आयको वितरणलाई प्रभावित गर्ने परिस्थिति बन्छ भने पनि उसले आयको आकारमा मात्र ध्यान दिनुपर्छ; अथवा, आयको वितरणलाई बिगारेर यदि समग्र आयलाई बढाउन सकिन्छ भने राज्यले वितरणलाई बिगार्ने नीतिसमेत लिनुपर्छ - अर्थशास्त्रमा यो एकदम नौलो विचार हो। यो नवउदारवादी पुँजीवादको विचारधारा हो। यसको जरा शास्त्रीय अर्थशास्त्रमा पाइन्न।

नवउदारवादी युगमा पुँजीलाई विश्वव्यापी बनाइन्छ तर श्रम देशविशेषमा सीमित हुन्छ। उच्च धनसञ्चयको लागि अन्य देशको दाँजोमा आकर्षक माहोल बनाउनुपर्छ भन्ने मानिन्छ। आकर्षक माहोलको अर्थ ज्याला घटाउनुपर्छ भन्नु हो। यसकारण, नवउदारवादी पुँजीवादलाई अङ्गीकार गर्ने देशले मजदुरविरोधी नीति अपनाउनुपर्ने हुन्छ। उच्च कूल गार्हस्थ उत्पादन ( जिडिपी) बढाउनका लागि त्यस्तो देशले मजदुरको ज्याला घटाउनुपर्छ, मजदुरका हकअधिकार खोस्नुपर्छ। आर्थिक विकासलाई जिडिपी वृद्धिको आधारमा परिभाषित गर्नुलाई शास्त्रीय राजनीतिक अर्थशास्त्रले उचित मान्दैन। यो कुरा बहुसङ्ख्यक जनताको हितमा पनि छैन। यसले खालि एकाधिकार पुँजीको प्रतिनिधित्व गर्छ; अर्थात नवउदारवादी पुँजीवादको प्रतिनिधित्व गर्छ किनभने नवउदारवादी पुँजीवादमा एकाधिकार पुँजीको हैकम चल्छ।

जिडिपी बढाउनु नै आर्थिक विकास हो भन्ने यो विचारधाराको प्रचारप्रसार अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैङ्कजस्ता ब्रेडन वुड्स संस्थाले गरेका थिए। यो विचार मौलाएसँगै विकास अर्थशास्त्रमा सैद्धान्तिक प्रतिक्रान्ति भयो। यी संस्था त्यो प्रतिक्रान्तिका केन्द्र बने। दु:खको कुरा त के छ भने धेरै प्रगतिशील भनाउँदा अर्थशास्त्रीहरू समेत त्यो विचारधाराको जालमा परे। शास्त्रीय अर्थशास्त्रले नै यो विचारधारा दिएको हो कि भन्ठानेर कतिपय प्रगतिशीलहरू जिडिपी बढाउनुपर्ने भाउँतोमा लागे।

जिडिपी वृद्धि नै आर्थिक विकास हो भन्ने धारणालाई अस्वीकार गर्नु नै वस्तुपरक आलोचनात्मक सोचको पहिलो पाइला हुनुपर्छ। यसको अर्थ मुद्राकोष र विश्व बैङ्कजस्ता संस्थाले मात्र होइन दक्षिणी गोलार्द्धका सरकारहरूले समेत जसलाई आर्थिक 'सफलता' को मापदण्ड बनाएका छन्, त्यसलाई अस्वीकार गर्नुपर्छ।

नवउदारवादी युगमा भारतका विभिन्न सरकारले जिडिपी वृद्धिलाई आर्थिक 'सफलता' को एकमात्र मापदण्ड बनाएका छन्। जिडिपीको तीव्र वृद्धिदरलाई देखाउँदै ती सरकारले नवउदारवादी अर्थनीति पहिलेको राज्यनियन्त्रित अर्थनीतिभन्दा उन्नत भएको दाबी गरेका छन्। नवउदारवादी अर्थनीति अपनाउँदा निरपेक्ष कुपोषण र आयमा असमानता ह्वात्तै बढ्यो। तैपनि उनीहरूले नवउदारवादी अर्थनीतिको पक्ष लिइरहे। उदाहरणको लागि 'विश्व असमानता डेटाबेस' का अनुसार स्वतन्त्रताको बेला (सन् १९४७ मा) भारतका शीर्ष १ प्रतिशत धनाढ्यहरूसँग देशको कूल १२ प्रतिशत आय थियो भने सन् १९८२ मा त्यो खस्केर ६ प्रतिशत भयो। त्यो बेला भारतमा राज्यनियन्त्रित अर्थनीति अपनाइएको थियो। तर, नवउदारवादी युगमा आउँदा सन् २०२२-२३ मा भारतका शीर्ष १ प्रतिशत धनाढ्यसँग देशको कूल २३ प्रतिशत आय छ। पछिल्लो सय वर्षको आँकडा हेर्दा यो धनको सबैभन्दा उच्च केन्द्रीकरण हो।

पूर्व योजना आयोगले प्रत्येक व्यक्तिले दिनको औसत २२ सय क्यालोरी आहार नपाउनुलाई ग्रामीण गरिबीको मापदण्ड बनाएको थियो। यो जनसङ्ख्या सन् १९७३-७४ देखि १९९३-९४ सम्म लगभग स्थिर रह्यो। (सन् १९७३-७४ बाट भारतमा गरिबीको अध्ययन सुरु भएको थियो।) सन् १९९३-९४ मा ५८ प्रतिशत रहेको ग्रामीण गरिबीको अनुपात सन् २०११-१२ मा बढेर ६८ प्रतिशत पुग्यो। सन् २०१७-१८ मा झन् चर्केर ८० प्रतिशत पुग्यो। यो भयावह स्थिति थियो। त्यसैले, भारत सरकारले त्यो वर्षपछि यो तथ्याङ्क निकाल्न बन्द गर्‍यो। तथ्याङ्क सङ्कलनको लागि अर्कै विधि अपनाउन थालियो ! प्रतिव्यक्ति दैनिक २१ सय क्यालोरी आहार नपाउने सहरी जनताको कूल सङ्ख्याले सहरी गरिबीको मापन गरिन्थ्यो। सन् १९९३-९४ मा ५७ प्रतिशत रहेको त्यो जनसङ्ख्या सन् २०११-१२ मा ६५ प्रतिशत पुग्यो। (उत्सा पटनायक, गरिबीको प्रश्न केलाउँदा।) तथ्याङ्कले यसो भनिरहँदा पनि भारत सरकारले नवउदारवादी अर्थयुगमा चमत्कारी 'आर्थिक विकास' भएको दाबी गर्न छोडेको छैन !

भारत सरकारले जिडिपी वृद्धिलाई देखाएर आर्थिक विकास भइरहेको अर्थहीन दाबी गर्नुको पछाडि अर्कै कारण छ। हालै मुद्राकोषले पछिल्लो वर्ष बङ्गलादेशको प्रतिव्यक्ति जिडिपी वृद्धि भारतकोभन्दा थोरै बढी भएको अनुमान गर्‍यो। आर्थिक विकासको मापदण्ड अनुसार बङ्गलादेश आज भारतभन्दा अलि बढी विकासित छ। तैपनि, प्रधानमन्त्री मोदीदेखि लिएर तल्लो तहका हिन्दुत्ववादीहरू समेत लेघ्रो तान्दै भारतमा बङ्गलादेशी घुसपैठ भएको बताउँदै छन्। कतिपयले त घुसपैठियाहरूलाई बङ्गलादेशमै 'धपाउनुपर्ने' माग गर्दै छन्। यहाँनिर प्रश्न उठ्छ - बढी विकसित देशबाट कम विकसित देशमा किन कसैले ठुलो सङ्ख्यामा घुसपैठ गर्ला ? अथवा, विकासको उही स्थितिमा रहेको एउटा देशबाट अर्को देशमा मानिसहरूले किन बसाइ सर्लान् ? यसको दुई अर्थ लाग्छ। कि त भारतमा बङ्गलादेशबाट ठुलो सङ्ख्यामा घुसपैठ भएको हिन्दुत्ववादीहरूको दाबी गलत छ। नत्र प्रतिव्यक्ति जिडिपीलाई आर्थिक विकासको मापदण्ड मान्ने सरकारहरूको दाबी अपूरो वा खोटो छ।

यस्तो स्थितिमा अर्को प्रश्न उठ्छ - आर्थिक विकासको सूचकाङ्क के हुनुपर्ला ? यसको जवाफबारे हामी यहाँ चर्चा गर्दैनौँ। बरु उदाहरणको रूपमा एउटा स्वभाविक सूचकाङ्क प्रस्तुत गर्छौँ। यो सूचकाङ्क ब्रेटन वुड्स संस्थाहरूले जोड दिने र भारत सरकारले स्वीकार गर्ने प्रतिव्यक्ति जिडिपीभन्दा गतिलो छ। लोकतान्त्रिक संविधानयुक्त देश वा बहुसङ्ख्यक जनताको हातमा राजनीतिक सत्ता अन्तर्निहित हुने देशहरूमा जनतालाई आर्थिक रूपमा सबल बनाउने समानान्तर प्रक्रिया चलाइनुपर्छ; यो नै आर्थिक विकासको मूल मर्म बन्नुपर्छ। सारा देशवासीको 'औसत वास्तविक आय' को दाँजोमा बहुसङ्ख्यक कामदार जनताको 'औसत वास्तविक आय' यस्तो आर्थिक सबलीकरणको गतिलो सूचकाङ्क बन्न सक्छ। सारा जनतालाई हिसाब गर्दा शीर्ष १ प्रतिशत वा शीर्ष १० प्रतिशत धनाढ्यहरू तथा बाँकी जनताबिच पुँजीवादले गर्दा बढिरहेको विशाल असमानता ढाकिन सक्छ।

कामदार जनताको औसत वास्तविक आयको अनुमान गर्दा कैयन चुनौती आउन सक्छन्। तर, यी चुनौती पन्छ्याउन सकिन्छ। सुरुमा निम्नतम ८०-९० प्रतिशत जनताको 'औसत वास्तविक आय' मा आएको वृद्धिलाई देशको आर्थिक विकासको सूचकाङ्कको रूपमा लिन सक्छौँ। एउटा उदाहरणबाट यसलाई बुझ्न सकिन्छ। जस्तो, सन् १९८२ देखि २०२२-२३ बिच ४० वर्षमा वास्तविक राष्ट्रिय आयको औसत वार्षिक वृद्धिदर ६.५ प्रतिशत छ र 'विश्व असमानता डेटाबेस' ले अनुमान गरेको आयको वितरणलाई सही मान्ने हो भने शीर्ष १ प्रतिशत धनाढ्यहरूको प्रतिव्यक्ति वास्तविक आयमा भएको वार्षिक वृद्धिदर ५.५ प्रतिशत हुन्छ र बाँकी ९९ प्रतिशत जनताको वृद्धिदर १.५ प्रतिशत हुन्छ; यति नै बेला सारा जनताको औसत वृद्धिदर भने २ प्रतिशत हुन्छ। १.५ र ५.५ प्रतिशतबिच स्पष्ट देखिने खाडलले विकासको सूचकाङ्कको रूपमा जिडिपी वृद्धिदर कति भ्रामक हुन्छ भन्ने पुष्टि गर्छ।

जनतालाई राजनीतिक रूपमा सबल बनाउने संविधानको शपथ खानु र जनतालाई आर्थिक रूपमा निर्बल बनाउने अर्थव्यवस्था चलाउनु




विरोधाभाषपूर्ण छ। यो अन्तर्विरोधलाई हल गर्न कामदार जनताको औसत वास्तविक आयमा आएको वृद्धिलाई विकासको सूचकाङ्क बनाउनुपर्छ।

संविधान जारी गर्ने बेला भारतको संविधानका रचयिता बिआर अम्बेडकरले संविधानसभामा आफ्नो अन्तिम मन्तव्य राखेका थिए। मन्तव्यमा उनले यही अन्तर्विरोधतर्फ सबैको ध्यान तानेका थिए; यो अन्तर्विरोध हल नगरेसम्म राजनीतिक लोकतन्त्र/प्रजातन्त्र सधैँ सङ्कटमा परिरहने चेतावनी दिएका थिए। यो चेतावनी सोर्‍है आना साँचो थियो। देशको सार्वजनिक बहसमा आर्थिक विकाससम्बन्धी उपयुक्त मान्यता स्थापित गर्नु नै यो अन्तर्विरोधलाई हल गर्न चाल्नुपर्ने पहिलो पाइला हो।

(स्रोत : एमआर अनलाइन। सम्यक)

# के हो राष्ट्रपति ट्रम्पलाई चिनियाँ समकक्षी सीले चेतावनी दिएको 'थुसिडाइड्स ट्र्याप' ?

● डेभिड एम प्रिटचार्ड

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच यो साता बेइजिङमा शीर्ष भेटवार्ता भयो। भेटमा सीले अमेरिकी समकक्षी ट्रम्पलाई आफ्नो देशले 'थुसिडाइड्स ट्र्याप' मा फस्नबाट बच्नुपर्ने चर्चा गरेको बताइएको छ। सन् २०१० को दशकको सुरुमा अमेरिकी राजनीतिशास्त्री ग्राहम एलिसनले लोकप्रिय बनाएको यो पदावलीलाई दुई शक्तिशाली देश कसरी युद्धमा फस्न सक्छन् भनेर वर्णन गर्न प्रयोग गरिन्छ। विशेषत: विद्यमान महाशक्ति राष्ट्र उदाउँदो शक्तिको कारण चिन्तित हुँदा यस्तो अवस्था आउन सक्ने यस अवधारणाले बताउँछ। र, एलिसनले यो पदावली विशेष गरी चीन र अमेरिकालाई मध्यनजर गरेर प्रस्तुत गरेका थिए।

यसको नाम एथेन्सका इतिहासकार तथा जनरल थुसिडाइड्सबाट लिइएको हो, जसले ईसापूर्व ४३१ मा एथेन्स र स्पार्टाबिच भएको २७ वर्षे 'पेलोपोनेसियाली युद्ध' माथि बृहत् इतिहास लेखेका थिए। आफ्नो पुस्तकमा थुसिडाइड्सले खासमा के भनेका थिए ? र एथेन्स र स्पार्टाको अनुभव अमेरिका-चीनबिचको वर्तमान अवस्थासँग कत्तिको मेल खान्छ ? यहाँ त्यसैको वर्णन गरिएको छ।

**एथेन्स-स्पार्टा युद्धसँग जोडिएको इतिहास**

'थुसिडाइड्स ट्र्याप' पदावलीले भन्छ कि कुनै स्थापित महाशक्तिले आफू पछि पर्ने भयले उदाउँदो शक्तिसँग नराम्रो व्यवहार गर्ने गर्छ र यसले दुई देशबिच युद्ध एक मात्र विकल्प नहुँदानहुँदै पनि युद्धको सम्भावना बढ्दै जान्छ। यो अवधारणा एथेनियन जनरल थुसिडाइड्सले लेखेको 'पेलोपोनेसियन युद्धको इतिहास (पुस्तक एक, अध्याय २३)' मा उल्लेख उद्धरणमा आधारित छ। पुस्तकमा थुसिडाइड्सले भनेका छन् : 'एथेन्सको बढ्दो शक्ति र यसले लेसेडेमोन (स्पार्टा) मा बढाएको डरको भावनाले युद्धलाई अपरिहार्य बनायो।'

अर्को शब्दमा, जनरल थुसिडाइड्सले पेलोपोनेसियाली युद्धलाई अपरिहार्य बनाउने पक्षमा एथेनियन शक्तिको उदय भएको विषयलाई जोड दिएका छन्। त्यतिखेर धेरै ग्रिकवासीले एथेन्स र स्पार्टा ससाना विवादकै कारणले पटक-पटक लडिरहेको भनिरहेका थिए। तर, थुसिडाइड्सले त्यसभन्दा फरक विचार राख्दै भने कि स्पार्टा (परम्परागत महाशक्ति) लाई नयाँ शक्तिशाली राज्य एथेन्सको उदयप्रति उत्पन्न चिन्ता नै युद्धको मूल कारण थियो।

थुसिडाइड्सले एथेन्स र स्पार्टाबारे व्यक्त गरेका विचार अहिलेको सन्दर्भमा तुलना गर्दा चीनको उदयको बारेमा स्थापित महाशक्ति अमेरिकाको चिन्ताले अन्य विकल्प उपलब्ध हुँदाहुँदै दुई देश युद्धतर्फ धकेलिन सक्ने भन्छ। तथापि, प्राचीन ग्रिसको इतिहासका कैयौँ अध्येताहरूले भने यस पदावली जुन सन्दर्भमा प्रयोग भइरहेको छ, त्यसप्रति असन्तुष्टि जनाएका थिए।

**विवादित पदावली**

यस पदावलीमा रहेको 'ट्र्याप (फन्दा)' शब्दले ईसापूर्व ४३१ को घटनामा स्पार्टाले चालेको कदम गलत भएको र उसले फरक ढङ्गले कदम चाल्न सक्थ्यो भन्ने सङ्केत गर्छ। तर,

बाँकी पृष्ठ ७ मा

# भारतमा प्रान्तीय निर्वाचन र जेन–जीको बढ्दो मिथक

● विजय प्रसाद



भारतका चार राज्यहरू असम, केरला, तमिलनाडु र पश्चिम बङ्गाल ( जहाँ २९ करोड मानिसको बसोबास छ)–मा १२ करोड ३० लाखभन्दा बढी मानिसले आफ्नो प्रदेश सभाका लागि मतदान गरे । यी प्रभावशाली राज्यहरू हुन्: दुई दक्षिणमा, एउटा पूर्वमा र एउटा उत्तर-पूर्वमा अवस्थित छन् । आगामी राष्ट्रिय संसदीय निर्वाचन सन् २०२९ सम्म तय नभएकाले यी चुनावहरूलाई केन्द्र सरकारको भविष्यको सूचकका रूपमा हेरिएको छैन । यद्यपि, इन्धन र खाद्य मुद्रास्फीतिका कारण प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले चुनौतीहरूको सामना गरिरहेको सन्दर्भमा, यी चुनावहरू उनको लोकप्रियताको सूचक बनेका छन् ।

यस निर्वाचनका तीनवटा तात्कालिक निष्कर्षहरू छन्: पहिलो, 'विशेष सघन संशोधन' (SIR) मार्फत निर्वाचनमा गरिएको राज्यस्तरको हेरफेरले चुनावी प्रक्रियाप्रतिको विश्वासलाई निश्चित रूपमा कमजोर बनाएको छ, किनकि यसले मोदीको भारतीय जनता पार्टी (भाजपा) लाई पश्चिम बङ्गाल (जनसङ्ख्या १० करोड) मा विजय हासिल गर्न सक्षम बनाएको रूपमा हेरियो; दोस्रो, जेन-जी परिघटना, वा विचारधारा पछिको राजनीतिक लहर, तमिलनाडु (जनसङ्ख्या ७.७ करोड) मा चलचित्र स्टार विजयको तामिलागा भेत्री कभ्गम (TVK) को विजय मार्फत भारतमा प्रवेश गरेको छ; तेस्रो, केरला (जनसङ्ख्या ३.६ करोड) मा लेफ्ट डेमोक्रेटिक फ्रन्ट (LDF) को पराजयसँगै पाँच दशकमा पहिलो पटक भारतको कुनै पनि भागमा कम्युनिस्ट नेतृत्वको सरकार हुने छैन ।

**सत्ता विरोधी लहर?**

प्रचलित धारणा के छ भने पश्चिम बङ्गाल, तमिलनाडु र केरला गरी तीनवटै राज्यका बहालवाला सरकारहरू सत्ताविरोधी लहरमा चुनाव हारे । तर, सूक्ष्म रूपमा परीक्षण गर्दा यो निकै सरल तर्क हुन सक्छ । उदाहरणका लागि, केरलामा कम्युनिस्ट नेतृत्वको एलडिएफ सरकारले गरेको प्रभावशाली कामले चरम गरिबीको उन्मूलन गऱ्यो (यसो गर्ने पहिलो भारतीय राज्य र चीन बाहिरको पहिलो स्थान) र शिशु मृत्युदर प्रति १,००० जीवित जन्ममा ५ भन्दा तल झार्यो (जुन संयुक्त राज्य अमेरिकाको भन्दा कम हो)। मतदाताहरूले एलडिएफलाई हालैका समयको सबैभन्दा गम्भीर पराजय दिनुपर्ने कुनै कारण थिएन ।

मोदीको केन्द्र सरकारले यी तीनवटै सरकारहरूलाई तह लगाउन सम्पूर्ण राज्य संयन्त्रको प्रयोग गऱ्यो, किनकि तिनीहरूका नेताहरूले विभिन्न मुद्दाहरूमा मोदीको राष्ट्रिय सरकारविरुद्ध मोर्चाबन्दीको नेतृत्व गरेका थिए । मुख्य समस्या के हो भने मोदी भारतको सङ्घीय प्रणालीलाई कमजोर पार्न र नयाँ दिल्लीमा शक्ति केन्द्रित गर्न चाहन्छन् । गैर-भाजपा राज्य सरकारहरूले यसको कडा प्रतिरोध गरेका छन्, जसमा दक्षिण भारतका राज्यहरूबाट सबैभन्दा तिखो आलोचना आएको छ । दक्षिणी राजनीतिक नेताहरूको तर्क के छ भने, उनीहरू आर्थिक रूपमा गतिशील भएका कारण त्यहाँको जनसङ्ख्या उत्तरको जस्तो बढ्न सकेन, जसको अर्थ राष्ट्रिय चुनावी नक्साको कुनै पनि संशोधनमा उनीहरूले केन्द्रीय विधायिकामा आफ्नो शक्ति गुमाउनेछन् । यी प्रान्तीय चुनावहरूमा मोदीले तीनैजना नेताहरू (पश्चिम बङ्गालकी ममता बनर्जी, तमिलनाडुका एम. के. स्टालिन र केरलाका पिनरायी विजयन) लाई निशाना बनाए र उनीहरूलाई हराए । राज्य संयन्त्रको प्रयोगको एउटा पाटो भारतको निर्वाचन आयोगद्वारा पश्चिम बङ्गालमा कम्तीमा २७ लाख मतदाताहरूको नाम हटाउनु थियो, साथै धार्मिक आधारमा मतदाताहरूलाई ध्रुवीकृत गर्न अत्यधिक उत्तेजक मुस्लिमविरोधी भाषा (विशेष गरी पश्चिम बङ्गालमा बङ्गलादेशबाट आप्रवासीहरूको "घुसपैठ" को कुरा) प्रयोग गरिएको थियो । यस प्रतिस्पर्धामा बनर्जी र स्टालिन दुवैले आ-आफ्नो सिट गुमाए ।

**भारतमा जेन-जीको आगमन ?**

तमिल चलचित्रका ठुला स्टार चन्द्रशेखरन जोसेफ विजयले आफ्ना ८५,००० फ्यान क्लबहरूमार्फत आफ्नो पार्टी (TVK) घोषणा गरे, जुन तमिलनाडुको चलचित्र स्टार, फ्यान क्लब र राजनीतिक संयन्त्रबिचको लामो परम्परामा आधारित थियो । तर उनको अभियानमा केही नयाँपन थियो । उनको सम्पूर्ण शैली डिजिटल निपुणता, अनलाइन दर्शकहरूलाई आकर्षित गर्ने सामाजिक मुद्दाहरूप्रतिको सचेतना र परम्परागत श्रेणीबद्ध प्रणालीप्रतिको अधीरताबाट प्रेरित थियो । उनको अभियानको उत्साह, दलीय वफादारी स्वीकार नगर्ने प्रवृत्ति र विजयको टोलीले राजनीतिक अपीलभन्दा सांस्कृतिक अपील जगाउन सावधानीपूर्वक तयार पारेका राजनीतिक सन्देशहरूले उनको लोकप्रियतालाई ध्रुवीकृत मतदाताको सीमाभन्दा बाहिर फैलाइदियो । सन् १९७४ मा जन्मेका विजयले युवा मतदाताहरू माझ यसरी पहुँच बनाए कि उनले लोकप्रिय प्रशासक मानिने स्टालिन (जन्म १९५३) र अर्का मुख्य विपक्षी एडापाडी पलानीस्वामी (जन्म १९५४) लाई ओझेलमा पारिदिए । तर विजयको यो परिघटना दृश्य र प्रचारमा बलियो देखिए पनि नीति वा प्रशासनिक क्षमतामा भने कमजोर छ । यसले बङ्गलादेशको जेन-जी आन्दोलनलाई अगाडि बढाउँछ जसको परिणामस्वरूप चुनावमा दक्षिणपन्थीहरूको विजय भएको थियो, र नेपालको जेन-जी आन्दोलनलाई पनि, जसले केन्द्र-दक्षिणपन्थी अस्पष्टता विशेषता भएको सरकार निम्त्याएको थियो ।

तमिल चलचित्रका ठुला स्टार चन्द्रशेखरन जोसेफ विजयको सम्पूर्ण शैली डिजिटल निपुणता, अनलाइन दर्शकहरूलाई आकर्षित गर्ने सामाजिक मुद्दाहरूप्रतिको सचेतना र परम्परागत श्रेणीबद्ध प्रणालीप्रतिको अधीरताबाट प्रेरित थियो ।

धेरै अर्थमा, पश्चिम बङ्गालमा मोदीको भाजपाको जित पनि जेन-जी लहरबाटै निर्मित भएको जस्तो महसुस भयो । यस पटक यो एक प्रकारको छद्म हिन्दुत्व थियो । अर्थात् अनौपचारिक आप्रवासी विरोधी र मुस्लिम विरोधी अभिव्यक्ति तथा राजनीतिप्रतिको अस्पष्टताभित्र लुकेको हिन्दु शक्ति। सामाजिक सञ्जालहरूमा युवाहरूलाई केन्द्रित गरेर न्यारेटिभहरू चलाइएका थिए, जसमा भ्रष्टाचार विरोधी र पारदर्शिता जस्ता विषयहरू 'पाका पुस्ता विरोधी' सुनिएका थिए । भाजपाका नेता सुवेन्दु अधिकारी (जन्म १९७०) ममता बनर्जी (जन्म १९५५) भन्दा कान्छा हुनुले पनि उनलाई नयाँ पुस्ताको आगमनका रूपमा प्रस्तुत गर्न मद्दत पुऱ्यायो । युवा उम्मेदवारको मुस्कान र पश्चिम बङ्गाल भाजपाको सामाजिक सञ्जालको चमकधमक मुनि मतदाताहरूको अधिकार कटौती, चुनावी प्रचारको धार्मिक कट्टरता र भाजपाको हिन्दुत्व विचारधाराको पुरातन स्वरूप लुकेको छ । जुन केवल सय वर्षअघि सिर्जित एक प्राचीन काल्पनिक कथामा आधारित छ । सञ्चारमाध्यममा सिपालु व्यक्तित्वहरूले वास्तविक समस्याहरू समाधान गर्न वास्तविक विचारको आवश्यकतालाई नै धराशायी बनाइदिए । युवाहरू कुनै परिवर्तनको माग गर्दै सडकमा उत्रिनुभन्दा पनि यही प्रवृत्ति नै 'जेन-जी' परिघटनाको सार हो ।

**आप्रवासी मतदाताहरू**

पश्चिम बङ्गालमा भाजपाले बङ्गलादेशबाट आएका आप्रवासीहरूलाई निशाना बनायो, तर यसले अन्य आप्रवासीहरूको मनमा खिन्नता पैदा गरिदियो । सन् २०११ को जनगणना अनुसार, भारतमा आन्तरिक रूपमा बसाइँसराइ गर्ने ४५ करोड ६० लाख कामदारहरू थिए । जुन कुल जनसङ्ख्याको एक तिहाइभन्दा बढी हो । तर यीमध्ये अधिकांश कामदारहरूले आफूले काम गर्ने राज्यमा मतदान गर्न पाउँदैनन्, किनकि मतदान स्थायी ठेगानासँग जोडिएको हुन्छ र धेरैजसो आप्रवासीहरू आफ्नो पुर्ख्यौली गाउँमै दर्ता भएका हुन्छन् । फलस्वरूप, कामदारहरू मतदान गर्न घर फर्किनुपर्छ, जुन खर्चिलो र असुविधाजनक दुवै हुन्छ । यसले गर्दा उनीहरूको क्षेत्रमा मतदाताको उपस्थिति न्यून हुने गर्दछ । भारतीय लोकतान्त्रिक संस्थाहरूको एउटा ठुलो सीमा नै आप्रवासी कामदारहरूको यो अनौपचारिक मताधिकार वञ्चितीकरण हो, जो प्राय: भारतको उत्तरका गरिब राज्यहरूबाट दक्षिणका बढी गतिशील राज्यहरूमा जान्छन् ।

चाखलाग्दो कुरा के छ भने, डोमकल निर्वाचन क्षेत्रका एक उम्मेदवार, भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) वा सीपीआईएमका मुस्तफिजुर "राणा' रहमानले आप्रवासी कामदारको मुद्दालाई सिधै सम्बोधन गरे । एक युवा र गतिशील राजनीतिज्ञ, राणाले आफ्नो क्षेत्रमा मात्र प्रचार गरेनन्, बरु आप्रवासी कामदारहरूलाई मतदान गर्न प्रोत्साहित गर्न भारतको दक्षिणतर्फको यात्रा पनि गरे । कामदारहरू राणालाई भोट दिन डोमकल फर्किए र राज्यबाहिर कामदार भएका चार सय परिवार चुनावअघि सीपीआईएममा प्रवेश गरे। राणाको विजयले पश्चिम बङ्गालमा वामपन्थीहरूको खडेरी अन्त्यको सङ्केत गर्दछ, जुन ३४ वर्षको सत्तापछि सन् २०११ मा वाम मोर्चा सरकारको पराजयसँगै सुरु भएको थियो । उनको विजय भारतका आप्रवासी कामदारको विजय हो, जसको चर्चा जेन-जीको तुलनामा धेरै कम भए तापनि यो सायद विचार गर्नुपर्ने धेरै महत्त्वपूर्ण पक्ष हो ।

**विजय प्रसाद :**

विजय प्रशाद एक भारतीय इतिहासकार, सम्पादक तथा पत्रकार हुन् । उनी ग्लोबट्रटर (Globetrotter) मा लेखन फेलो तथा प्रमुख संवाददाता हुन् । उनी लेफ्टवर्ड बुक्स (िभातध्यचम ढ्ययपक) का सम्पादक तथा ट्राइकोन्टिनेन्टल: सामाजिक अनुसन्धान संस्थान ( TricontinentalM Institute for Social Research) का निर्देशक पनि हुन् । उनले 'द डार्कर नेशन्स र द पुअरर नेशन्स'सहित २० भन्दा बढी पुस्तक लेखेका छन् । उनका पछिल्ला कृतिहरूमा 'अन क्युवा: ७० वर्षको क्रान्ति' र सङ्घर्षमाथि चिन्तन (नोम चोम्स्कीसँग संयुक्त रूपमा), स्ट्रगल मेक्स अस ह्युमन: समाजवादका आन्दोलनहरूबाट सिकाइ, तथा (फेरि नोम चोम्स्कीसँगै) द विथड्रअल: इराक, लिबिया, अफगानिस्तान र अमेरिकी शक्तिको नाजुकता समावेश छन् । चेल्वा र प्रशादको संयुक्त पुस्तक हाउ द इन्टरनेशनल मोनेटरी फन्ड इज सफोकेटिङ अफ्रिका यसै वर्ष इन्कानी बुक्स (Inkani Books) बाट प्रकाशन हुने छ ।)



**के...**

थुसिडाइड्सले नै आफ्नो पेलोपोनेसियन युद्धको इतिहासको पुस्तकको अन्य भागमा वास्तवमा त्योभन्दा फरक वर्णन गरेका छन् । उनका अनुसार स्पार्टाहरू उदाउँदो शक्ति एथेन्ससँग डराउनुको उचित कारण थियो । त्यतिबेलासम्म एथेन्स बाल्कन र एजियन सागरमा एक प्रमुख नौसेना शक्ति बनिसकेको थियो । यस क्रममा उसले स्पार्टाको कैयौँ सहयोगीलाई आफूतर्फ तानेको थियो । गुट परिवर्तन गर्न अस्वीकार गर्ने राज्यमाथि उसले आक्रमणसमेत गरिरहेको थियो ।

एथेन्सबाट बढ्दो आक्रमणबिच स्पार्टाका सहयोगीले ईसापूर्व ४३२ मा औपचारिक रूपमा आफ्नो गुनासो राखेका थिए- 'तपाईंहरूले एथेन्सबारेमा केही कदम चाल्नुपर्छ । त्यस्तो कुनै कदम चालिएन भने, हामी उनीहरूसँग सामेल हुन बाध्य हुनेछौँ ।' आफ्ना सहयोगी राज्यको दबाबका कारण स्पार्टावासीलाई एथेन्सविरुद्ध कारबाहीमा उत्रिन बाध्य बनाएको थियो । एक अर्थमा एथेन्सको बढ्दो शक्तिप्रति स्पार्टाको चिन्ताले युद्ध निम्त्याएको थियो । तर, स्पार्टाले एथेन्सविरुद्ध पूर्णस्तरको युद्धमा उत्रनैपर्ने महसुस गऱ्यो । यसैले उसले ईसापूर्व ४३१ मा एथेन्ससँग विगतमा भएको शान्तिसन्धि तोड्यो ।

**दीर्घकालीन दृष्टिकोण**

'थुसिडाइड्स ट्र्याप ' पदावलीले खासमा स्पार्टाका लागि लामो अवधिमा परिस्थिति कसरी खराब बन्यो भन्ने व्याख्या गर्छ । उनीहरूले पेलोपोनेसियाली युद्ध जितेका थिए । तर, जीतका लागि २७ वर्ष लाग्यो । र, जीतपछि स्पार्टा पहिलेभन्दा ठुलो महाशक्ति बन्ने धुनमा थप ठुलो राज्यविस्तारमा संलग्न भयो । यसले विभिन्न राज्यमा विभाजित अन्य ग्रिकलाई समेत चिन्तित बनायो । ईसापूर्व ४०४ पछि स्पार्टन्सको शक्तिमा भएको वृद्धिले नै यसका धेरै सहयोगीलाई शत्रु बनायो । त्यसपछि विभाजित सबै ग्रिक राज्यहरू स्पार्टाविरुद्ध सामना गर्न एकजुट भए । यसै, एकीकृत शक्तिले ईसापूर्व ३७१ मा भएको 'ल्युक्ट्राको युद्ध'मा स्पार्टाको महाशक्तिको पहिचान पूर्ण रूपमा सधैँका लागि नष्ट गरिदियो ।

स्पार्टाको सम्पूर्ण सुरक्षा संरचना ध्वस्त भयो । तिनीहरूले आफ्ना सबै सहयोगी गुमाए । तिनको शक्तिको स्रोत रहेका दासहरू सबै मुक्त भए । योसँगै स्पार्टा केवल एक सानो राज्यमा खुम्चियो । त्यसैले अमेरिकाका लागि 'थुसिडाइड्स ट्र्याप 'ले कुनै पाठ दिन्छ भने मूलत: महाशक्ति राष्ट्रको डरले अन्तर्राष्ट्रिय मामिलालाई उल्लेख्य रूपमा आकार दिन्छ भन्ने हुन्छ । 'थुसिडाइड्स ट्र्याप ' पदावलीमा जोड दिने धेरै मानिसहरूले स्पार्टाको नियतिमा मात्र चर्चा गर्छ । लामो अवधिमा एथेन्समा के भयो भनेर उल्लेख गर्न बिर्सन्छन् । एथेन्स 'पेलोपोनेसियन युद्ध'मा बच्यो । उसले आफ्नो लोकतन्त्र र सेना पुनर्स्थापित गर्दै एक क्षेत्रीय शक्ति बन्यो ।

ईसापूर्व चौथो शताब्दीको सुरुतिर एथेन्सले फारसी साम्राज्यबाट दबाब महसुस गर्न थालेको थियो । कुनै पनि ग्रिक राज्यभन्दा धेरै गुणा शक्तिशाली फारससँग भिड्नु एथेन्सलाई सम्भव थिएन । त्यसैले एथेन्सले आफूलाई खुम्च्याएर विशाल भूमध्यसागरीय क्षेत्रको महाशक्ति बन्ने महत्त्वाकाङ्क्षा त्याग्यो । यसले फारसनजिक रहेका एनाटोलियाका ग्रिक राज्यहरूमाथि आफ्नो साम्राज्यवादी नियन्त्रण पुनर्स्थापित गर्ने प्रयास नै परित्याग गरिदियो ।

एथेन्सले नजिकको एजियन सागरमा बढी ध्यान केन्द्रित गर्ने र फारसीसँग टकरावमा पर्नबाट बच्ने नीति अपनाएको थियो । अर्थात्, एथेन्सले आफ्नो शक्तिको सीमिततालाई पहिचान गरेको थियो । त्यसैले ईसापूर्व ४३१ मा एथेन्ससँग लड्ने स्पार्टाको निर्णयले एथेन्सलाई आफ्नो दिगो अस्तित्व रक्षाबारे सोच्न र त्यसअनुरूपको रणनीति अपनाउन बाध्य बनायो ।

**आजको विश्वका लागि के छ पाठ ?**

'पेलोपोनेसियाली युद्ध'को इतिहासले आज चीन-अमेरिका सम्बन्धका लागि महत्त्वपूर्ण पाठ प्रदान गर्दछ । पहिलो पाठ, कुनै पनि स्थापित महाशक्तिले (यहाँ अमेरिका) उदीयमान महाशक्ति (चीन)को उदयलाई रोक्नु मूर्खतापूर्ण हुन सक्छ भन्ने हो । स्पार्टाले त्यस्तो प्रयास गर्दा भयानक मूल्य चुकाउनुपऱ्यो । एथेन्सलाई मिलाएर अघि बढेको भए स्पार्टा कम्तीमा चौथो शताब्दीसम्म महाशक्तिको रूपमा रहन सक्ने इतिहासले देखाउँछ ।

अर्को पाठ यो हो कि अमेरिकाजस्तो स्थापित महाशक्तिले आफ्नो महत्त्वाकाङ्क्षालाई सीमित गरेर आफ्नो क्षेत्रमा मात्र ध्यान केन्द्रित गर्ने विकल्प अपनाउन सक्छ । लोकतान्त्रिक एथेन्सले 'पेलोपोनेसियन युद्ध'पछि यही गरेको थियो । त्यसो गर्नाले एथेन्स सांस्कृतिक र राजनीतिक रूपमा फस्टाउन सक्यो । साथमा यस नीतिले सो राज्यलाई ईसापूर्व ३१० सम्म आफ्ना शत्रुबाट बच्ने अवसर प्रदान गऱ्यो ।

(लेखक युनिभर्सिटी अफ क्विन्सल्यान्डका ग्रिक इतिहासका सहप्राध्यापक हुन् ।)

*– द कन्भर्सेसनबाट*

# लोकतन्त्र भनेको 'एल्गोरिदमतन्त्र' होइन, न त 'मिदासतन्त्र' नै हो !

✍ सुरेन्द्रराज गोसाई

अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा आयोजित र्‍यालीमा आज हामीले विभिन्न समसामयिक नाराहरू लगायौँ । जल्दाबल्दा समस्याबारे आवाज दियौँ; 'जनताको बचत फिर्ता गर !', 'सहकारी ठगहरूलाई कारबाही गर !' किसानहरूको पक्षमा काम गर्न जोड दियौँ । रासायनिक मल कारखाना देशमै खोल्न माग गर्‍यौँ । हामीले जोड दिँदै भन्यौँ; "महँगी अति भयो ! बजारभाउ नियन्त्रण गर ! भ्रष्टाचारीहरूलाई कारबाही गर !" यो जनताको आवाज हो । यो समयको आवाज हो ।

वर्तमान सरकार सुन्छ या सुन्दैन । स्वरमा स्वर मिलाई हामी भन्छौँ; 'किसानहरूका लागि मल, बीउबिजनको बन्दोबस्त गर !', 'कृषि उत्पादनमा विशेष जोड देऊ !' युवाहरूको पक्षमा हामी भन्छौँ : स्वदेशमै रोजगारीको बन्दोबस्त गर ! हिजोका पुराना कलकारखानाहरू : हेटौँडा सिमेन्ट कारखाना, जगाती इँटाटायल कारखाना, भृकुटी कागज कारखाना, ट्रलिबस आदि हामी खोज्दै छौँ । सरकारले ती कलकारखानाहरूलाई ब्युँताउने साहस गरोस् । ठुलठुला र चटके कुराहरू होइन, व्यावहारिक कामहरू थालेर आफ्नो उपस्थिति देखाउन हामी सरकारसमक्ष माग गर्दछौँ । यो मजदुरहरूको माग हो, यो किसानहरूको माग हो, यो कामदार जनताको माग हो ।

सुशासनको नारा दिएर, भ्रष्टाचारविरुद्ध नारा लगाउँदै फागुन २१ गतेको निर्वाचनपछि सिंहदरबार पसेको लस्कर देख्यौँ । हिजो जलाइएको सिंहदरबार पस्नेहरूले त्यो खरानी साक्षी राखेर जनताको पक्षमा थोरै भए पनि इमानदारी, थोरै मात्र पनि विवेक र थोरै भए पनि देशभक्तिलाई व्यवहारमा उतार्ने साहस देखाऊन् । हिजो जलाइए सिंहदरबार, बालुवाटार, शीतल निवास । हाम्रा धेरै सार्वजनिक सम्पत्तिहरू जलाइए । ती घटनाहरू पुराना होइनन् । ती जलाइएका भवनहरूलाई साक्षी राखेर हामी भन्छौँ; सम्पदाहरू अब फेरि नजलाइयून् ! जनताका मनहरू फेरि पनि नजलाइयून् ! जनताका छोराछोरीहरूको छातीमा कहिल्यै गोली नडागियोस् ! हामी जोडका साथ भन्छौँ : "हामी अझै न्यायको खोजीमा छौँ । हामीले न्याय पाएका छैनौँ ।" जनता अन्याय र शोषणको विरोध गर्दै छन् । फेरि पनि त्यो शोषणविरुद्धको आवाजलाई कम नठानियोस् । श्रमिक दिवसको अवसरमा हाम्रो सुझाव छ ।

हामीले बारबार भन्यौँ, एमसीसीले यो देशको रक्षा हुनेछैन । हामीले बारबार भन्यौँ, एमसीसी, एसपीपी भनेको देशको सवालमा विष साबित हुनेछ । हाम्रो काल साबित हुनेछ । त्यसकारण, हामीले एमसीसीविरुद्ध सडक र सदनमा आवाज बुलन्द गर्‍यौँ । हामीले एमसीसी सम्झौतापश्चात्का घटनाहरू देखिरहेका छौँ । हामी भोगिरहेका छौँ । यो जरुर पनि संयोग मात्र होइन । एमसीसीपछि ९ हजार माइल टाढाको देश अमेरिकाबाट आज विशेष अमेरिकी दूतहरू बाक्लो ढङ्गमा काठमाडौँमा उपस्थिति जनाइरहेका छन् । अमेरिकी दूतावास कसरी नेपालमा खेल्दै छ ? हामी भोग्दै छौँ, हामी देख्दै छौँ । हामी फेरि पनि साम्राज्यवादविरुद्ध लड्नका निम्ति श्रमिक दिवसको अवसरमा जनतासमक्ष आह्वान गर्दै छौँ । अमेरिकाको शिकागो सहरको त्यो भावना, १४० वर्षअगाडिको मजदुरहरूको त्यो सङ्घर्षबाट प्रेरणा लिएर भन्छौँ - "अमेरिकी साम्राज्यवाद मुर्दावाद ।" अमेरिकी साम्राज्यवादको अन्त्य नभएसम्म विश्वका मजदुरहरूले स्वतन्त्रताको स्वास फेर्न पाउने छैनन् ।



आज संयोगले बुद्ध जयन्ती पनि हो । यही धर्तीबाट आजभन्दा २५७० वर्षअघि गौतम बुद्धले शान्तिको सन्देश फैलाउनुभयो । यदि विश्वको अस्तित्व जोगाइराख्ने हो भने शान्ति अपरिहार्य छ । हो, हामी फेरि थप्छौँ, समानता र स्वतन्त्रताबिना शान्ति आउँदैन । साम्राज्यवाद ज्यूँका त्यूँ रहेसम्म, फासीवादको जगजगी कायम रहेसम्म विश्वमा शान्ति सम्भव हुन्न । त्यसकारण, शान्तिको निम्ति गाँस, बास, कपासको आवश्यकता पर्दछ । शान्तिको निम्ति स्वतन्त्रता आवश्यक पर्दछ । शान्तिको निम्ति स्वाधीनता आवश्यक पर्दछ । शान्तिको निम्ति समानता आवश्यक पर्दछ । हो, यस्तै शान्तिको खोजीमा छौँ । गौतम बुद्धले देखाएको त्यो बाटोमा हामी हिँड्दै छौँ । तसर्थ, हामी लगाउँछौँ, स्वतन्त्रताको नारा, हामी लगाउँछौँ, स्वाधीनताको नारा, हामी लगाउँछौँ, समानताको नारा । समानतासहितको शान्ति, स्वतन्त्रतासहितको शान्ति, युद्धबिनाको संसार अहिलेको आवश्यकता हो । अहिले अमेरिकी साम्राज्यवाद चारैतिर युद्धको वर्षा गर्दै छ । हिजो प्यालेस्टिनमाथि हमला गर्‍यो । ७४ हजार त्यहाँका अबोध बालबालिका, आमाहरू, निर्दोष मानिसहरूलाई ट्रम्प र नेतान्याहूले हत्या गरे । त्यहाँका ८० प्रतिशतभन्दा बढी घर, भवन, आवासहरू जलाइए, ध्वस्त पारिए । त्यस युद्धको विरुद्ध, इजरायली फासीवाद तथा अमेरिकी साम्राज्यवादको विरूद्धमा संसारका जनता एकजुट भएर सडकमा उत्रे । अमेरिका पछाडि हट्न बाध्य भयो । जसरी शिकागोका मजदुरहरूले विद्रोह गरेका थिए आज ट्रम्प महाराजको विरूद्ध त्यहाँका लाखौँलाख जनता सडकमा छन् । त्यहाँका जनताले शान्ति मागिरहेका छन् । अमेरिकी जनताले युद्धको अन्त्यको माग गरिरहेका छन् । हामी शान्तिप्रेमी तथा न्यायप्रेमी नेपाली जनता पनि आज साम्राज्यवादको विरूद्ध, शान्तिको पक्षमा, स्वतन्त्रताको पक्षमा, स-साना देशहरूको अस्तित्व रक्षाको पक्षमा आवाज बुलन्द गर्दै छौँ । त्यसमा नेपाल मजदुर किसान पार्टी अग्रमोर्चामा रहेर सङ्घर्ष गर्दै छ ।

अमेरिकी साम्राज्यवादले तेलको अर्को खानी ल्याटिन अमेरिकाको देश भेनेजुयलामा मजदुर नेता हुँदै राष्ट्रपति बनेका निकोलस मादुरोलाई डाँका शैलीमा अपहरण गरेर अमेरिकामा कैद गरिराखेको अवस्था छ । मजदुर तथा भेनेजुयली जनताका नेता माडुरो र उनका जहानको शीघ्र रिहाइको यही स्थानबाट पनि नेपाली जनताको तर्फबाट माग गर्दछौँ ।

ऊर्जाको अर्को एउटा खानी इरानमाथि अमेरिकी साम्राज्यवादले लगातार हमला गर्दै छ । अमेरिकी जनताले त्यसको पनि विरोध गरे । संसारका न्यायप्रेमी तथा शान्तिकामी जनताले त्यो युद्धको विरोध गरे । अमेरिका केही पछाडि हट्न बाध्य भयो । पछाडि हटिसकेको अमेरिका अझै निहुँ खोज्दै छ । इरानमाथि हमला गर्ने बहाना खोज्दै छ । त्यसकारण, युद्ध बन्द गर्न सारा मजदुर, नेपाली जनताको तर्फबाट हामी माग गर्दछौँ ।

अमेरिकाले अर्को एउटा दादागिरी संसारमा देखाउँदै छ । पश्चिमी गोलार्द्धमा एउटा समाजवादी देश छ, क्युवा । त्यो देशमाथि अमेरिकाले दबाब बढाउँदै छ । ६० वर्षभन्दा बढी भयो क्युवाविरूद्ध अमेरिकाले चर्को आर्थिक नाकाबन्दी लगाएको । पछिल्लो समयमा सम्पूर्ण खालका प्रतिबन्धहरू क्युवामाथि थोप्दै छ । इन्धन प्रतिबन्धका कारण क्युवाली जनता अत्यन्त कष्टकर जीवन बाँच्दै छन् । क्युवामा यतिखेर ऊर्जा सङ्कट छ । लाखौँ लाख क्युवाली जनता 'मृत्यु या विजय' को नारा लगाउँदै सडकमा छन्; कदापि नझुक्ने अठोट गर्दै छन् । क्युवामाथि भइरहेको अत्याचारविरूद्ध सारा मजदुरहरूले आवाज उठाउन आवश्यक छ । हामी निरन्तर वीर क्युवाली जनताको पक्षमा सङ्घर्षरत छौँ । एकदिन अमेरिकाले घुँडा टेक्नै पर्नेछ । क्युवाली जनताको जीत हुनेछ । अन्तिम जीत क्युवाली समाजवादको हुनेछ । क्युवाली न्यायप्रेमी, स्वाधीनताप्रेमी जनताप्रति पुनः ऐक्यबद्धता जनाउँछौँ ।

हाम्रो देशको सन्दर्भतिर फर्कौं । भ्रष्टाचार र सुशासनका ठुलठुला कुराहरू हामीले सुन्यौँ । वर्तमान सरकारसमक्ष हाम्रा केही सरल प्रश्नहरू छन् । कृपया विभिन्न माध्यमबाट वर्तमान सरकारसमक्ष पुर्‍याउनका निम्ति हामी आग्रह गर्दछौँ । इन्धन र ग्यास महँगो हुँदा के सुशासन सम्भव हुन्छ ? गए राति ग्यासको मूल्य लगभग २२ सय पुर्‍यायो । के इन्धन र ग्यासको मूल्य बढाएर सुशासनको कल्पना गर्नु उपयुक्त हो ? कामको खोजीमा फेरि पनि अरब, कतार, मलेसिया, विदेश धाउनुपर्ने बाध्यता ज्यूँका त्यूँ राखेर के सुशासन सम्भव हुन्छ ? युवाहरू सारा विदेश पठाएर कसको निम्ति सुशासन ? वर्तमान सरकार गठन भएको ३० दिनमा झन्डै १ लाखभन्दा बढ्ता युवाहरूले त्रिभुवन विमानस्थलमा पुगेर विदेश गएको हामीले सुन्यौँ । के त्यसरी सुशासन सम्भव हुन्छ ? सुशासन कसको निम्ति ? स्कूलहरू बन्द गरेर के सुशासन सम्भव हुन्छ ? पाठ्यपुस्तकहरू नपुर्‍याएर के सुशासन सम्भव छ ? एक महिना शैक्षिक हडतालझैँ गरेर के सुशासन सम्भव हुन्छ ? आज हामी वैशाखको १८ गते यहाँ उपस्थित छौँ । २१ गतेभन्दा अगाडि स्कूल खोल्न नपाइने भन्ने हुकुम कसको हो ? त्यस्तो हुकुमी शासनबाट के सुशासन सम्भव हुन्छ ? शिक्षा महँगो बनाएर के सुशासन सम्भव हुन्छ ? अस्पतालहरू बन्द गरेर के सुशासन सम्भव हुन्छ ? तीन दिन लगातार सार्वजनिक बिदा भएको हुनाले अब सच्याउनुपर्‍यो, वैशाख १८ गते अस्पताल खोल्नु भनी सरकारले सूचना जारी गर्‍यो । गए राति सरकारले अनुनय-विनय गर्‍यो । हाम्रा अस्पतालहरू र मेडिकल सङ्गठनहरूले भने, "हामी बिदामा बस्छौँ, त्यो हाम्रो अधिकार हो ।" यसरी अस्पताल बन्द गरेर सुशासन सम्भव हुन्छ ? स्वास्थ्य महँगो बनाएर के सुशासन सम्भव हुन्छ ? छिरबिरे रङ्गको पोशाक लगाउनेहरू चारैतिर फैलाएर, डण्डा चलाएर, बन्दुक तेर्स्याएर के सुशासन सम्भव हुन्छ ? के हरियो पोशाकको आतङ्क फैलाउन खोजेको हो ? डिजिटल प्लेटफर्महरूमा घृणा फैलाएर के सुशासन सम्भव हुन्छ ? जनतालाई घरबारविहीन बनाएर के सुशासन सम्भव हुन्छ ? वर्तमान सरकारसमक्ष यी यक्ष प्रश्नहरू छन् । यी हाम्रा सवालहरू हुन्, जनताका सवालहरू हुन् । यी हाम्रा जायज सवालहरूको चित्तबुझ्दो जवाफ देऊ ।

सुशासनलाई नारामा सीमित गर्नेहरू सरकारमा सधैँ बसिरहन सम्भव हुन्न । फेरि पनि हामी केही सवालहरू यहाँ उठाउँछौँ । कृपया यो सरकारले कान खोलेर सुन्नको निम्ति हामी विनम्रतापूर्वक अनुरोध गर्दछौँ । लोकतन्त्र भनेको एल्गोरिदमतन्त्र होइन । सधैँ एल्गोरिदमबाट शासन गर्न सम्भव हुँदैन । लोकतन्त्र भनेको चुपचापतन्त्र होइन । लोकतन्त्र भनेको मौनतन्त्र होइन । जनतालाई मौन बस्नु, जनतालाई चुपचाप बस्नु भनी आदेश दिनु र आफू मौन बस्छु भनेर कसम खानु लोकतन्त्रमा सुहाउँदैन । लोकतन्त्रमा छलफल आवश्यक हुन्छ । लोकतन्त्रमा बहस आवश्यक हुन्छ । लोकतन्त्रमा जनतासँग अन्तरक्रिया आवश्यक हुन्छ । लोकतन्त्रमा जनताको बिचमा आएर जनताको कुरा सुनेर जवाफ दिन आवश्यक हुन्छ । जवाफदेहिता लोकतन्त्रको सुन्दर पक्ष हो । त्यसकारण, लोकतन्त्रको यो सुन्दर पक्षलाई कदर गर्नको निम्ति अनुरोध गर्दछौँ । लोकतन्त्र भनेको नार्सियालीतन्त्र होइन । लोकतन्त्र भनेको नार्सिसिस्टहरू जन्माउनु होइन । लोकतन्त्र भनेको आफैँ महान् भनेर स्वघोषणा गर्नु होइन । त्यसकारण, नार्सियाली रोगबाट वर्तमान सरकारलाई मुक्त हुनको निम्ति हामी सुझाव दिन्छौँ । लोकतन्त्र भनेको मिदासतन्त्र होइन । एकजना मिदास भन्ने राजा थिए । जे छोए पनि सुन होस् भनेर बरदान माग्ने । त्यो वरदान प्राप्त गर्‍यो, सुनैसुन पायो । त्यही अभिशाप बन्यो । त्यस्ता मिदासहरूको तन्त्र लोकतन्त्र होइन । वास्तविक लोकतन्त्र त जनताको तन्त्र हो । गरिबहरूको तन्त्र हो । कामगरी खाने जनताको तन्त्र हो । लोकतन्त्रको यो सुन्दर पक्षलाई कदर गर्न, व्यवहारमा उतार्नका निम्ति हामी सुझाव दिन्छौँ । वर्तमान सरकारसमक्ष हाम्रा यी मागहरू हुन् । यी मागहरूप्रति हेलचेक्र्याइँ नगरियोस् ।

पञ्चायत फाल्न ३० वर्ष लाग्यो । पञ्चायतपछि आएका नक्कली कम्युनिस्टहरू उदाङ्ग्याउन ३५ वर्ष लाग्यो । तर, यी नवसम्भ्रान्तहरू, यी मिदासहरू, यी नार्सिसिस्टहरू, यी नक्कली नागका सौखिनहरू, भ्रष्टाचारकै गर्भबाट जन्मिएकाहरूको पनि पतन अवश्यम्भावी छ ।

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले वैशाख १८ गते १३७ औँ अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा आयोजित कार्यक्रममा व्यक्त विचारको सम्पादित अंश)*

# अग्रज सांस्कृतिककर्मीहरूको भेला

भक्तपुर । भक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा गएको मङ्गलबार स्थानीय अग्रज सांस्कृतिककर्मीहरूको भेला भयो । नगरपालिकाको आयोजनामा हुन गइरहेको दाफा प्रदर्शनीको तयारीको विषयमा छलफल तथा राय सुझाव सङ्कलन गर्न उक्त भेला आयोजना गरिएको थियो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले दाफा भजनले ऐतिहासिक घटना र तथ्यहरूलाई गीतमार्फत प्रस्तुत गर्ने उल्लेख गर्दै पुर्खाले छोडेर गएका अमूर्त सम्पदाहरूको जगेर्ना गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले मठ, मन्दिर, पाटी, सत्तलजस्तै स्थानीय भाषा, रहनसहन, गीत सङ्गीत र नृत्य पनि सम्पदाकै रूपमा रहेको चर्चा गर्दै दाफा भजनले नागरिकलाई स्वस्थ र निरोगी बनाउन पनि मद्दत गर्ने बताउनुभयो ।

नगरपालिकाले आर्थिक पारदर्शिता र जवाफदेहीतालाई प्राथमिकतामा राखेको प्रमुख प्रजापतिको भनाइ थियो । उहाँले नगरपालिकाको आम्दानी र खर्च विवरण सबैसामु नियमित सार्वजनिक गर्दै आएको र जनताका सानाभन्दा साना गुनासालाई पनि जिम्मेवारीपूर्वक समाधानमा लागिपरेको बताउनुभयो । ख्वप अस्पतालमार्फत कम शुल्कमा गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्ने कार्यमा स्वास्थ्यकर्मीहरू रातदिन लागिरहेको र यसबाट नगरवासी मात्र नभई देशभरिकै गरिब जनताको सेवा भइरहेको चर्चा गर्दै उहाँले जनताको आफ्नो अस्पताल भएको सानातिना कमी कमजोरीहरू पनि सुधार्नका लागि जनस्तरबाट गुनासो आइरहनु अत्यन्त सकारात्मक भएको र तत्काल समाधानका लागि प्रयास भएको स्पष्ट पार्नुभयो ।

वडाध्यक्ष रवीन्द्र ज्याख्वले अग्रज सांस्कृतिक गुरुहरूको सम्मान कार्यलाई नगरपालिकाले निरन्तरता दिइरहेको उल्लेख गर्दै नगरवासी सांस्कृतिककर्मीहरूको सल्लाहबमोजिम यसपालि नगरपालिकाले दाफा प्रदर्शनी गर्ने तयारी गरेको बताउनुभयो । उहाँले प्रदर्शनीमा सहभागी हुन आवश्यक नियमहरूको बारेमा जानकारी दिनुभयो ।

पूर्ववडाध्यक्ष विष्णुबहादुर मानन्धरले दाफा संस्कृतिको इतिहासबारे जानकारी दिँदै दाफाको थ्यासाफू पुनःलेखन गरी भाषिक र शाब्दिक शुद्धता ल्याउनुपर्नेमा जोड दिनुभयो ।

सांस्कृतिक गुरु पञ्चलाल लाछिमस्युले दाफा भजनप्रति नयाँ पुस्ताको आकर्षण बढाउन जरुरी भएको चर्चा गर्दै परम्परागत लय र बोलीमा अहिलेको समसामयिक विषयलाई गीत बनाउन सकेमा नयाँ पुस्तामा आकर्षण बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

अर्का सांस्कृतिक गुरु विष्णुबहादुर मानन्धरले दाफा भजनबारे पनि अध्ययन अनुसन्धान भइरहेको चर्चा गर्दै भक्तपुरको दाफा भजनको प्रचार प्रसारमा जोड दिन अनुरोध गर्नुभयो ।

# एसईई उत्तीर्ण विद्यार्थीसँग अन्तरक्रिया

भक्तपुर । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा २०८२ सालमा एसईई उत्तीर्ण विद्यार्थीहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम शुक्रबार भएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सांसद सृजना सैंजुले पुँजीवादी व्यवस्थाले एप्सटिन फाइलमा नाम जोडिएकाहरूलाई संसारको रोल मोडेलको रूपमा प्रस्तुत गरिरहेको तर विद्यार्थीहरूले आफ्नो जीवनको रोल मोडेल समाजवादी क्रान्तिलाई अगाडि बढाउन योगदान दिने कार्ल मार्क्स, लेनिन, माओ त्सेतुङ र चे ग्वेभाराजस्ता महान् व्यक्तित्वलाई बनाउनुपर्ने सुझाव दिनुभयो ।

नेपालको छिमेकी देश चीन सन् १९४९ भन्दा अगाडि पश्चिमा देशहरू र जापानी साम्राज्यवादबाट दबाइएको देश थियो तर मार्क्सवादलाई आत्मसात गर्दै चिनियाँ जनक्रान्तिपश्चात् ७० वर्षमै आर्थिक, भौतिक सबै क्षेत्रमा चीन पहिलो भइसकेको छ, उहाँले प्रस्ट पार्नुभयो ।

साम्राज्यवादी देशहरूले जस्तै चीनले कहिले पनि अर्को देशमा हमला र हस्तक्षेप गरेन; संसारलाई सुन्दर बनाउन सबै देशहरूसँग हातेमालो गर्दै आइरहेको छ, उहाँले भन्नुभयो ।

प्राध्यापक समाज नेपालका प्रकाशकुमार श्रेष्ठले भक्तपुरको इतिहासबारे जानकारी दिँदै ख्वप माविलगायत अन्य थुप्रै विद्यालयहरू नेपाल मजदुर किसान पार्टीका अग्रजहरूको अगुवाइमा सुरू भएको बताउनुभयो । आफूले इच्छा गरेको विषय छानी विशेषज्ञता हासिल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा विद्यार्थीहरूले एआई र पढाइ, एसईईको बेला विद्यालयले १२ देखि १३ घण्टासम्म पढाउने, स्क्रिनको लत र यसबाट छुटकारा, कक्षा ५ सम्म परीक्षा नलिने सरकारको नीतिजस्ता विषयमा समूहगत छलफल गरी निचोड प्रस्तुत गरेको थियो ।

कार्यक्रममा सृजन धन्छा, सगुन धन्छा र सुजी ह्यङगोजूले पनि बोल्नुभएको थियो ।

# समाजवादी चिन्तक रोवर्ट ओवेनको स्मरणमा अन्तरक्रिया

दैलेख । नेपाल मजदुर किसान पार्टी डुङ्गेश्वर गाउँपालिका- २ लाकुरीको आयोजनामा बिहीबार अन्तरक्रिया कार्यक्रम भयो ।

बेलायतका समाजवादी चिन्तक रोवर्ट ओवेनको जन्म दिवसको अवसरमा भएको उक्त कार्यक्रममा नेमकिपा कर्णाली प्रदेशका सदस्य जगत वलीले रोवर्ट ओवेनको जीवनीबारे जानकारी दिँदै बेलायतमा समाजवादको प्रचारक भई मजदुर वर्गको हितमा ऐन नियम बनाउने, सामूहिक बस्तीको कल्पना, मजदुरहरूलाई उचित पारिश्रमिक र कार्यमा रोवर्ट ओवेन लागिपरेको बताउनुभयो ।

समाजवादी बन्दोबस्तमा मात्र कामदारवर्गको हित हुने भएकोले समाजवाद स्थापनाको लागि कामदारवर्ग एकजुट हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले समाजवादी व्यवस्थाका विशेषताहरूबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा नेमकिपा दैलेखका सचिव विन्दुलाल रेग्मीले रोवर्ट ओवेनबाट हामीले शिक्षा लिँदै नेपालमा पनि समाजवादको प्रचार गर्दै कामदारवर्गलाई सचेत र सङ्गठित गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा रत्नबहादुर खड्का र धनबहादुर विष्टले पनि बोल्नुभएको थियो ।

# 'सम्पादकीय' र 'एकक्षण' पुस्तकबारे अध्ययन गोष्ठी

भक्तपुर । देश र जनतामा समर्पित 'श्रमिक' साप्ताहिकमा प्रकाशित सम्पादकीय सङ्कलन (तेस्रो खण्ड) र 'एकक्षण' समसामयिक टिप्पणी सङ्कलन पुस्तक अध्ययन गोष्ठी कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ, भक्तपुर नगर समितिको आयोजनामा भएको उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजुले 'श्रमिक' साप्ताहिकले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा जनपक्षीय लेख-रचनाहरू प्रकाशित गर्दै जनतालाई सचेत गर्दै आइरहेको चर्चा गर्नुभयो ।

"देशमा विद्यमान भ्रष्टाचार, बेथिति, विसङ्गति, अराजनीतिक गतिविधि र राष्ट्रघाटबारे निरन्तर विरोध गर्नु आवश्यक छ । समाज अल्गोररिदमतिर अघि बढिरहेको र यो समाजको लागि हानिकारक छ । आँखामा पट्टि बाँधेर देश चलाउन सकिँदैन, नीति तथा कार्यक्रमको मातहतअन्तर्गत देशमा बजेट ल्याइने भएकोले नैतिक जिम्मेवारी नलिई संसदीय मर्यादालाई उल्लङ्घन गर्नु गलत हो, सरकार राज्यप्रति जवाफदेही हुनैपर्छ", उहाँले भन्नुभयो ।

केन्द्रीय सदस्य सैंजूले भन्नुभयो, "हामी कम्युनिस्ट होइनौँ भन्नुको अर्थ गरिब, मजदुर र श्रमिकको सरकार होइन भन्ने हो । पुँजीपति सरकारले व्यक्तिगत स्वार्थ र निजी क्षेत्रलाई पोस्ने काम गर्छ, नेपालको कलकारखाना बन्द गरेर, युवा विदेश पलायन गरेर देश आत्मनिर्भर बन्दैन, कृषि क्षेत्र बलियो बनाई नेपाली जनतालाई आत्मनिर्भर बनाउन आवश्यक छ ।"

समितिका उपाध्यक्ष रत्ना चवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा सुशिला कर्माचार्य, सुनिता गाईसी, रीतामैया सुवाल, मन्जु लाखाले पुस्तकमा प्रकाशित लेखहरूबारे बोल्नुभएको थियो ।

# मजदुरहरूबिच कार्ल मार्क्सको २०८ औँ जन्म जयन्ती




भक्तपुर । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् नेता एवं दार्शनिक कार्ल मार्क्सको २०८ औँ जन्म जयन्तीको अवसरमा बुधबार प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले अध्ययनलाई जोड दिनुपर्ने आवश्यकता औँल्याउँदै पार्टी प्रकाशनहरूबारे अध्ययन र अन्तरक्रिया चलाई जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्नु जरूरी छ भन्नुभयो ।

समाजवाद, सहकारी, समानता, सहकार्य र सामूहिक विचारलाई मार्क्सवादले जोड दिएको उल्लेख गर्दै उहाँले समाजवादी व्यवस्थामा मानवको गर्भदेखि चिहानसम्मको सबै जिम्मेवारी राज्यले लिन्छ भन्नुभयो ।

नेक्रामजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले मजदुरवर्गको उत्थानको लागि मजदुरवर्ग नै जागरूक हुनुपर्ने बताउनुभयो ।

दिनको ८ घण्टा कार्य समय तोकिनु नै मजदुर आन्दोलनको उपलब्धि भएको उल्लेख गर्दै उहाँले मजदुरहरूको हक अधिकारको निम्ति मजदुरहरू एकताबद्ध हुनु जरूरी छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष विष्णुराम दुमरूको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपाध्यक्ष बिक्रम ढुकुछु र सचिव रमेश दुमरूले पनि बोल्नुभएको थियो ।

# 'श्रमिक' साप्ताहिक राजनीतिक व्हिसलब्लोअर (अग्रदूत) हो


● योगन्द्रमान बिजुक्छें

*सङ्कथन वा कुनै कथनको आलोचनात्मक विश्लेषण (Critical Discourse Analysis) समाज र भाषा विज्ञानको एउटा अनुसन्धान पद्धति हो । यस अनुसन्धान पद्धतिले त्यस सङ्कथनको (कथन) भाषा, भाव र प्रयोग गरिएका शब्दहरूको विश्लेषण गर्छ । यस पद्धतिले भाषालाई परम्परागत रूपमा सञ्चारको माध्यमका रूपमा मात्र हेर्दैन । यसले भाषामा अन्तरनिहित सत्ता र शक्तिको सम्बन्ध मात्र नभई भाषालाई समाज परिवर्तनका संवाहकका रूपमा हेर्छ । भाषाको भाव र शब्दहरूको चयनलाई विश्लेषण गर्दै यसले कुन विचारधारा र समाजको कुन वर्गको पक्ष पोषण गरेको हो भनी निर्क्योलमा पुर्‍याउँछ ।*

*हामीजस्ता राजनीतिक कार्यकर्ता तथा समसामयिक विषयमा लेख-रचना लेख्नेहरूका लागि यस पुस्तकले दिशानिर्देश गरिरहको प्रतीत हुन्छ । किनभने यसका टिप्पणीहरू खालि टिप्पणीका लागि होइन भन्ने कुरा राम्ररी अनुभूति गर्न सकिन्छ । उदाहरणका लागि 'नेवार समुदायबारे थप अध्ययनको आवश्यक' शीर्षकको टिप्पणीले पाठकलाई चाल नपाउने गरी विषयको सैद्धान्तिक गहिराइ र प्राज्ञिक चिन्तनको तहमा पुर्‍याउँदै सतहमा देखिने अनियमितका बारेमा समेत औँल्याएको हुन्छ ।*




आज हामी दुई पुस्तकहरूको एकै दिन सार्वजनिकीकरण गर्दै छौँ । यसलाई हामीले सुखद् क्षणको रूपमा लिँदै छौँ । साप्ताहिक वा दैनिक अखबारमा छापिसकेको कुनै स्तम्भ वा सम्पादकीयको सङ्कलन गरेर कुनै पुस्तकका रूपमा पुनः प्रकाशन गर्नु आवश्यक होला र भन्ने हामी धेरैलाई जिज्ञासा पनि होला ! 'श्रमिक' साप्ताहिक विगत ३३ वर्षदेखि निरन्तर रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीति, विश्वका प्रगतिशील र कम्युनिस्ट विचारधारा र आन्दोलनको पक्षधरका व्यक्तित्वहरूको विचारलाई




पस्कँदै आएको एक मिसन वा आस्थाको पत्रिका हो । पुस्तकहरूले कुनै न कुनै रूपमा ज्ञान, चेतना, विचारलाई पस्किरहेको हुन्छ । साथै तात्कालीन समयको राजनीति, समाजका घटना र परिघटनालाई समेत प्रतिबिम्बित गरेको हुन्छ ।

यस्तो सम्पादकीय वा कुनै स्तम्भ विशेषको सङ्कलनलाई पुस्तकको रूपमा छापिने दस्ताबेजको प्रकृति र महत्त्व छुट्टै हुन्छ । प्रत्येक हप्तामा प्रकाशित स्तम्भ वा सम्पादकीयले एउटा घटना वा मुद्दा विशेषको बारेमा चर्चा र विश्लेषण गरेको प्रतीत हुन्छ भने ती स्तम्भ र सम्पादकीयको सङ्कलन सङ्ग्रहले भने एउटा विचारधारा, सिद्धान्त वा दर्शनलाई पस्किरहेको हुन्छ, जसरी फूलको एउटा विशेषता हुन्छ तर त्यही फूलहरू सँगालेर उनेको मालाको विशेषता छुट्टै हुन्छ । सङ्कथन वा कुनै कथनको आलोचनात्मक विश्लेषण (Critical Discourse Analysis) समाज र भाषा विज्ञानको एउटा अनुसन्धान पद्धति हो । यस अनुसन्धान पद्धतिले त्यस सङ्कथनको (कथन) भाषा, भाव र प्रयोग गरिएका शब्दहरूको विश्लेषण गर्छ । यस पद्धतिले भाषालाई परम्परागत रूपमा सञ्चारको माध्यमका रूपमा मात्र हेर्दैन । यसले भाषामा अन्तरनिहित सत्ता र शक्तिको सम्बन्ध मात्र नभई भाषालाई समाज परिवर्तनका संवाहकका रूपमा हेर्छ । भाषाको भाव र शब्दहरूको चयनलाई विश्लेषण गर्दै यसले कुन विचारधारा र समाजको कुन वर्गको पक्ष पोषण गरेको हो भनी निर्क्योलमा पुर्‍याउँछ ।

यही अनुसन्धान पद्धतिको आलोकमा यी दुई पुस्तकहरू, 'सम्पादकीय सङ्कलन (तेस्रो खण्ड)' र 'एकक्षण (समसामयिक टिपणी सङ्कलन)' को सामान्य समीक्षा गर्दा मूलधारका आफूलाई 'राष्ट्रिय पार्टीहरू' दावा गर्ने र सत्तासीन राजनीतिक पार्टीहरूको शासन सञ्चालनको शैली र तिनीहरूले विविध विषयमा अपनाएका नीतिहरूको आलोचनात्मक विश्लेषण गरिएको देखिन्छ । समाजवादी बन्दोबस्त र कम्युनिस्ट व्यवस्थालाई नेपाली काङ्ग्रेसले आफ्नो लक्ष्य नै बनाएको छैन । तर, आफूलाई कम्युनिस्ट पार्टी र कम्युनिस्ट व्यवस्थाका हिमायती मान्ने एमाले र एमाओवादीले उल्टै पुँजीवादी व्यवस्थाको नयाँ रूप नवउदारवादी आर्थिक नीतिमा आफूलाई चुर्लुम्म डुबाउने खालका रवैयामाथि दुबै सम्पादकीय सङ्कलन र टिपणी सङ्कलन एकक्षणले तीखो वाण हानेका छन् ।

विसं २०७२ माघ महिनादेखि ७५ माघ महिनासम्म ३ वर्षका विभिन्न ५४ वटा समसामयिक टिप्पणीहरूको सँगालो एकक्षण आकारमा सानो करिब १६० पेजको मात्र देखिए पनि यसले विविध विषयहरूका बारेमा टिप्पणी गरेको छ । राजनीतिक पार्टीहरूको सरकारमा जानुको अर्थ, राजनीतिक पार्टीहरूले बेइमानी, ठेकेदार, माफिया, जालीफटाहा, विदेशी शक्तिसँग साँठगाँठ भएका छद्म व्यापारीहरूलाई पार्टीमा भित्र्याइनु, तिनीहरूबाटै उनीहरूको स्वार्थअनुसार सरकारको नीति निर्माणमा हस्तक्षेप गराइने प्रवृत्ति, देशको हितविपरीतको सन्धि सम्झौता गराउने तत्त्वहरू सत्तासीन पार्टीहरूमा हाबी भइरहका कुराप्रति ती समसामयिक टिप्पणीहरू केन्द्रित देखिन्छन् । यस अर्थमा सिङ्गो नेपालको राज्य सत्ता र यसका विभिन्न अवयवहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका राजनीतिक पार्टीहरू, सरकारको नीति, विपक्ष सबैलाई सिङ्गो एक सस्थाका रूपमा लिँदा यस पुस्तकलाई 'व्हिसलब्लोअर' मान्न सकिन्छ । कुनै संस्थाभित्र अनियमितता, भ्रष्टाचार, गैरकानुनी तथा अनैतिक कार्यका बारेमा सचेत गराउँदै यसलाई रोक्ने उद्देश्यले यस्ता अनियमिततालाई उदाङ्ग्याउने संस्थाभित्रकै व्यक्ति नै 'व्हिसब्लोअर' हो ।

हामीजस्ता राजनीतिक कार्यकर्ता तथा समसामयिक विषयमा लेख-रचना लेख्नेहरूका लागि यस पुस्तकले दिशानिर्देश गरिरहको प्रतीत हुन्छ । किनभने यसका टिप्पणीहरू खालि टिप्पणीका लागि होइन भन्ने कुरा राम्ररी अनुभूति गर्न सकिन्छ । उदाहरणका लागि 'नेवार समुदायबारे थप अध्ययनको आवश्यक' शीर्षकको टिप्पणीले पाठकलाई चाल नपाउने गरी विषयको सैद्धान्तिक गहिराइ र प्राज्ञिक चिन्तनको तहमा पुर्‍याउँदै सतहमा देखिने अनियमितका बारेमा समेत औँल्याएको हुन्छ ।

पेज ९३ को एउटा प्रसङ्गलाई हेरौँ - "२००७ सालपछि चर्चामा आउने नेवारहरू भन्नुको अर्थ भारतीय मूलकै माथिल्ला जनताका पुराना शासकहरू नै 'भारत' का शासकहरू थिए । तर, नेवारहरूको विषयमा राम्रो जानकारीकै अभावमा एकजना भारतीय राजदूतले जातिगत रूपले नेवारहरूलाई भारतविरोधी कल्गी लगाइदिएका हुन् वा पञ्चायतकालका शासनमा बस्ने कर्मचारीहरूले भारतीय राजदूतलाई गलत जानकारी दिएको हुनसक्छ ।"

त्यस्तै पेज ९४ को अनुच्छेदलाई नियालौँ - 'सोझा यस कारणले भनियो होला, चार आना सस्तोमा नेवारको जग्गा किनेर ५/१० आना बनाए पनि तिनीहरू चुप लागे होलान् ! त्यसैले सोझा हुने नै भए । देशभरका जालीफटाहा काठमाडौँ आएर वाग्मती, मनहरा र हनुमन्ते किनार एवम् ऐलानी जग्गामा २/४ जना नेवारलाई साथ लिएर घरजग्गाको व्यापार गरे होलान् । तिनीहरूको अनुभवले नेवारहरू सोझा, मूर्ख वा भेडा त हुने नै भए !'

पुस्तकको प्रकाशकीयमा स्तम्भका साहित्यिक विषयलाई समावेश नगरिएको जनाइए तापनि समावेश गरिएका दुई/चार वटा साहित्यिक आलेखहरूले थप बौद्धिक छलफलका लागि मात्र ढोका खुला गरेको होइन बरु साहित्यले राजनीतिको सेवा गर्नुपर्छ र साहित्यलाई राजनीतिको आलोकमा अध्ययन गर्नुपर्छ भन्ने मान्यताको धरातलमा ती साहित्यको समीक्षा गरेको स्पष्ट झल्किन्छ । पेज १५६ को 'साहित्य र आजको मधुपर्क' को एक प्रसङ्गलाई लिऔँ - शैलेन्द्र साकारका 'मुनाका मदनहरू' ले २०४८ सालपछि ...४० लाखभन्दा बढी युवाहरू र चेलीहरू केहीलाई छोडेर रगतको आँसु बगाउँदै छन्...त्यही अर्थमन्त्रीलाई विदेशी बहुराष्ट्रिय कम्पनीले सन्मान गर्‍यो ।'

त्यसरी नै अर्को साहित्यिक आलेख 'आस्था सांस्कृतिक परिवारको नाटक प्रदर्शनबारे 'बहुलाकाजीको सपना' नाटकको बारेमा गरिएको समीक्षामा राणाकालीन समयमा शासकविरुद्ध उठेको आवाज र नाटकका लेखकले उठाएका अमेरिकी स्वतन्त्रता सङ्ग्राम र फ्रान्सेली क्रान्तिका प्रसङ्गलाई टिप्पणीकार अप्सराले तत्कालीन समयका मध्यम वर्गीय राजनीतिक र सामाजिक चेतना पुँजीवादी क्रान्तिसम्म मात्र पुगेको उजागर गरेका छन् । नेपालका ख्यातिप्राप्त नाटककार विजय मल्ल पनि यही पुँजीवादी क्रान्तिका एक पक्षधर हुन् भनी प्रस्ट्याइको छ ।

अन्तमा, पुस्तकमा केही शुद्धाशुद्धिका त्रुटिहरू देखिएका छन् । लेखकले लेखाइको बहावमा पूर्णविराम नलागेको भनेर केही स-साना कुराहरूलाई छाड्दै अगाडि बढेको हुन्छ । यही क्रममा रामप्रसाद ढकाल हुनुपर्नेमा ढकाल वा रामप्रसाद मात्र भएको हुनसक्छ जसलाई सच्याउनु सम्पादकको दायित्वभित्र पर्छ, सायद । पुस्तकमा तत्कालीन अमेरिकी राज्य सचिव माइक पोम्पेओ हुनुपर्ने स्थानमा पोम्पेओ मात्र भएका जस्ता त्रुटिहरू देखिन्छन्, 'सोभिनिज्म' हुनुपर्नेमा 'च्याउमिन' समेत हुन पुगेको देखिन्छ । समग्रमा पुस्तक पठनीय र सङ्ग्रहनीय छ । साप्ताहिक स्तम्भलाई पुस्तकको रूपमा प्रकाशित गरेकोमा 'श्रमिक' साप्ताहिक टीमलाई साधुवाद तथा नेपथ्यमा बसेर अथक मिहिनेत गरेका साथीहरूलाई मुरीमुरी धन्यवाद !

*(वैशाख १९ गते पुस्तक सार्वजनिकीकरण कार्यक्रममा व्यक्त गरिएको विचारको सार)*

# कानुन पढ्न चाहनुहुने विद्यार्थी भाइबहिनीहरूलाई सुझाव



रामप्रसाद प्रजापति

"मानिसहरूले निन्दा गरून् वा प्रशंसा, धन आओस् वा जाओस्, मृत्यु आजै होस् वा धेरैपछि,

धीर (सिद्धान्तमा अडिग/प्राज्ञ) मानिस न्यायको बाटोबाट एक कदम पनि विचलित हुँदैनन् ।"

**न्याय व्यवस्था तराजुजस्तो**

कानुनको अन्तिम उद्देश्य न्याय हो । सामान्य अर्थमा न्याय भनेको प्रत्येक व्यक्तिलाई उसको हक, अधिकार र योग्यताअनुसार उचित व्यवहार र निर्णय दिनु हो । राज्यले कानुनमार्फत नागरिकको अधिकार संरक्षण गर्नु र विवादको निष्पक्ष समाधान गर्नु पनि न्याय हो ।

सन्तुलन कायम राख्न सक्यो भने समाजमा न्याय व्यवस्थाप्रतिको विश्वास बढ्छ ।

उदाहरणको लागि कसैले अरुको सम्पत्ति जबरजस्ती कब्जामा लियो भने फिर्ता गराउनु न्याय हो । निर्दोषलाई सजाय नदिनु र दोषीलाई कारबाही गर्नु पनि न्याय भनिन्छ ।

मौलिक अधिकारको संरक्षण, पारदर्शिता र जनताप्रति जवाफदेहिता न्यायका मुख्य आधारहरू हुन् । जुन वर्तमान समयमा निकै कमजोर हुँदै गएको देखिन्छ ।

यस्तो समस्याको समाधान वा उपचार प्राज्ञ, इमानदार कानुनकर्मी वा कानुनसेवीहरूले मात्रै गर्न सक्दछ । त्यसैले कानुनसेवीहरूलाई सामाजिक अभियन्ता (Social Engeeniers) पनि भनिन्छ ।

न्याय र समतामूलक समाज निर्माण गर्न आवश्यकताअनुसारको कानुन निर्माण, समयानुकूल संशोधन, परिमार्जन गर्न कानुनसेवीहरूको महत्त्वपूर्ण भूमिका रहने गर्दछ ।

त्यसैले वर्तमानमा पनि कानुन विषयको अध्ययन अध्यापनको महत्त्व झन्झन् बढेको मान्न सकिन्छ ।

**कानुन अध्ययनपछि के गर्ने ?**

कानुन पढ्ने अधिकांश विद्यार्थीहरूको पहिलो रोजाइ वकालत गर्नु रहेको पाइन्छ । तर, वकालत सजिलो र सरल काम भने होइन । यो निरन्तर अध्ययन र सक्रिय अभ्यासको आवश्यकता पर्ने क्षेत्र हो ।

सुरु सुरुमा वकालत गर्दै जाँदा जित्नुपर्ने मुद्दामा पनि हार ब्यहोर्नुपर्ने हुन सक्छ । कहाँ के कमजोरी भयो ? बुझेर अघि बढ्नुपर्ने हुन्छ, निराश हुनु हुँदैन । मुद्दा हार्नुपर्ने होइन, आफूलाई थाहा हुन्छ तर विविध कारणहरूमध्ये के कुन कारणले मुद्दा हारेको भन्ने थाहा हुन्न ।

मुद्दाका कारबाहीको सिलसिलामा पक्षलाई मात्र होइन, वारेस वा कानुन व्यवसायीको हैसियतले सामान्यभन्दा सामान्य काम कुरा (जस्तै : साधारण तारेख, सामान्य निवेदन दर्ता, नक्कल सार्ने, तारेख थाम्ने, निवेदन पेशी) का लागि पनि दिनभरि कुर्नुपर्ने, कर्मचारी, पक्ष वा विपक्षीका नानाथरीका कुरा सुन्नुपर्ने हुन सक्छ ।

अर्को पक्षका मानिसहरूले विपक्षीको वकिल भनेर फरक व्यवहार गर्ने, कुरा काट्ने गर्न सक्छ । कहिलेकाहीं कुनै सेवाग्राहीले त "यो वकिलले गर्दा मुद्दा लाएको, मुद्दा हराएको" भन्ने जस्ता आरोप समेत लगाउन सक्छ ।

अर्को पक्षसँग पैसा खायो होला भन्ने झूटा आक्षेप आई लाग्न सक्छ । तैपनि अविचलित न्यायको कर्ममा लाग्नुपर्ने वकालत पेसाको धर्म हो ।

एउटा सामान्य मुद्दा वा निवेदन दर्ता गर्न पनि धेरै दिन आलताल र हैरानी पाउनुपर्ने हुन सक्छ । अर्को पक्षको कानुन व्यवसायीले अनावश्यक मुद्दा मामिला दायर गरी झन्झट र दु:ख दिन सक्छ ।

त्यसैले कानुन व्यवसायी अर्थात् कानुनसेवीको पेसालाई हाम्रो समाजमा "जस पाउने पेसा होइन" भन्ने गरिन्छ ।

मुद्दा हारेको पक्षले त तपाईंकै कमजोरीको कारणले मुद्दा हारेको आरोप लगाउन सक्छ । विपक्षीसँग मिलेर वा विपक्षीसँग पैसा खाएर मुद्दा हराई दिएको झूटा आक्षेप लगाउन सक्छ । तपाईंकै कमजोरीका कारणले मुद्दा हारेको भन्दै पारिश्रमिक मात्रै नदिने होइन, उल्टै क्षतिपूर्ति चाहिने कुरा गर्न सक्छ । त्यस्ता पक्ष वा सेवाग्राहीलाई कसरी सम्झाउने होला ? वकालत चुनौतिपूर्ण पेसा व्यवसाय पनि हो ।

त्यसैले तपाईले वकालत कर्म गर्नका लागि धेरै वर्षको अध्ययन, मेहेनत र परिश्रम गर्नुभएको छ भने त्यही कुरामा निखार ल्याउने र तपाईंसँग भएको कानुनको ज्ञानरूपी गुणले देश र जनताको सेवा गर्न सकिन्छ भन्ने दृढ निश्चयी भएर न्यायको बाटोमा अविचलित अगाडि बढ्न सकिन्छ ।

यस्तो अवस्थाहरूको कुरा गर्दै गर्दा 'बेकारमा कानुन पढेको' भन्ने पनि पर्न सक्ला । तर, कानुन सबैको लागि आवश्यक पर्ने आधारभूत सामाजिक विज्ञानको एउटा महत्त्वपूर्ण विषय हो । मजदुर, किसान, शिक्षक, कर्मचारी, इन्जिनियर, चिकित्सक, उद्योगी, व्यापारीलगायत जुनसुकै पेसा व्यवसायका व्यक्तिहरूले कानुनको आधारभूत ज्ञान राख्न आवश्यक हुन्छ ।

"कानुनको अज्ञानता क्षम्य हुँदैन" भन्ने कानुनको आधारभूत सिद्धान्तका बारेमा भाइबहिनीहरूलाई मैले धेरै चर्चा गरिरहनुपर्ने आवश्यकता छैन ।

कानुनका विद्यार्थीहरूले नै समाजमा व्याप्त समस्याहरू समाधानका लागि कस्तो कानुन निर्माणको आवश्यकता छ । समाजलाई कुन बाटोमा अगाडि बढाउन कस्तो कानुन निर्माण गर्नुपर्छ ? भन्ने ज्ञान कानुनका विद्यार्थीहरूसँग नै हुने हो ।

**विकल्पहरू धेरै हुनसक्छ**

कानुन अध्ययन गरेका भाइबहिनीहरूले वकालत नै मात्र रोज्नुपर्ने अवस्था पनि छैन । वकालत क्षेत्रमा माथि उल्लेख गरेका जस्ता कैयौं समस्याहरू छन् तर त्यसलाई सुधार गर्न पनि राम्रो वकालत गर्ने इमानदार वकिल/कानुनसेवीहरूको आवश्यकता छ ।

प्रशिक्षक वा परामर्शदाताको रूपमा पनि आफूलाई स्थापित गर्न सकिन्छ । निरन्तर बहुसङ्ख्यक किसान र मजदुरहरूको पक्षमा वकालत गर्नुका साथै सर्वसाधारण जनतालाई कानुनका आधारभूत ज्ञान दिन र समाजमा व्याप्त कुरीति, कुसंस्कार, विकृति, विसङ्गति हटाउनुका साथै अन्यायपूर्ण समाजलाई न्यायपूर्ण बनाउन निरन्तर परामर्श, प्रशिक्षण र अभिमुखीकरण गर्दै जान सकिन्छ ।

अहिले एआईको समय सुरु भएको छ । उद्योग, वाणिज्य, शैन्य रणनीति, विदेश सम्बन्ध, सन्धि सम्झौता, व्यापार व्यवसाय, कर कानुन, करारलगायतका क्षेत्रमा काम गर्न दक्ष कानुनसेवीहरूको माग बढ्दो छ ।

प्रहरी प्रशासनमा पनि इमानदार अनुसन्धानकर्ताहरूको कमी महसुस गर्ने गरेको पाइन्छ । प्रहरीले आफ्नो अधिकारको दुरुपयोग गर्ने गरेको देख्दा प्रहरीलाई 'रक्षक हो कि भक्षक' भन्ने गरेको पनि सुनिन्छ । प्रहरीले आफ्नो इज्जत जोगाउन 'प्रहरी हाम्रो साथी, मुस्कानसहितको सेवा' जस्ता नारा दिने गरेको छ । तर, केही थोरै बदमास प्रहरी अधिकारीहरूका कारण प्रहरी प्रशासन नै बदनाम भइरहेको हामी देख्छौं ।

राष्ट्रसेवक कर्मचारी भएर पनि देश र जनताको सेवा गर्न सक्छौं । शक्ति नै भक्ति भन्दै सत्ता र राजनीतिक शक्तिको आडमा जागिर खाने कर्मचारीहरूबाट धेरै आशा गर्नु बेकारजस्तै छ । उनीहरू आफ्ना मालिकको हितका लागि जे पनि गर्न सक्छन् ।

देश र जनताको नि:स्वार्थ सेवा गर्ने राष्ट्रसेवक कर्माचारी हुन् । विदेशीहरूले अनुचित प्रभावमा पारेर नेपाल र नेपालीलाई घाटा र उनीहरूलाई सामरिक तथा व्यापारिक रूपमा फाइदा हुने सन्धि सम्झौता गर्न गराउन सक्छ । यस्तो अवस्थामा देशको प्रतिनिधित्व गर्ने हैसियत कर्मचारीहरूले पनि राख्न सकिने हुँदा देशको अहितमा हुने कुनै पनि सन्धि सम्झौता नगर्न सचेत पार्ने वा जनतामाझ स्पष्ट गर्न सकिन्छ ।

यसरी इमानदार कर्मचारी भई सेवाग्राही तथा सर्वसाधारण जनतालाई नि:स्वार्थ रूपमा सेवा गर्दा अन्यायमा परेका, अड्डा अदालतको, प्रहरी प्रशासनको झन्झटिलो परिस्थितिलाई बदलेर सेवाग्राहीले आफ्नो घाउमा मलहम लगाउन पाएको जस्तै शीतलता महसुस गर्नेछ ।

राजनीतिमा पनि कानुनका विद्यार्थीहरूको संलग्नता आवश्यक छ । राजनीति सत्ता र सरकारमा पुग्ने उद्देश्यले गर्ने गर्दछ । सत्ता र सरकारमा पुगेपछि कस्तो कानुन निर्माण गर्ने, जनताको सर्वोत्तम हितका लागि आवश्यक कानुन के के हो ? भन्नेजस्ता कुराहरू कानुन अध्ययन गर्ने विद्यार्थीहरूले अझ राम्रोसँग बुझ्न सक्ने हुँदा जनप्रतिनिधिहरू कानुनका विद्यार्थी हुँदा सुनमा सुगन्ध हुन्छ ।

सरकारको नीति निर्माण गर्ने ठाउँमा होस् वा जनप्रतिनिधिको रूपमा कानुन निर्माण गर्ने संसद्मा कानुन अध्ययन गरेका प्रतिनिधिले अझ बढी योगदान गर्न सक्छ । यसरी कानुनका विद्यार्थीहरूले जनप्रतिनिधि भएर पनि सेवा गर्न सकिन्छ ।

संसद्मा हरेक कानुनको अध्ययन, छलफलमा भाग लिने, जनपक्षीय कानुन निर्माणका लागि आवश्यक संशोधन पेस गर्ने, संसद्मा सार्वजनिक सरोकारको बारेमा आफ्नो र दलको धारण राख्ने, हरेक पटक देशको सार्वभौमसत्ताको रक्षा र जनताको नि:स्वार्थ सेवाको लागि दबाब दिने गरेको पाउँछौं ।

**समाजवादी ऐन कानुनको अध्ययन गर्नुपर्ने**

देशको सार्वभौमसत्ताको रक्षाका लागि, देशको सम्पूर्ण प्राकृतिक स्रोत साधन राज्यले मात्रै सञ्चालन गर्न पाउने, जनताका लागि अति आवश्यक शिक्षा, स्वास्थ्य उपचार नि:शुल्क हुने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको व्यवस्था हुनुका साथै रोजगारीको सुनिश्चितता हुने, व्यक्तित्व विकासमा हुने खाने र हुँदा खाने समेतले समान अवसर पाउने व्यवस्थाको ग्यारेन्टी गर्ने कानुन समाजवादी व्यवस्थामा मात्रै सम्भव छ ।

अरुलाई काम गराई, दिनुपर्ने ज्यालामा समेत कमिसन खाएर गरिनेलगायतका शोषणको अन्त्य गर्ने, शोषणविरुद्ध कडा कानुन निर्माण समाजवादी व्यवस्थामा मात्रै सम्भव देखिन्छ । शोषण गरेरै नाफा कमाउने कुरा पुँजीवादी व्यवस्थाको छाया हुने गर्दछ ।

त्यसैले कानुन पढ्न चाहने विद्यार्थी भाइबहिनीहरूले आफ्नो पाठ्यक्रममा अध्ययन गर्नुपर्ने सन्दर्भ पुस्तकहरूबाहेक सुरुदेखि नै समाजवादी देशहरूका संविधान, ऐन कानुनहरूको पनि अध्ययन गर्नु जरुरी छ ।

पुँजीवादी व्यवस्था र समाजवादी व्यवस्थामा निर्माण गरिएका नीति नियम, ऐन कानुनहरूको तुलनात्मक अध्ययन गर्दै व्यापक काम गरी खाने जनताको पक्षमा निरन्तर वकालत गर्नुका साथै देश र जनताको नि:स्वार्थ सेवामा निरन्तर सङ्घर्ष गर्ने सक्नुपर्छ ।

वरिष्ठ राजनीतिज्ञ एवं श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेंले "कानुन पढ्नु भनेको केवल डिग्री हासिल गर्नु होइन, यो देश र जनताको सेवा गर्ने एक पवित्र दायित्व हो" भनी बताउनुभएको छ । त्यसैले कानुनका विद्यार्थीहरू सधैं सचेत र सजग रहनुका साथै समाजमा न्याय स्थापना गर्नका लागि महत्त्वपूर्ण भूमिका खेल्न अग्रसर हुनुपर्दछ ।

भर्खरै सार्वजनिक भएको एसईई उत्तीर्ण गर्नुभएका सम्पूर्ण भाइबहिनीहरूको उच्च शिक्षा अध्ययनको सफलताको शुभकामना छ ।

२०८३ जेठ ३

# चिकित्सक र कर्मचारीहरू आफ्नो पेसाप्रति जिम्मेवार हुनुपर्ने




भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा गएको मङ्गलबार १६७ औं अन्तर्राष्ट्रिय नर्स दिवसको अवसरमा प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा ख्वप अस्पताल सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नर्स दिवसको अवसरमा शुभकामना दिँदै ख्वप अस्पताल परिवारले सधैं देश र जनताको नि:स्वार्थ रूपमा सेवा गर्न तत्पर हुनुपर्छ भन्नुभयो ।

प्रशंसाले संस्था वा व्यक्तिलाई बिगार्न सक्छ र आलोचनाले सुधार्न मद्दत पुऱ्याउँछ भन्दै उहाँले अरुको प्रशंसा र आलोचनालाई सन्तुलित ढङ्गले ग्रहण गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

आफ्नो पेसाप्रति सधैं जिम्मेवार हुन चिकित्सक र कर्मचारीलाई प्रेरित गर्दै उहाँले नर्सहरूले उच्च शिक्षा अध्ययनमा जोड दिँदै आफूलाई समय सोपक्ष ढङ्गले सक्षम र योग्य बनाइराख्नुपर्ने बताउनुभयो ।

नेपाल सरकारले समुदायस्तरमा सञ्चालित स्वास्थ्य संस्था र अस्पतालहरूलाई सहयोग गर्नुपर्ने उल्लेख गर्दै उहाँले जनतालाई सरकारी अस्पतालमै स्वास्थ्य उपचार गराउनुपर्ने मानसिकताको विकास गराउनुपर्ने बताउनुभयो ।

अस्पतालमा आवश्यकताअनुसारको जनशक्ति व्यवस्थापन भए धेरै जनताको सेवा हुने स्पष्ट पार्दै उहाँले अस्पतालले आफूसँग भएको जनशक्ति र बजेट राम्रोसँग परिचालन गरी अगाडि बढ्नुपर्ने बताउनुभयो ।

ख्वप अस्पताल व्यवस्थापन समितिका उपाध्यक्ष एवं उपप्रमुख रजनी जोशीले नर्सिङ पेसा मानव जगतको उच्चतम सेवा हुने पेसा भएको बताउँदै नर्सिङ क्षेत्रमा स्वास्थ्यकर्मीहरूको योगदान र भूमिका सधैं स्मरणीय हुने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष रवीन्द्र ज्याख्वले देश र समाजलाई स्वस्थ बनाउन क्रियाशील नर्सहरूको योगदान सधैं उच्च रहेको बताउँदै स्वास्थ्य सेवा निष्पक्ष ढङ्गले प्रवाह हुनुपर्ने बताउनुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर मजेशप्रताप मल्लले ख्वप अस्पतालमा हाल ७३ जना नर्स कार्यरत रहेको औंल्याउँदै नर्सिङ पेसा स्वास्थ्य क्षेत्रको मेरुदण्ड हो भन्नुभयो । उहाँले नर्सिङ पेसालाई बलियो र विश्वासिलो बनाउने काममा सरकारले जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पताल वार्ड इन्चार्ज नर्स सुजना बासुकला, नर्स रविना सुवाल र जमुना काफ्लेले स्वास्थ्य क्षेत्रमा नर्सको भूमिकाबारे प्रस्ट पार्नुभयो । ख्वप अस्पतालले नर्स दिवसको अवसरमा अस्पतालमा कार्यरत नर्सहरूलाई मायाको चिनो प्रदान गरिएको थियो ।

शैक्षिक सत्र २०८३/०८४ का लागि

प्रि-डिप्लोमा तथा डिप्लोमा तह

सिभिल इन्जिनियरिङमा नयाँ भर्ना सम्बन्धी सूचना

१. आवेदन फाराम अनलाइन भर्ने सम्बन्धी विवरण
- आवेदन फाराम शुल्क : रु.१०००।- (डिप्लोमा)
- आवेदन फाराम शुल्क : रु.५००।- (प्रि-डिप्लोमा)
- आवेदन फाराम भर्ने अन्तिम मिति : २०८३ जेठ १३ गते, बुधबार

२. न्यूनतम शैक्षिक योग्यता

| तह | न्यूनतम शैक्षिक योग्यता |
|---|---|
| डिप्लोमा | SEE मा परीक्षामा समग्रमा 1.6 GPA प्राप्त । |
| प्रि-डिप्लोमा | SEE परीक्षामा सहभागी भई उत्तीर्ण वा NG आएकोले भर्ना पाउने । |

३. आवश्यक कागजातहरू
- एस.ई.ई.को ग्रेड सिट १ प्रति (e-copy)
- जन्मदर्ता वा नागरिकता १ प्रति (e-copy)
- पासपोर्ट साइज फोटो १ प्रति (e-copy)

विस्तृत जानकारीको लागि

वागीश्वरी माध्यमिक विद्यालय

तौलाछेँ, च्याम्हासिङ्ग-९, भक्तपुर

सम्पर्क नं. ०१-६६१४३९१, ०१-६६१३०४१

# देश जोगाउन र बनाउन युवा तयार हुनुपर्ने

किशोर किशोरी र युवाहरूमा देशभक्ति तथा देश र जनताको सेवा गर्नुपर्छ भन्ने भावना जगाउन कम्युनिस्ट पार्टीको शिक्षा दिनु आवश्यक छ। देशमा आमूल परिवर्तनको निम्ति युवाहरूमा सङ्घर्षशील भावना जगाउनुपर्छ। उनीहरूमा राजनीतिक चेत आवश्यक छ। राजनीतिक चेतको कमीले युवाहरू गलत बाटोमा जान सक्छन्। देश बनाउन लाग्नुपर्ने युवाहरू देश जलाउन र जनता भड्काउन लागेमा देशमा गतिरोध उत्पन्न हुन्छ। यसकारण, हरेक राजनीतिक दलले आफ्ना नेता तथा कार्यकर्तालाई सिद्धान्तनिष्ठ बनाउन, इमानदारीपूर्वक राजनीति गर्न अभिप्रेरित गर्नुपर्छ। व्यक्तिगत स्वार्थ राखेर पार्टीमा लागेका लोभी पापीहरू आफ्नो स्वार्थ पूरा भएपछि पलायन हुन्छन्। व्यक्तिगत स्वार्थ पूरा गर्नको निम्ति पार्टीमा लाग्ने र स्वार्थ पूरा भएपछि पार्टी छाड्ने अवसरवादीहरूदेखि सचेत हुनुपर्छ। वर्गशत्रुसँग झुक्न अवसरवादको बाटोमा फसेका र फस्न लागेका कार्यकर्ताहरूदेखि चनाखो हुनुपर्छ।

**व्यक्तिगत स्वार्थ पूरा गर्नको निम्ति पार्टीमा लाग्ने र स्वार्थ पूरा भएपछि पार्टी छाड्ने अवसरवादीहरूदेखि सचेत हुनुपर्छ। वर्गशत्रुसँग झुक्न अवसरवादको बाटोमा फसेका र फस्न लागेका कार्यकर्ताहरूदेखि चनाखो हुनुपर्छ।**

घरको सुख सुविधा छोडेर जनताको सेवा गर्न नचाहने, अनुशासनमा नबस्ने, व्यक्तिगत इच्छा र हितलाई प्राथमिकता दिने, पार्टीको विरोध गरेर सन्तोषको सास फेर्नेहरू पनि समाजमा हुन्छन्। सिद्धान्त र अडान नभएका पद र पैसामा बिक्नेहरू सिद्धान्तनिष्ठ कार्यकर्ता होइनन्। दलले आफ्नो कर्तव्य या जिम्मेवारी पूरा नगरेकै कारण या देश जोगाउन र बनाउने युवा तयार गर्न सरकार चुकेकै कारण देशमा बेथिति बढेको हो, अन्योल छाएको हो। जेठ ३ गते प्रकाशित नेपाल समाचारपत्रमा '९ करोडभन्दा बढीका औषधि म्याद गुज्रेर नष्ट : स्वास्थ्य निकायको लापरबाहीले राज्यलाई ठुलो क्षति' शीर्षकको समाचार छापियो। सोही पत्रिकामा छापिएको 'सुध्रिएन शिक्षा मन्त्रालय, बेथितिका चाङैचाङ' शीर्षकको समाचारले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आफ्नो जिम्मेवारी पूरा नगरेको थाहा हुन्छ। गोरखापत्रमा लेखियो, 'सिंहदरबारकै जग्गा अतिक्रमण।' कान्तिपुरमा लेखियो, 'सरकारको निर्णयमा अदालतको रोक : प्रक्रियामा त्रुटि कि न्यायिक सक्रियता ?'

खोलानाला, नदी र सडक किनारको जग्गामात्र होइन सिंहदरबारको जग्गासमेत मिचिएको खबर सरकारी पत्रिका गोरखापत्रले छाप्यो। स्वास्थ्य निकायको बेवास्ता या लापरबाहीको कारण करोडौं रुपियाँ बराबरको औषधि तथा औषधिजन्य सामग्री नष्ट भएको खबरले देशको रकम खेर गइरहेको अनुभूति हुन्छ। एकातिर सरकारले निर्णय गर्दै जाने अर्कोतिर अदालतले रोक्दै जाने प्रक्रियाले सरकार सही ठाउँमा नभएको या सरकारको निर्णय हचुवा ढङ्गले भएको जनाउँछ। राजनीतिक दलका नेता, मन्त्री, सांसद तथा कार्यकर्ताहरू सिद्धान्तनिष्ठ नहुँदा, विचारमा अडान नहुँदा विशृङ्खलित हुन्छन्। सरकारले हरेक काम विचार पुर्‍याएर गर्नुपर्छ। सैद्धान्तिक अस्पष्टता, निःस्वार्थ र इमानदारीपूर्वक देश र जनताको सेवा गर्नुको सट्टा व्यक्तिगत स्वार्थ पूरा गर्न पार्टी र सरकारलाई उपयोग गर्ने, पुँजीवादी र अवसरवादी विचारकै कारण उनीहरू संशोधनवाद, अवसरवाद, सुधारवादको दलदलमा फसेका हुन्।

सामान्यतया कम्युनिस्ट सिद्धान्त बुझेका र कामदारवर्गको सेवा गर्ने भावनाबाट प्रेरित व्यक्तिहरू पार्टीमा पछिसम्म जुटेका हुन्छन्। सिद्धान्तच्युत र विश्वासघाती नेता तथा कार्यकर्ताहरू लामो समयसम्म पार्टीमा टिक्दैनन्। उनीहरूको भर हुँदैन। विगतमा शासक दलका नेता, मन्त्री र सांसदहरूले जनतालाई राहत हुने खालका काम गर्न सकेनन्। परिणामतः शासक दलका नेताहरू जनतामाझ उदाङ्गिए। धेरै भएपछि अन्न पनि विष हुन्छ भनेझैं उनीहरूको मनपरीतन्त्र, देशविरोधी र जनविरोधी गलत निर्णयकै कारण शासकहरूको बदनाम भयो र गत फागुन २१ गतेको संसद्को निर्वाचनमा 'ठुला' दलले हार व्यहोर्नुपर्‍यो। सैद्धान्तिक ज्ञान र राजनीतिक संस्कृतिमा कमजोर मानिसहरू पार्टीमा नटिकेको देखिन्छ। समाजमा देश र जनताको सेवा गर्ने कार्यकर्ताहरू बढी हुन्छन्। तर, उनीहरूलाई हर क्षेत्र र हर प्रयासबाट दुःख दिइएको हुन्छ; निरास पार्ने कुत्सित प्रयास गरिएको हुन्छ। कार्यकर्ता भाँड्ने, भाँड्न षड्यन्त्र गर्ने, निहुँ खोज्ने, देशको वास्ता नगर्ने, परिवारका सदस्यहरूको मात्र स्वार्थ हेर्ने नेता तथा कार्यकर्ताहरू सङ्कीर्ण विचारका हुन्छन्। उनीहरू गहन अध्ययन गर्दैनन्; हचुवाको भरमा सतही टिप्पणी गर्छन्। यस्तै यस्तै प्रवृतिको विकासले देशमा मनोमानी बढेको हो। यसरी देश बन्दैन; देश बनाउँदैन।

# सीपमूलक तालिमका प्रशिक्षार्थीहरूको अभिमुखीकरण कार्यक्रम



भक्तपुर, ४ जेठ। भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालन हुने हेयर कटिङ, पाक शिक्षा, आधारभूत सिलाइ र एड्भान्स सीपमूलक तालिमका प्रशिक्षार्थीहरूको अभिमुखीकरण कार्यक्रम सोमबार सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आफूसँग भएको सीपको आधारमा आफ्नो पहिचान कायम गर्न मार्गनिर्देश गर्दै जुनसुकै क्षेत्रमा अनुशासन, मेहनत र सामूहिक भावना आवश्यक भएको बताउनुभयो।

कुनै पनि ठुलो र सानो हुँदैन, श्रमको सम्मान गर्ने बानी हामीसँग हुनु आवश्यक छ भन्दै उहाँले आफ्नो काम र पेसा व्यवसायप्रति गर्व गर्न सक्नुपर्छ भन्नुभयो।

एकजना व्यक्तिमा एउटा सीप आवश्यक भएको उल्लेख गर्दै उहाँले भक्तपुर नगरपालिकाले सीपमूलक तालिम सञ्चालन गरी यहाँका नागरिकहरूलाई स्वरोजगार र आत्मनिर्भर बनाउन सहयोगी भूमिका खेल्दै आएको बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नागरिकलाई समाजप्रति उत्तरदायी बनाउनुपर्ने विचार व्यक्त गर्दै तालिम जीवनउपयोगी हुने हुँदा अभिरुचिपूर्वक तालिममा सहभागी हुन आग्रह गर्नुभयो।

प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुर नपाले व्यवसाय दर्ताको लागि अभियान नै सञ्चालन गर्दै आइरहेको स्पष्ट पार्दै तालिम प्राप्त प्रशिक्षार्थीहरूको सीप परीक्षण गर्न आवश्यक रहेको बताउनुभयो।

कार्यपालिका सदस्य रोशनमैंया सुवालले तालिम सञ्चालनको उद्देश्यमाथि प्रकाश पार्दै तालिम लिने प्रशिक्षार्थीहरूलाई उद्यमशील बन्न प्रेरित गर्दै आफूसँग भएको सीपअनुसारको व्यवसाय सञ्चालन गर्नुपर्ने र श्रमलाई सम्मान गर्नु आवश्यक रहेको बताउनुभयो।

उद्योग वाणिज्य सङ्घका गौतम सुजखुले नपाले प्रशिक्षण दिइसकेपछि तालिमको सही सदुपयोग हुनुपर्ने उल्लेख गर्दै व्यापारीले नाफा कमाउने मात्र होइन सरकारी नीति नियममा पनि बस्नुपर्छ भन्नुभयो।

कार्यक्रममा नेपाल बैङ्क लि. का शाखा प्रबन्धक सुनिल थुसाले आफूसँग भएको सीपले भविष्यमा रोजगार र जीविकोपार्जन प्राप्त गर्ने आधार तय हुने विचार व्यक्त गर्दै तालिम लिने प्रशिक्षार्थीहरू आफै उद्यमशील हुन प्रेरित गर्नुभयो।

# के सरकार संसदीय परम्पराको पक्षमा छ ?

सरकारको काम ऐन, कानुन र नियम बनाउनु मात्र होइन, व्यवहारमा लागू गर्नु पनि हो या लागू गर्ने बानी बसाल्नु पनि हो। सरकारले बनाएको नीति तथा कार्यक्रम पारित मात्र गर्ने होइन लागू गर्ने पनि हो। शुक्रबार प्रकाशित विभिन्न पत्रिकाहरूमा 'विरोधबिच नीति तथा कार्यक्रम पारित', 'विपक्षीको विरोध र बहिष्कारबिच सरकारको नीति तथा कार्यक्रम पारित, 'प्रधानमन्त्रीको जवाफबिनै सरकारको नीति तथा कार्यक्रम पारित,' 'विपक्षीको विरोधबिच नीति तथा कार्यक्रम पारित', शीर्षकका समाचारहरू छापिए। विपक्षी दलहरूले विरोध गरे पनि या समर्थन नगरे पनि बहुमतको सरकारले कार्यक्रम पारित गर्नु स्वाभाविक हो। कार्यक्रम पारित गर्नुअघि कार्यक्रमबारे संसद्मा छलफल हुने संसदीय परम्परा हो। संशोधन प्रस्ताव पनि पेस हुन्छ। तर, सांसदहरूबिच व्यापक छलफल हुँदैन। छलफल गहिराइमा पुग्दैन। छलफलको निम्ति समय नै पुग्दैन।

यो वर्ष त छलफलको लागि एकदिनको समय दिएर नीति तथा कार्यक्रम पारित गरियो। वर्ष दिनको निम्ति ल्याइएको सरकारी नीति तथा कार्यक्रममा ५/१० मिनेटभित्र विपक्षी दलका सांसदहरूले आ-आफ्नो दलको राय सुझाव दिनुपर्ने हुन्छ। ५/१० मिनेटभित्र सांसदहरूले कार्यक्रमबारे के सुझाव, सल्लाह दिने या के टिप्पणी गर्ने ? एकातिर सरकारले छलफलको निम्ति समय प्रदान गर्दैन भने अर्कोतिर सरकारले ल्याएको नीति तथा कार्यक्रममा जस्तो कमजोर भए पनि, त्यो कमजोरी औंल्याए पनि सुधार गर्दैन या अरू दलको प्रस्ताव अस्वीकार गर्छ। विपक्षी दलका नेता तथा सांसदहरूले जस्तो राम्रो या अति आवश्यक सुझाव दिए पनि सरकारले टेर्दैन या सुन्दैन। राम्रो सल्लाह र सुझावलाई सरकारले आत्मसात गर्दैन। सरकारका मन्त्रीहरूले सल्लाह सुझाव दिनेलाई धन्यवाद दिनेबाहेक अरू केही गर्दैनन्।

सरकारको कार्यशैली हेर्दा सरकारी नीति तथा कार्यक्रमको छलफल पनि अनौपचारिकजस्तै भएको छ। कुनै सुझाव सल्लाह नस्वीकार्ने, आत्मसात नगर्ने छलफल पनि कस्तो छलफल भन्ने बुद्धिजीवीहरूको विश्लेषण छ। संसदीय यो क्रियाकलाप हेर्दा कस्तो लोकतान्त्रिक पद्धति भन्ने जस्तो हुन्छ। सरकारले कुनै पनि विपक्षी दलको विचार नसुन्ने, सल्लाह सुझाव नमान्ने कस्तो प्रजातान्त्रिक विधि ! यो वर्ष त प्रधानमन्त्रीको उपस्थितिबिनै सरकारी नीति तथा कार्यक्रम पारित गरियो। प्रम बालेन्द्र साहको अनुपस्थितिले संसद्मा हङ्गामा नै भयो। एक दिनको संसद्को बैठक त प्रमकेन्द्रित भयो। प्रमको उपस्थितिबिना संसद्को प्रक्रिया नै अघि नबढाउने भनी कति सांसदले बैठक नै बहिष्कार गरे भने कतिले अवरुद्ध गरे। प्रतिनिधिसभामा उठेका सांसदहरूको जिज्ञासाबारे प्रमले नै जवाफ दिनुपर्ने विपक्षी दलका सांसदहरूको माग थियो। तर, त्यो माग पूरा भएन। अन्ततः विपक्षीको विरोध र बहिष्कारबिच नीति तथा कार्यक्रम बिहीबार पारित भयो।

प्रधानमन्त्री नियुक्त भएदेखि संसद्मा प्रमले सम्बोधन गरेका छैनन्। राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्मा सरकारी नीति तथा कार्यक्रम प्रस्तुत गरेको दिन पनि प्रम बालेन्द्र पूरा समय बसेनन्। कुनै औपचारिक जानकारीबिना नै उनी जुरुक्क उठेर गए। यो राष्ट्रपति, संसद्, मन्त्रिपरिषद् र आफ्नै पार्टीको अपमान भयो भनी सांसदहरूले टिप्पणी गरे। पदको मान मर्यादाको ख्यालै नगरेको जनगुनासो रह्यो। आफूलाई प्रम बनाउने संसद् र जनतालाई उनले धन्यवाद पनि दिएनन्। धेरैले प्रश्न गरे, प्रधानमन्त्रीको संसद्प्रतिको जवाफदेहिता र उत्तरदायित्व खोइ ? नीति तथा कार्यक्रम सरकारको वर्षभरिको काम गर्ने अवधारणा हो, दृष्टिकोण हो। यसका मुख्य जिम्मेवार प्रधानमन्त्री हुन्। यसकारण, सदनमा प्रमको उपस्थिति हुनु राम्रो हो। तर, उनी उपस्थित भएनन्। सत्तापक्षका सांसदहरूले प्रमको जिम्मा अर्थमन्त्रीले लिएपछि टिप्पणी गर्न नपर्ने कुरा उठाए। आफ्नो जिम्मा अरूलाई दिन प्रमलाई के बाध्यता भयो भन्ने प्रश्न पनि उठ्यो। के प्रम बालेन्द्र थला परे ? के प्रम स्वदेशमै छैनन् या कुनै विदेशको कार्यक्रममा संलग्न छन् ? सत्तारुढ सांसदले प्रमको व्यस्तताकै कारण उपस्थित हुन नसकेको जवाफ फर्काए। सरकारी नीति तथा कार्यक्रमभन्दा प्रमको अर्को के व्यस्तता !

सरकारले हरेक क्षेत्र र समुदायमा विधि बसाल्नुपर्छ। मर्यादामा रहेर काम गर्नुपर्छ। प्रमजस्तो जिम्मेवार व्यक्तिले संसद्को मर्यादा नाघ्नु हुँदैन। प्रमले संसद्लाई बेवास्ता गरे पनि रास्वपाका अध्यक्ष रवि लामिछाने किन मौन ! के प्रम बालेन्द्रले देखाएको तमासा सही हो ? के संसद्लाई छल्नु भनेको सरकारलाई छल्नु होइन ? आफ्नो दल रास्वपालाई छल्नु होइन ? जनताको प्रतिनिधित्व गरेको संसद्लाई छल्ने या बेवास्ता गर्ने प्रमको कस्तो चाल ! यसरी नै प्रमले संसद्लाई बेवास्ता गर्दै गयो भने पछिपछि संसद् कसरी चल्छ ?

# शक्तिको आडमा गलत निर्णय गर्न नहुने

सिद्धान्त र विचारमा अडिग रहेर राजनीति नगर्दा, देश र जनताप्रति लात मारेर व्यक्तिगत र दलगत स्वार्थमा भुलेकै कारण विगतमा लामो समयदेखि पालैपालो सरकारको नेतृत्व गर्ने दलका नेताहरूप्रति जनताको असन्तोष बढेकोमा शङ्का छैन। न्याय, समानता, प्रजातन्त्र, मानव अधिकार, विधिको शासनको नाउँमा सत्तारुढ दलले सार्वजनिक सम्पत्ति हडप्नेदेखि देशको राजस्वमा आँखा गाड्ने, विकास योजनामा भ्रष्टाचार र अनियमितता गर्ने शासकहरूको कार्यशैलीले जनता वाक्कदिक्क भएका हुन्। जुनसुकै दलको नेतृत्वमा सरकार आए पनि देश र जनताको सेवा गर्नुभन्दा आ-आफ्नो स्वार्थ मात्र हेरिएकोले गत फागुन २१ गतेको निर्वाचनमा जनताको मत अर्कै दलतिर मोडेको हो। यसका दोषी त्यतिबेलामा सत्तारुढ दलहरू नै हुन्। त्यतिबेलामा सत्तारुढ दलको यो कमजोरीको दोष सरकारमा नपुगेको दललाई दिन नहुने थियो। एमाले र माओवादीले गरेको दोष देशका सबै कम्युनिस्ट पार्टीलाई दिनु उपयुक्त होइन। सरकारले गरेको गल्तीकै आधारमा सबै 'पुराना' दल उस्तै हुन् भनी देश र जनताको सेवा या परिवर्तनको निम्ति सङ्घर्षरत दललाई पनि उही दृष्टिले हेर्नु ठीक होइन। यस्तो गलत सन्देश गएकोले पनि सही राजनीति गर्ने दलमा पनि असर परेको हो।

जनताको बहुमत प्राप्त भएको दलको नेतृत्वमा बनेको सरकारको कार्यशैलीप्रति पनि जनताले औंला ठड्याउँदै आफूले राखेको भोट फिर्ता माग गर्न थालेका छन्। यो सरकारले सतही ढङ्गले निर्णय गरेको कारण जनता असन्तुष्ट हुन थालेका हुन्। निर्वाचनताका र सरकार गठनताका रास्वपाको नेतृत्वको सरकारप्रति जनताको भरोसा र विश्वास थियो। तर, जब सरकारले देखाउने नाउँमा काम गर्न थाल्यो तब सरकारले गरेको काम सही नभएको जनताले नै भन्न थाले। सरकारले गरेको काम सही नभएको विश्लेषण र निर्णय सर्वोच्च अदालतले गर्न थाल्यो। ट्रेड युनियन र विद्यार्थी सङ्गठन खारेज नगर्न, सुकुमवासी बस्तीमा उठिवास नगर्न सर्वोच्च अदालतले आदेश दियो। सरकारका नेता र मन्त्रीहरूले सही विश्लेषण नगर्दा, गहिरिएर नसोच्दा संसद् पनि अवरुद्ध भयो। सरकारी नीति तथा कार्यक्रम रास्वपा सरकारकै हो। नीति तथा कार्यक्रम प्रस्तुत भएको बैठकमा अन्तिम समयसम्म प्रधानमन्त्रीको उपस्थिति हुनुपर्थ्यो। सरकारी नीति तथा कार्यक्रमबारे सांसदहरूले उठाएका जिज्ञासाको जवाफ प्रमले दिनु नै जाती हुन्छ। तर, प्रम संसद्मा उपस्थित भएनन्। अतः संसद् अवरुद्ध भयो। यस मामिलामा पनि सरकार चुक्यो।

संवैधानिक परिषद्ले गरेको निर्णय पनि विवादमा पर्‍यो। प्रधानन्यायाधीश नियुक्तिको विवाद पनि सेलाएको छैन। यसरी संवैधानिक परिषद् गठन र प्रधानन्यायाधीश नियुक्तिमा पनि प्रत्यक्ष या अप्रत्यक्ष रूपमा राजनीतिकरण भयो। त्यस्तै, विद्यालय भर्ना अभियान र विद्यालय सञ्चालन पनि विवादमा पर्‍यो। कुनै कर्मचारी, शिक्षक, राजनीतिक दलमा लागेमा कारबाही हुने या सेवाबाट मुक्त हुने व्यवस्था सरकारले ल्यायो। कुनै पेसामा रहेका व्यक्तिले आफ्नो जिम्मेवारी छोडेर राजनीतिमा लागेर पदको दुरुपयोग नगर्न खबरदारी गर्नु अन्यथा होइन। कुनै पेसामा कार्यरत रहेको आधारमा राजनीति गर्नै नपाउने सरकारी नीतिलाई कसरी सही मान्न सकिन्छ ?

सत्ता र शक्तिको आडमा विगतमा भएका गलत कार्य र निर्णय जसरी गलत थियो; त्यस्तो खालको निर्णय अहिले पनि गलत नै हुन्छ। विदेशी शक्ति राष्ट्रबाट सञ्चालन भइरहेको बारबरा फाउन्डेसन हटाउनेतर्फ सरकारको ध्यान नगइकन आफ्नो पेसाको हक हितको निम्ति लड्ने र देशको रक्षा गर्न सङ्घर्षरत विद्यार्थी सङ्गठन खारेज गर्नेतर्फ किन ध्यान गयो ? सरकारले विदेशी गैरसरकारी सङ्गठनको संरक्षण गरेर नेपालको पेसागत सङ्गठन खारेज गर्नेतर्फ लाग्ने वर्तमान सरकार कहाँबाट सञ्चालित रहेछ भन्ने कुरा अड्कल गर्न कठिन छैन। यो सरकारले एमसीसी र एसपीपीको कार्यक्रमबारे बोलेको छैन। सरकारको तर्फबाट भएको गलत कामको समाधान गर्नुको सट्टा निरन्तरता दिनेतर्फ सरकार लागिपरेको छ। सुकुमवासी बस्ती हटाउने सन्दर्भमा रास्वपाबाट निर्वाचित सांसदहरूको घर नभत्काएको विषय पनि चर्चा बन्यो। ऐलानी जग्गामा बनेको घर भत्काउन सरकारले आनाकानी गरेको देखियो। बस्ती भत्काउने काममा सरकारले विभेद गर्‍यो। यसर ी सरकारको कार्यशैली पहिलो गाँसमै ढुङ्गाजस्तै साबित भयो। देशको नेतृत्व गर्न या सरकार सञ्चालन गर्न जोश जाँगर मात्र भएर पुग्दैन व्यावहारिक ज्ञान पनि खाँचो हुन्छ। सैद्धान्तिक, वैचारिक पक्षको पनि ख्याल गर्नुपर्ने हुन्छ।

कविता

## के दुईतिहाइ मनपरी हो ?

• स्नेह

प्रधानन्यायाधीश
कहिले नेपाली काङ्ग्रेस !
कहिले एमाले ! कहिले रास्वपा !
न्यायाधीशहरूबिच निर्वाचन गरिए
निष्पक्ष र तटस्थ हुने होइन ?
के दुईतिहाई मनपरी हो ?

श्रमिकको टेड युनियन
सविधानको धारा ३४ मा छ
निजी क्षेत्रमा यो अनिवार्य हुन्छ
के यो अधिकार खोस्न मिल्छ ?
अदालतले खोस्न सक्छ ?
के दुईतिहाई मनपरी हो ?

२०८३ जेठ ३

# नयाँ साबित हुन विचार नयाँ हुनुपर्छ




भक्तपुर । भक्तपुर जिल्ला बक्सिङ सङ्घको आयोजनामा नवनिर्वाचित पदाधिकारीहरूलाई प्रमाणपत्र वितरण कार्यक्रम च्वङा गणेशस्थान सल्लाघारीमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "खेलकुद स्वास्थ्य, मित्रता, अनुशासन र सार्वभौमिकता रक्षाको लागि हो । सार्वभौमिकता भनेको भित्री वा बाहिरी शक्तिसँग नेपाली जनता झुक्न नपर्ने अवस्था हो ।"

"कतिपय देशमा विद्यालय र कलेजको लागि पर्याप्त खेल मैदानको व्यवस्था गरिएको हुन्छ । नेपालको धेरै विद्यालय र कलेजमा पर्याप्त खेलमैदान छैन । यसकारण, नेपाली युवा-विद्यार्थीलाई खेलकुदमा लाग्ने अवसर प्राप्त भएन ।" उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "मानिस श्रम गर्ने र भाषा बोल्ने हुँदा पशुसँग भिन्नता भएको हो । श्रमसँगै मानिसको मस्तिष्क थप विकास हुँदै आएको हो । मानिसले पृथ्वीको जन्म र जीव विकासबारे विज्ञानसम्मत सोचाइ राख्नु जरुरी छ । एउटा मकैको बीउबाट मकैको घोगा लागेजस्तै राम्रा खेलाडीबाट धेरै नयाँ खेलाडी तयार हुनेछ । सरकारले यही लक्ष्यलाई अघि बढाउनु आवश्यक छ ।"

उहाँले भन्नुभयो, "नयाँ पुस्ताका प्रधानमन्त्री र मन्त्री बन्नु नै पर्याप्त होइन, विचार नयाँ हुनु जरुरी छ । रास्वपा सरकारको आर्थिक र विदेश मामिलामा मौलिक भिन्नता छैन, रास्वपाले विधानमा शोषणरहित समाज उल्लेख गरेको छ । यसको लागि उत्पादनका साधन सामाजिक हुने तथा योग्यतानुसार काम र कामअनुसार पारिश्रमिकको व्यवस्था हुनु आवश्यक छ ।"

"रास्वपाको निर्वाचन वाचापत्रमा आर्थिक उदारीकरण उल्लेख छ । यसको अर्थ सार्वजनिक संस्थान निजीकरण गर्ने, विदेशी पुँजी र ऋण ल्याउने र अन्ततः देशलाई नवउपनिवेश बनाउने हो ।" उहाँले थप्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "रास्वपा सरकारको पौने दुई महिनायता असी हजार युवालाई वैदेशिक रोजगारीमा पठाइयो, इन्धनको मूल्य चारपटक बढ्यो, विदेशी ऋण ८० अर्बले बढ्यो । यसकारण, रास्वपा सरकारबाट देश र जनताको निःस्वार्थ सेवा हुने अवस्था छैन ।"

कार्यक्रममा भनपा वडा नं ७ का वडाध्यक्ष उकेश कवांले जिल्ला बक्सिङ सङ्घले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको खेलकुद विकासमा छलफल गरिरहेको सकारात्मक भएको बताउँदै राज्यले खेलको प्रवर्द्धन गर्न खेलाडीको सीपअनुसारको रोजगारी दिनुपर्ने बताउनुभयो ।

खेलकुद विश्वविद्यालय नभएसम्म खेलाडीको शैक्षिक क्षेत्र अगाडि नबढ्ने उहाँको तर्क थियो ।

उहाँले सङ्घ र प्रदेशका साथै जिल्ला सङ्घहरूले वार्षिक कार्यतालिका बनाई खेलकुद गतिविधि अगाडि बढाउनुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाल बक्सिङ महासङ्घका महासचिव मानबहादुर भण्डारी, कोषाध्यक्ष गौतम सुजखु, बाग्मती प्रदेश बक्सिङ सङ्घका अध्यक्ष रामचन्द्र थापामगरले पनि बोल्नुभएको थियो । नेपाल बक्सिङ महासङ्घका सचिव पुष्करराज पन्तले नवनिर्वाचित भक्तपुर जिल्ला कार्यसमितिलाई शपथग्रहण गराउनुभयो ।

वरिष्ठ उपाध्यक्ष सुरज ग्वाछा र सचिव साजन लघुले पनि बोल्नुभएको उक्त कार्यक्रममा उपाध्यक्ष राजन कुम्पाखले गीत प्रस्तुत गर्नुभएको थियो ।

भक्तपुरमा भक्तपुर बक्सिङ सङ्घका नवनिर्वाचित पदाधिकारीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

# विद्यालय सभ्यता र संस्कार सिकाउने थलो




भक्तपुर । बाल विकास सेकेन्डरी स्कूलबाट एसईई परीक्षा २०८२ मा उत्तीर्ण विद्यार्थीहरूलाई बधाई तथा बिदाइ कार्यक्रम शनिबार होटेल चौतारी नगरकोटमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले विद्यालयहरू नयाँ पुस्तालाई ज्ञानविज्ञानका साथै सभ्यता र संस्कार सिकाउने थलो बन्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले पुँजीवादी व्यवस्थामा कतिपय ठुला भनिएका विद्यालयले विद्यार्थीलाई उच्छृङ्खलता र छाडापनमा रमाउन सिकाएको भन्दै बालबालिकालाई त्यसबाट टाढा राख्नुपर्ने कुरामा जोड दिनुभयो ।

उहाँले जीवनमा आफूलाई सहयोग गर्ने अग्रजहरूप्रति कृतज्ञ बन्न नसक्ने मानिस पछि गएर पश्चातापमा पर्ने बताउनुभयो ।

अहिले देशलाई साँच्चै माया गर्ने शिक्षक, राजनीतिज्ञ, समाजसेवी, लेखक, विचार आवश्यक रहेको बताउँदै उहाँले यस्ता कुरा सिक्न नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) जस्ता उदाहरणीय व्यक्तित्वको जीवनी पढ्नुपर्ने बताउनुभयो ।

उहाँले किताबले मात्र सबै कुराको ज्ञान दिन नसक्ने भएकोले समय, समाज, परिस्थिति र इतिहासबाट सिक्न र जुन पेसा वा विषय रोजे पनि त्यसमा राम्रो बन्छु भन्ने भावना मनमा राख्न विद्यार्थीलाई सल्लाह दिनुभयो ।

आफूले पढेको विद्यालय, गुरुजन, समाज तथा आफू जन्मेको माटोलाई नबिर्सन उहाँले विद्यार्थीलाई आग्रह गर्नुभयो ।

उक्त अवसरमा वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले व्यक्तिले राजनीतिलाई छोडे पनि राजनीतिले व्यक्तिलाई नछोड्ने भएकोले जुन पेसामा लागे पनि समाजका खराबीप्रति खबरदारी गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले राज्य शिक्षा, स्वास्थ्यजस्ता विषयप्रति उदासीन रहेको अवस्थामा पनि बाल विकासजस्तो गुठीबाट सञ्चालित गैरनाफामूलक विद्यालयले केही आशा जगाएकोमा खुसी व्यक्त गर्नुभयो ।

उहाँले आ-आफ्नो क्षेत्रमा असल र योग्य बनी समाज र देशको सेवा गर्न विद्यार्थीलाई आग्रह गर्नुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, संस्कृति तथा सम्पदा संरक्षणको क्षेत्रमा राम्रो काम गरिरहेको उदाहरण प्रस्तुत गर्दै भक्तपुरमै गुणस्तरीय उच्च शिक्षा हासिल गर्ने वातावरण रहेको बताउनुभयो ।

उहाँले आफूले अध्ययन गरेको संस्था र पढाउने गुरुहरूलाई भुल्न नहुने बताउनुभयो ।

ख्वप अस्पतालका मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले विद्यार्थीले आफ्नो क्षमता चिन्नुपर्ने तथा अरूको लहैलहैमा लाग्न नहुने धारणा व्यक्त गर्नुभयो ।

उहाँले पैसा कमाउने उद्देश्यले भन्दा पनि समाज र देशका लागि केही गर्छु भन्ने भावना लिएर अघि बढ्न विद्यार्थीलाई अनुरोध गर्नुभयो ।

त्रिविका सह-प्राध्यापक तारालाल श्रेष्ठले विद्यार्थीलाई अरूले के भन्छ भन्दा पनि तपाईंको भित्री हृदयले के भन्छ त्यही विषय छान्नुहोस् भन्नुभयो ।

कानुन अध्ययन समाजका अध्यक्ष एवम् अधिवक्ता रामप्रसाद प्रजापतिले अहिले हरेक क्षेत्रमा खराबहरूको बिगबिगी रहेको बताउँदै विद्यार्थीलाई जुन क्षेत्रमा लागे पनि असल र इमानदार बन्न आग्रह गर्नुभयो ।

उहाँले कानुनको आवश्यकता जतासुकै पर्ने भएकोले सबैले कानुनको जानकारी राख्नुपर्नेमा जोड दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा शिक्षिका सीतालक्ष्मी प्रजापतिले स्वागत गर्नुभएको थियो भने शिक्षकहरू सूर्यबहादुर पञ्च, शङ्कर आचार्य, विशाल राजचल, सृष्टि प्रधान र चिनियाँ भाषा शिक्षिका सोफियाले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो ।

पूर्वविद्यार्थीद्वय डा. सुनिता धन्छा र आर्किटेक्ट आयुषा प्रजापति तथा विद्यार्थी प्रतिनिधिहरू मोहितराज गोसाई, अनिम छुस्याबाग, बैबिदलक्ष्मी बाहाला र अनुष्का तामाङले आफ्नो विद्यालय जीवनको अनुभव सुनाउनुभएको थियो ।

सङ्गीत शिक्षकहरू पुरुषोत्तम सुवाल, रियाज बासुकला र विजेश्वरी फैजूले साङ्गीतिक प्रस्तुति राखेको उक्त कार्यक्रमको अन्त्यमा विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुका साथै खादा ओढाएर बिदाइ गरिएको थियो ।

**एकक्षण** | **प्रधान**

# कामको परीक्षा, भाषण र ध्वंशले होइन गरेरै देखाउने हो

नेपाली काङ्ग्रेस र एमालेजस्ता आफूलाई वर्षौंसम्म देशलाई शासन गरेको दम्भ गरी आएका दलहरूले भने, "...बिजुलीदेखि तर्सदै छन् ।" दुर्दशा एक्लै आउँदैन भने जस्तै नेकामा पनि विभाजन देखियो - एमालेको पनि विभाजन भयो । तर, ती दुवै शासक दलहरू एक प्रकारको हीनताबोध र अपराधबोधमा कमी-कमजोरीहरूले आरामसित सुत्नै नसक्नु मानसिक पीडा हो । रामायण र महाभारतजस्ता प्राचीन साहित्यमा पनि सत्ताको मातमा अनेक मानवीय मूल्य, मान्यता र नैतिकतालाई बलले मिचेको पाइन्छ । भीष्म पितामहले सबै पात्रहरूको पापको परिणाम दुःख र कष्टपूर्वक अङ्गीकार गरे । उनले राजनीति, साहित्य र समाजमा आ-आफ्ना कर्तव्य पूरा गर्ने र नगर्नेहरूका चरित्रलाई केस्रा केस्रा केलाए । आज दक्षिण एसियामा मात्रै होइन, पूर्वी एसिया र संसारमा युद्धको शान्ति, सद्विचार एवं सदाचारबाट सिक्दै छन् र सिक्न नसकेकोमा पछुताउने पनि छैन । प्यालेस्टिनीहरूको वंश नास गर्ने अमेरिकी र इजरायली राष्ट्रपतिको जघन्य अपराधको निम्ति ढिलो वा चाँडै सजाय हुन्छ नै ।

२०८२ को भदौ २३-२४ को हत्या, हिंसा र आगजनी सान्है छोटो घटनाजस्तो मात्रै देखिए । जस्तोसुकै छोटो समयको घटना भए पनि त्यसले जिम्मेवार शासक दलहरू, राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरू एवं कानुनी र गैरकानुनी ढङ्गले ठुलठुला सम्पत्ति जोडेर आज पाप अनुभव गर्नमै मत्ता भएका शासकहरूका आउरे बाउरे, देश र विदेशमा पैसा लगानी गरेका ठेकेदार नक्कल र सक्कली व्यापारीहरू र तस्करहरू हरेक रात संत्रासमा होलान् ।

३१ वैशाख २०८३ को 'अन्नपूर्ण पोस्ट' ले 'संसद्ले खोजिरह्यो, प्रधानमन्त्री भन्ने तर्किरहे', 'आवरण समाचार' बन्यो भने टिप्पणी पनि लेख्यो - "संसद्प्रति प्रधानमन्त्रीको जवाफदेहिता' शीर्षक बन्यो । पूर्वप्रधानमन्त्रीहरू र अर्थमन्त्रीहरू थरथर काँप्दै थिए होलान् टीभीमा पनि संसद्का दृश्यहरू हेर्दै !

खोइ त पुराना शासक दलका नेताहरू र 'नियम आपत्ति गर्ने' युवा सांसदहरू ! कसैले संसद्मा उठेर 'संसद्प्रति प्रधानमन्त्रीको उपेक्षा किन ?' भनी प्रश्न उठाएको भए नयाँ सांसदहरू सायद एकै आवाजमा भन्ने थिए - "हामीले जनतालाई उपेक्षा गरेका छैनौँ, हामीले जनतालाई छलछाम गरिररहेका छैनौँ ।"

त्यस्तो अवस्थामा नेपाली काङ्ग्रेस, एमाले, एमाओवादी, राप्रपा, जनमोर्चा, अनेक नाउँका मधेसवादी दलहरूका प्रतिनिधिहरूले भन्थे होला- "संसारको मौसम राम्रो छैन ।"

XXX

२३-२४ भदौ २०८२ का 'नयाँ पुस्ताका युवाहरू' र अनेक देशी र विदेशी लुगामा सजिएका बेरोकटोक आफूलाई लङ्का दहन गर्दाको स्थानमा राखेर हेर्नेहरूले भोलि-पर्सिपल्ट नै देशका सबै अनियमितता, भ्रष्टाचार र बेमेलहरूको ठाउँमा आफूहरूले कल्पना गरेजस्तै राता-रात सबै काठमाडौं सुनै सुनका गगनचुम्बी भवनले ठाउँ लिने होलान् र काठमाडौंको फोहोर बन्दोबस्त दिल्ली र वासिङ्गटनभन्दा राम्रो सफा भइसक्ने छन् र हरेक 'नयाँ पुस्ता' का युवा युवतीहरूको खल्ती खल्ती र झोलाहरूमा सुनकै मुद्रा होलान् भनी मनको लड्डु थिए होला !

किन ? नेपाली 'नयाँ पुस्ता' लाई 'क्रान्ति' ल्याउने वा द्रुतत्तर परिवर्तन गरिदिने आश्वासन दिनेहरूले छोटोछोटो भाषण दिँदा सपनाजस्तै थियो होला ! तर हाम्रा 'नयाँ पुस्ताका भाइबहिनीहरूले' उपत्यकाको फोहर फाल्ने ठाउँ देखेपछि बुझ्ने छन् काम गर्न त बाँकी रहेछ धेरै धेरै !

३१ वैशाख २०८३ को 'राजधानी' कै 'स्मार्ट टेलिकममा ३० अर्बको स्मार्ट छलछाम प्रकरण', 'सीईओ पाण्डे पक्राउ', पूर्वसञ्चारमन्त्री खरेलविरूद्ध अनुसन्धान जारी', 'तिर्नुपर्ने ४० करोड रकम बैङ्कमै' आदि .... ।

'स्वास्थ्य संस्थामा बेथिति' 'म्याद गुज्रिएका करोडौंका औषधि मौज्दात, महँगा उपकरण प्रयोगविहीन ।' 'एक वर्षमै ८५ अर्ब राजस्व छुट' (नागरिक दैनिक, ४ जेठ २०८३) धेरै सम्भव अर्थमन्त्रीले विदेशी पुँजी ल्याए पनि ती सबै रकम नेपालको ऋण बनाई विदेशी पुँजीलाई खुसी पार्ने सम्भावना छ । सत्तामा ल्याउनेहरूको ऋण त तिर्नै पर्‍यो जनताकै बजेटबाट !? (कान्तिपुर, ३१ वैशाख २०८३)

**पुँजीवादी...**

गरिरहेका हुन्छन् । सिद्धान्त र विचारलाई आत्मसात गर्ने व्यक्तिहरू कुनै व्यक्तिसित भएको वादविवाद, असन्तोष या मतभेदको आधारमा आफू लागिपरेको दल छोड्दैनन्; दल छोड्न अघि सर्दैनन् र अरू दलका उम्मेदवारलाई मतदान गर्दैनन् । कसैसँगको रिस, विवादको आधारमा अर्को दलका उम्मेदवारलाई मतदान गर्नु भनेको आफ्नो दलको सिद्धान्तको विरोधमा लाग्नु हो; त्यो एक प्रकारको विश्वासघात हो । सिद्धान्त र विचारमा अडान नभएका कार्यकर्ताहरूले के देश र जनताको सेवा गर्लान् ? के उनीहरू देशमा आमूल परिवर्तन गर्न लाग्लान् ? सङ्कीर्ण विचारका नेता तथा कार्यकर्ताहरूको विचारमा सुधार ल्याउन कम्युनिस्ट पार्टीले अझै पुराना तथा नयाँ कार्यकर्तामाझ पुगी सङ्गठन गर्नुपर्ने खाँचो छ । कुनै कार्यकर्ता या साथीभाइको विवाद र असन्तोषको कारण आफ्नो मत विश्वासिलो पार्टीलाई नदिई अरू पार्टीलाई दिएर के मन शान्त हुने हो ?

आफू काम नगर्ने, आफ्नो गल्ती छोप्न अरू कार्यकर्ताको मात्र विरोध गर्ने व्यक्तिहरूको काम के सही हो ? अरूको विरोध गरेर आफ्नो गलत काम सच्चिने होइन । यसकारण, पार्टीमा आबद्ध कुनै पनि नेता तथा कार्यकर्ताहरूमा द्वैधचरित्र हुनु हुँदैन । आफ्नो अपराध छोप्न पार्टी छोड्ने, व्यक्तिगत समस्यालाई लिएर पार्टीको विरोध गर्ने र अरू दललाई मतदान गर्ने व्यक्तिहरू सच्चा कार्यकर्ता होइनन् । उनीहरू अवसरवादी हुन् । सानो स्वार्थको निम्ति ठुलो उद्देश्य भुल्ने या बाटो बिराउने कार्यकर्ताहरू सच्चिनुपर्छ । अतः नयाँ होस् या पुरानो कुनै दलको मूल उद्देश्य, सिद्धान्त र विचार थाहा नपाइकन साथ दिने, त्यस्तो पार्टीको पछि लाग्ने काम बुद्धिमानी होइन ।

**युवाहरूले...**

"युवाहरूको रुचि र आवश्यकतालाई मध्यनजर गर्दै यस्ता कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ," उहाँले बताउनुभयो ।

तालिममा रेडियो कान्तिपुरका सञ्चारकर्मी तथा कार्यक्रम प्रस्तोता किरण सुवाल प्रशिक्षकको रूपमा र हनुभएको थियो । १० दिनसम्म सञ्चालन भएको तालिममा सहभागीहरूलाई उद्घोषण कला, प्रभावकारी प्रस्तुति शैली, स्रोतासँग अन्तरक्रिया तथा व्यावसायिक सञ्चारसम्बन्धी व्यावहारिक प्रशिक्षण प्रदान गरिएको थियो ।

कार्यक्रमको सञ्चालन वडा नं. १ शिक्षा समितिका सदस्य लक्ष्मीसुन्दर सुवालले गर्नुभएको थियो भने वडासचिव विजय लोहलाले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

प्रशिक्षार्थीहरूको तर्फबाट पियुस पक्का र रोशनी हाडाले तालिम अवधिभरका आ-आफ्नो अनुभव सुनाउनुभएको थियो । प्रमुख अतिथि सुवालद्वारा सम्पूर्ण प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

**सुर्खेतमा...**

युवा विद्यार्थीको आयोजनामा भएको कार्यक्रम नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ सुर्खेतका सचिव सर्मिला विकको अध्यक्षतामा सम्पन्न भएको थियो ।

भेलाले टीकाप्रसाद पोखरेलको अध्यक्षतामा ११ सदस्यीय कर्णाली कला साहित्य समाज गठन गरेको छ ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३